# जिराभवानी गाउँपालिका
# शिक्षा क्षेत्रको योजना

(२०७९/८०-२०८८/८९)

Education Sector Plan – 2022/23-2031/32




प्रकाशक

## जिराभवानी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

सेढवा, पर्सा

# शिक्षा क्षेत्रको योजना
# जिराभवानी गाउँपालिका २०७९/८०-२०८८/८९



| | |
|---|---|
| **तयारकर्ता** | जिराभवानी गाउँपालिका, पर्सा |
| **प्रकाशक** | जिराभवानी गाउँपालिका, पर्सा |
| **सर्वाधिकार** | प्रकाशकमा |
| **प्रकाशन मिति** | फागुन २०७९ |

## गाउँपालिका अध्यक्षको सन्देश

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐनले आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी अधिकारहरू स्थानीय तहलाई हस्तान्तरण गरेको अवस्थामा विद्यालय शिक्षा लगायत समग्र शिक्षा क्षेत्रमा सुधारको लागि गाउँपालिकाले बार्षिक योजनामा शिक्षामा विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको सर्वविदित नै छ। तथापि सबैका लागि गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्न नसकिनु, विशेष तथा लक्षित समूहका बालबालिकाको पहुँच सुनिश्चित गर्न नसकिनु, भर्ना भएका विद्यार्थीको निरन्तरता कायम गर्दै अपेक्षित रुपमा सिकाई उपलब्धि हासिल हुन नसक्नु, सबै विद्यालयमा तहगत र विषयगत शिक्षक व्यवस्थापन गर्न नसक्नु जस्ता प्रमुख समस्या कायमै छ । जिराभवानी गाउँपालिकाले यस पालिकाको शैक्षिक सुधार गरी समग्र पालिकाको विकासको लागि प्रतिबद्ध रहेको छ । शिक्षा सम्बन्धी आवश्यकता पहिचान गरी समय समयमा विभिन्न सरोकारवालाहरुसंग छलफल र परामर्श गरी शिक्षाको क्षेत्रमा विभिन्न क्रियाकलाप हुदै आएको छ। ।

शिक्षा क्षेत्रको सुधारको लागि जिराभवानी गाउँपालिकाले बार्षिक रुपमा शिक्षा सम्बन्धी योजना तथा कार्यक्रमहरु तयार गरी गाउँपालिकाले स्थानीय तहको शिक्षामा विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको सर्वविदित नै छ। स्थानीय तहको निर्वाचन पश्चात स्थानीय तहमा दिएको अधिकार अनुरुप स्थानीय सरकार सञ्चालन ऐनले आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी अधिकारहरू स्थानीय तहलाई हस्तान्तरण गरेको अवस्थामा विद्यालय शिक्षा लगायत समग्र देश विकासका लागि शिक्षा क्षेत्रको योजनाले मार्गदर्शन गर्दछ । यो निरन्तर चलिरहने प्रक्रिया हो । यसैका आधारमा राष्ट्रले अपेक्षा गरेका उपलब्धिहरु हासिल भई समृद्धि तर्फ उन्मुख हुन्छ । जिराभवानी गाउँपालिकाले यस पालिकाको शैक्षिक सुधार गरी गुणस्तरीयता ल्याउन शिक्षा क्षेत्रको दस बर्षीय योजना (२०७९/८०-२०८८/८९) तयार गरिएको हो ।

प्रस्तुत शिक्षा क्षेत्रको योजना लाई मार्गदर्शनको रुपमा लिई आगामी वर्षहरुमा शैक्षिक कार्यक्रमहरु तयार गर्दै अगाडि बढ्ने अपेक्षा गाउँपालिकाले राखेको छ। यस शिक्षा क्षेत्रको योजना निर्माणमा सामाजिक विकास समिति, शिक्षा युवा तथा खेलकुद शाखा, शिक्षा क्षेत्रको योजना निर्माण समिति, प्राविधिक समिति र सम्पूर्ण महानुभावहरुको सहयोग, सुझाव, सल्लाहप्रति विशेष धन्यवाद दिन चाहन्छु।

**अनोज चौधरी**

अध्यक्ष

जिराभवानी गाउँपालिका

पर्सा

## गाउँपालिका उपाध्यक्षको सन्देश

जिराभवानी गाउँपालिकाले यस पालिकाको शैक्षिक सुधारका लागि विभिन्न योजना तथा कार्यक्रमहरुद्वारा निरन्तर रुपमा अगाडि बढाईरहेको छ। यसै क्रममा विद्यालय शिक्षा क्षेत्रको वर्तमान अवस्था, आवश्यकता आदि पहिचान गरि विश्लेषण गर्न सहज हुने उद्देश्यले यो शिक्षा योजना समेत हरेक बर्ष अद्यावधिक हुने गरि तयार गरिएको छ ।

स्थानिय तहले आफ्नो आफनो क्षेत्रको आर्थिक, सामाजिक र पुर्वाधार विकासको लागि आवश्यक आवधिक र रणनितीक विषय क्षेत्रका दीर्घकालीन, मध्यकालीन र बार्षिक योजना बनाउनुपर्ने कानुनी प्रावधान रहेको छ । नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तीन तहको सरकारको व्यवस्था गरेको छ । यस संविधानले तीन वटै तहको अधिकार र कार्यक्षेत्र तोकोको छ । शिक्षामा सबैको पहुँच, समान सहभागिता, सिकाईमा सुधार, लैङ्गिक तथा सामाजिक भेदभावरहित अवसर, सक्षम विद्यालय व्यवस्थापन, गुणस्तरीय तथा प्रभावकारी शिक्षाको सुनिश्चितताका लागि स्थानीय तहमा गाउँ शिक्षा योजना तथा शैक्षिक पार्श्वचित्र निर्माण गर्नुपर्ने आजको प्रमुख आवश्यकता हो । दिगो विकासका लागि शिक्षा, अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, शिक्षाका राष्ट्रिय लक्ष्य तथा अन्तराष्ट्रिय प्रतिबद्धता साकार पार्न स्थानीय तहले सरोकारवाला विभिन्न पक्षहरुसँग मिलेर शिक्षालाई सर्भसुलभ बनाउने कार्यमा प्रस्तुत गाउँ शिक्षा योजनाले महत्वपूर्ण योगदान पुयाउँछ ।

जिराभवानी गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखाले यस पालिकाको शैक्षिक सुधारका लागि विभिन्न योजना तथा कार्यक्रमहरुद्वारा निरन्तर रुपमा अगाडि बढाईरहेको छ। यसै क्रममा विद्यालय शिक्षा क्षेत्रको वर्तमान अवस्था, आवश्यकता आदि पहिचान गरि विश्लेषण गर्न सहज हुने उद्देश्यले यो शिक्षा शिक्षा क्षेत्रको योजना तयार गरिएको हो । )यो योजनाले आगामि वर्षहरुमा शैक्षिक निति तथा कार्यक्रम हरु तयार गर्ने क्रममा मार्गदर्शकको रुपमा काम गर्ने विश्वास लिएको छु । यो आवधिक शिक्षा योजना तयार गर्न मा सहयोग गर्नुहुने सम्पुर्ण सरोकारवालाहरुलाई हार्दिक धन्यवाद तथा यसको सफल कार्यान्वयनको लागि शुभकामना व्यक्त गर्दछु ।

**रेखा चौधरी**

उपाध्यक्ष

जिराभवानी गाउँपालिका

## प्रमुख प्रशासकिय अधिकृतको सन्देश

जिराभवानी गाउँपालिकाले समग्रमा शिक्षा क्षेत्रमा उल्लेखनिय प्रगति गरि आगामि समयमा विद्यालय शिक्ष ।लगायत शिक्षा क्षेत्रलाई उत्कृष्ट बनाउदै जाने प्रतिबद्धताका साथशिक्षा क्षेत्रको लागि दिर्घकालिन योजना निर्माण गरेको छ । शिक्षा देश विकासको आधार हो। ज्ञानमा आधारित समाजको माध्यमबाट मुलुकको दिगो शान्ति र समृद्धिका लागि शिक्षालाई महत्वपूर्ण माध्यमको रुपमा स्वीकार गरिदै आएको छ । शिक्षाले व्यक्तिको सर्वाङ्गीण विकास गरी राष्ट्रका लागि एक सुयोग्य, कुशल, सक्षम, प्रविधिमैत्री प्रतिस्पधी तथा प्राविधिक जनशक्ति युक्त नागरिक तयार गर्दछ । राष्ट्रमा दिगो विकास,शान्ति, स्थायित्व, सुशासन, विकास तथा समृद्धिमा शिक्षाको विशेष भूमिका रहेको हुन्छ ।

राष्ट्र, राष्ट्रियता, राष्ट्रिय एकता, सङ्घीय लोकतान्त्रिक मूल्य मान्यताप्रति समर्पित जनशक्ति विकासमा विद्यालयशिक्षा केन्द्रित हुनुपर्छ। समृद्ध नेपाल सुखी नेपाली को राष्ट्रिय आकाङ्क्षा पूरा गर्न सीपमूलक, वैज्ञानिक, व्यावहारिक, गुणस्तरीय, समतामूलक र न्यायोचितपहुँच स्थापित गर्नु आजको आवश्यकता हो ।नेपालको संविधानतथा स्थानीय सरकार सञ्चालन ऐनले आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी अधिकारहरू स्थानीय तहलाई हस्तान्तरण गरेको अवस्थामा विद्यालय शिक्षा लगायत समग्रशिक्षा क्षेत्रमा सुधारको लागि गाउँपालिकाले बार्षिक योजनामा शिक्षामा विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको सर्वविदित नै छ। तथापि सबैका लागि गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्न नसकिनु, विशेष तथा लक्षित समूहका बालबालिकाको पहुँच सुनिश्चित गर्न नसकिनु, भर्ना भएका विद्यार्थीको निरन्तरता कायम गर्दै अपेक्षित रुपमा सिकाई उपलब्धि हासिल हुन नसक्नु, सबै विद्यालयमा तहगत र विषयगत शिक्षक व्यवस्थापन गर्न नसक्नु जस्ता प्रमुख समस्याकायमै छ । जिराभवानी गाउँपालिकाले यस पालिकाको शैक्षिक सुधार गरी समग्र पालिकाको विकासको लागि प्रतिबद्ध रहेको छ । शिक्षा सम्बन्धी आवश्यकता पहिचान गरी समय समयमा विभिन्न सरोकारवालाहरुसंग छलफल र परामर्श गरी शिक्षाको क्षेत्रमा विभिन्न क्रियाकलाप हुदै आएको छायो योजनाका आधारमा आगामी वर्षहरुमा शैक्षिक नीति तथा कार्यक्रमहरु तयार गर्दै अगाडि बढ्न मद्दत पुग्ने अपेक्षाराखेको छु ।

**जयचन्द्र साह**

प्रमुख प्रशासकिय अधिकृत

जिराभवानी गाउँपालिका

# विषयसूची


परिच्छेद एकः परिचय ........ 1

१.१ पृष्ठभूमि ........ 1

१.२ मुख्य समस्याहरु ........ 9

१.३ मुख्य चुनौतीहरु ........ 9

१.४ अवसरहरु ........ 10

परिच्छेद दुईः लक्ष्य निर्धारण ........ 11

२.१ दूरदृष्टि ........ 11

२.२ लक्ष्य ........ 11

२.३ उदेश्य ........ 11

२.४ रणनीतिहरु ........ 11

२.५ कार्यनीति ........ 12

२.६ अपेक्षित उपलब्धि ........ 13

२.७ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण ........ 14

परिच्छेद तीनः विद्यालय क्षेत्रका मुख्य उपक्षेत्रहरु ........ 22

३.१ प्रारम्भिक बालविकास र शिक्षा ........ 22

३.२ आधारभूत शिक्षा ........ 27

३.३ माध्यमिक शिक्षा ........ 32

३.४ पाठ्यक्रम र मूल्याङ्कन ........ 38

३.५ शिक्षक व्यवस्थापन र विकास ........ 43

३.६ अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइ ........ 47

३.७ प्राविधिक तथा व्यवसायिक शिक्षा ........ 52

परिच्छेद चारः अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरु ........ 56

४.१ शैक्षिक समता र समावेशीकरण ........ 56

४.२ दिवा खाजा सहित स्वास्थ्य तथा पोषण कार्यक्रम ........ 61

४.३ आपतकालीन तथा संकटपुर्ण अवस्थामा शिक्षा ........ 66

४.४ छात्रवृत्ति ........ 70

४.५ विद्यालय भौतिक पूर्वाधार विकास ........ 72

४.६ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि ........ 75

परिच्छेद पाँचः सुशासन र व्यवस्थापन ........ 80

५.१ संस्थागत क्षमता विकास ........ 80

५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध ........ 86

५.३ अनुगमन तथा मूल्याङ्कन ........ 89

परिच्छेद छः लगानी र स्रोत व्यवस्थापन ..... 94
६.१ परिचय..... 94
६.२ वर्तमान अवस्था ..... 94
६.३ उद्देश्य ..... 96
६.४ रणनीतिहरू ..... 97
६.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ..... 97
परिच्छेद सातः मुख्य उपलब्धि सूचकहरु ..... 102
७.१ परिचय..... 102
७.२ योजनाको समग्र नतिजा खाका ..... 102
७.३ मुख्य कार्य सम्पादन सूचकहरु ..... 105
सन्दर्भ सामग्रीहरु ..... 109

# परिच्छेद एकः परिचय

## १.१ पृष्ठभूमि

स्थानिय सरकार संचालन ऐन २०७४ ले स्थानिय सरकारलाई शिक्षाका २३ वटा अधिकारको कार्यान्वयनका साथै सिक्षा निति २०७६, १५औ आवधिक योजनाले तय गरेका लक्ष्य तथा उद्देश्य पुरा गर्न स्थानिय सरकारले सहयोग र समन्वय गर्नु आवश्यक छ। समावेशी समतामुलक गुणस्तरिय शिक्षाको सुनिश्चितता तथा आजिवन सिकाईका अवसरहरुलाई प्रोत्साहित गरी यस जिराभवानी गाउँपालिकाको समग्र विकास र परिवर्तनका लागि लक्ष्य उद्देश्य शिक्षा योजनाले गरेको छ। यसै गरी स्थानिय सरकार संचालन ऐन २०७४ कोपरिच्छेद ६(२४) मा योजना तयारको नितिगत व्यवस्था भएको छ।जसमा गाउँपालिकाले आफ्नो क्षेत्राधिकारको विषयमा आवधिक वार्षिक क्षेत्रगत योजना निर्माण गर्नु पर्ने र उक्त योजना निर्माण गर्दा संघ तथा प्रदेश सरकारका निति लक्ष्यसँग मेल खानु पर्ने, वातावरण संरक्षण तथा जलबायू परीवर्तन लैङ्गिक समानता तथा समाबेशिकरण विपद्व्यवस्थापन सुसाशन आदि विषयलाई ध्यान दिई दिर्घकालिन किसिमका योजनाको सूची तयार तथा सहभागितामुलक योजना तर्जुमा, सरोकारवालाहरुको सहभागितामा क्षेत्रगत योजना तयार गर्नुपर्ने नितिगत व्यवस्था छ ।

नेपाललाई सन् २०२२ सम्ममा अल्प विकसित राष्ट्रबाट विकासशिल राष्ट्रमा स्तरोन्नतीगर्न र २०८७ सम्ममा मध्यम आय भएको राष्ट्र बनाउन आवश्यक जनशक्ति उत्पादन गर्न नेपाल सरकारले राखेका २५ वर्षिय दिर्घकालिन सोच अन्तर्गत "समृद्द नेपाल सुखी नेपाली"को लक्ष्य प्राप्तिको लागि शिक्षा क्षेत्रको विकास सुधार सहभागिता र योगदान सुनिश्चित गर्न स्थानिय सरकारले सहयोग पुर्याउनु आजको आवश्यकता हो।

स्थानिय सरकारले प्रत्येक आर्थिक वर्षमा वजेट तथा कार्यक्रम तयार गर्नुपर्छ। संघिय सरकारबाट एकमुष्ट वजेट प्राप्त हुने र त्यसबाट स्थानिय सरकारले कार्यक्रम बनाई लागु गर्नुपर्ने रहेको छ ।विश्वव्यापी माहामारीको रुपमा फैलिएको कोरोना भाईरसको कारणले शिक्षा क्षेत्रमा पारेको प्रभाव तथा असर लाई मध्यनजर गरी शिक्षा क्षेत्रको सुधारका लागि गाउँपालिकासँग भएको स्रोत र साधनलाई आवश्यकताको आधारमा समस्या समाधान तथा कार्यान्वयनका लागियोजना निर्माण गर्नु अति आवश्यक छ। राज्यको निति कार्यक्रम उद्देश्य लक्ष्य पुरा गर्नका लागिगाउँपालिका ले दसवर्षे योजना तयार गर्नु आजको आवश्यकता रहेकोछ ।

नेपालको संविधान, २०७२ ले संघीय गणतन्त्र अर्न्तगत राज्य व्यवस्था संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारको परिकल्पना अनुरुप क्रियाशील रहेका छन। उक्त संविधानले समतामूलक, समावेशी र समाजवाद उन्मुख राष्ट्र निर्माण गर्ने मुख्य ध्येय राखे अनुरुप शिक्षा सम्बन्धी हक तथा प्राथमिकताहरु स्थापित गरेको छ। उक्त संवैधानिक शिक्षा सम्बन्धी हक तथा प्राथमिकतालाई कार्यान्वयन गर्न निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५, निःशुल्क तथा अनिवार्य शिक्षा नियमावली २०७७ र बालबालिका सम्बन्धी ऐन २०७५ ले शिक्षा सम्बन्धी हकहरुलाई प्रत्याभूत गरेको छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले संवैधानिक मान्यतामा आधारित रही शिक्षा क्षेत्रमा सुधार तथा परिवर्तनका निम्ति नीतिगत व्यवस्था गरेको छ।नेपालको शिक्षा क्षेत्रमा राणाकालको उत्तरार्ध देखि प्रयास हुँदै आएको पाइएता पनि व्यवस्थित रुपमा नेपाल राष्ट्रिय शिक्षा योजना आयोगको प्रतिवेदन २०११ ले गरेको देखिन्छ। यसै गरी सर्वाङ्गीण राष्ट्रिय

शिक्षा योजना २०१८, राष्ट्रिय शिक्षा पद्धति योजना (२०२८-२०३२), राष्ट्रिय शिक्षा आयोग २०४९, उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५, उच्च स्तरीय राष्ट्रिय शिक्षा कार्यदल २०५८, उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग २०७६ जस्ता आयोगका प्रतिवेदनहरु तयार गरी कार्यान्वयन भइसकेका र हुने क्रममा छन यसका अलवा शिक्षा क्षेत्रमा विभिन्न योजना, परियोजना र कार्यक्रम लागू भएका छन जस अन्तरगत रेडियो शिक्षा शिक्षक तालिम परियोजना २०३५, निरीक्षण एकाइ परियोजना २०३७, सेती परियोजना २०३८, विज्ञान शिक्षा परियोजना २०३८, प्राथमिक शिक्षा परियोजना २०४१, आधारभूत आवश्यकता परिपूर्ति योजना २०४४, आधारभूत तथा प्राथमिक शिक्षा परियोजना (पहिलो २०४९ दोश्रो २०५६), प्राथमिक शिक्षा परियोजना २०४९, माध्यमिक शिक्षा विकास परियोजना २०५०, शिक्षाका लागि खाद्य कार्यक्रम २०५२, शिक्षक शिक्षा आयोजना (२०५९-२०६५), माध्यमिक शिक्षा सहयोग कार्यक्रम सन २००३-२००८, सामुदायिक विद्यालय सहयोग कार्यक्रम (२०५९-२०६६), व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना (२०६८-२०७२) का साथै सबैका लागि शिक्षा कार्यक्रम सन २००१-२०१५), सहश्राब्दी विकास लक्ष्य (२०००-२०१५), दीगो विकासका लागि शिक्षा कार्यक्रम (२०१५-२०३०) मा उल्लेखित उद्देश्य एवम सूचकहरुलाई परिपूर्ति गर्नका लागि विद्यालय क्षेत्र सुधार योजना सन २००९-२०१५, विद्यालय क्षेत्र विकास योजना (२०१६-२०२२) को समाप्तिसँगै नयाँ विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) तयार भई कार्यान्वयनमा आईसकेको सन्दर्भमा जीराभवानी गाउँपालिकाले पनि आफ्नो १० बर्षे शिक्षा क्षेत्र योजना वनाएको हो ।

### क.भौगोलिक अवस्थिति

नेपालमा २०५२ देखि २०६२/६३ सम्म चलेको द्वन्द्व पश्चात वि.सं.२०७२ को संविधान सभाबाट संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान (२०७२) जारी भई संघ, प्रदेश र स्थानीय तहको कानुनी तथा व्यवस्थापकीय संरचना अनुरुप स्थानीय तहको निर्वाचन २०७४ सँगै जिराभवानी गाउँपालिकामा पनि निर्वाचित स्थानीय सरकार गठन भएको हो। यो पालिकाले यस अवधिमा शैक्षिक, भौतिक, प्रशासनिक तथा व्यवस्थापकीय क्षेत्रमा केही प्रगति हासिल गरेको छ। यस गाउँपालिकामा जम्मा ५ वटा वडाहरु रहेका छन । साविकका महादेवपटी, सेढवा, जितपुर, सुपौली, शंकरसरैया गाविसहरु मिलेर यो गाउँपालिका बनेको छ । यो गाउँपालिकाको कुल क्षेत्रफल ५५.३९ बर्ग कि.मि.रहेको छ ।यो पालिकाको सिमाना उत्तरमा ठोरी गाउँपालिका, दक्षिणमा जगरनाथपुर गाउँपालिका, पुर्वमा पटेर्वासुगौली गाउँपालिका र पश्चिममा छिमेकि देश भारत रहेको छ। यसलाई प्रशासनिक रुपमा ५ वटा वडाहरुमा विभाजन गरीएको छ। यहाँको भूस्वरुप समथर तराई अन्तरगत पर्दछ। यो स्थानिय तह २७°९'३६"N अक्षांश र ८४°४०'१२"E देशान्तरमा रहेको छ।

### ख.जनसाङ्ख्यिक संरचना

यस गाउँपालिकाको कुल जनसंख्या (वि.स.२०७८) २२,६०२ रहेको छ जसमा पुरुष जनसंख्या ४९.५ प्रतिशत र महिला ५०.५ प्रतिशत रहेको छ । जनगणना २०६८ अनुसार उमेरको आधारमा विश्लेषण गर्दा ०-१४ वर्ष प्रतिशत ३६.९६ रहेको छ भने १५-५९ बर्ष प्रतिशतको प्रतिशत ५५.९ छ । त्यसैगरी ६० बर्ष माथि प्रतिशतको ७.१ रहेको छ । माथिको तालिकाले वार्डगत जनसंख्या विश्लेषणगर्दा वार्ड न. ५ मा सबै भन्दा बढी जनसंख्या र सबैभन्दा बढी घरधुरी रहेका छन । जनगणना २०६८ अनुसार वडागत जनसंख्या निम्न अनुसार रहेको छ ।

| वडा नं. | घरधुरी | जनसंख्या | | | औसत घरधुरी आकार | लैंगिक अनुपात |
|---|---|---|---|---|---|---|
| | | जम्मा | महिला | पुरुष | | |
| १ | १,२०७ | ७,१७४ | ३,७०० | ३,४७४ | ५.९ | १०६.५१ |
| २ | ६०९ | ३,२६६ | १,५९० | १,६७६ | ५.४ | ९४.८७ |
| ३ | ९५२ | ५,१६० | २,५२९ | २,६३१ | ५.४ | ९६.१२ |
| ४ | ५७८ | ३,०९५ | १,५३७ | १,५५८ | ५.४ | ९८.६५ |
| ५ | ७७१ | ४,०७० | २,०११ | २,०५९ | ५.३ | ९७.६७ |
| जम्मा | ४,११७ | २२,७६५ | ११,३६७ | ११,३९८ | ५.५ | ९९.७३ |

यसै अनुरुपको शैक्षिक योजनाको विकास गर्नुपर्ने हुन्छ साथै जनसङ्ख्याको यस प्रकारको प्राकृतिक र भौगिलिक स्वरुपले पनि शिक्षा योजना कार्यान्वयनमा प्रभाव पार्छ तसर्थ यसलाई पनि विश्लेषण गर्दै शिक्षा योजना तयारको प्रक्रिया विकास भएको छ।

## ग.सामाजिक तथा सांस्कृतिक अवस्था

जिराभवानी गाउँपालिका सामाजिक तथा सांस्कृतिक विविधतायुक्त स्थानीय तह हो। यस पालिकामा प्रसिद्ध जिराभवानीको मन्दिर रहेको छ । प्रसिद यो मन्दिरको नामले नै यस पालिकाको नाम जिराभवानी नामाकरण भएको हो । यहाँ विभिन्न जातजातिका फरक फरक संस्कार, संस्कृति, रीतिरिवाज एवम प्रचलनहरु रहेका छन । यहाँ बसोवास गर्ने जातिहरु ब्राहमण, थारु, जनजाती, दलित, यादव, मुस्लिम आदि हुन। यहाँ भोजपुरी मातृभाषा भएको समुदाय रहेको छ । यो स्थानीय तहमा हिन्दू, र मुस्लिम धर्मावलम्वीहरु बसोबास गर्छन भने उनीहरुले दशैं, तिहार, छठपर्व, माघेसंक्रान्ति र फागुपुर्णिमा, जनै पूर्णिमा, तीज, पञ्चमी, इद जस्ता चाडपर्वहरु मान्ने गर्दछन । यस पालिकाभित्र रहेका बहुविशेषताहरु बीचमा एकीकरण भएको अवस्था छ। अनेकतावीच एकता कायम भएको छ। त्यसैले सामाजिक सद्‌भभाव, सहयोग, सहकार्य, सह-अस्तित्व, सहिष्णुता, मेलमिलाप कायम भएको छ । २०६८ को जनगणना अनुसार जातजातिको आधारमा यस गाउँपालिकामा थारु ५२.१% बिन ४.२% पासवान ५.७ %, यादव २.६% , प्रमुख वाहुल्य बसोबास रहेको छ। यसै गरी भाषागत रुपमा यस गाउँपालिकामा भोजपुरी बोल्ने ४८.१%, थारु ४१.८ %, बोल्ने समुदायको बसोबास रहेको छ । यस्तै गरी यस गाउँपालिकामा जनगणना २०६८ का अनुसार ५ वर्ष भन्दा माथिको जनसंङ्ख्या मध्ये ५०.६ % साक्षर र १५ देखि २४ बर्षको साक्षरता दर ६२.५ % र १५ वर्ष भन्दा माथिको साक्षरता दर ४१.८% रहेको छ ।

## घ. आर्थिक अवस्था

कम आय भएको मुलुकबाट नेपाललाई मध्यम आय भएको राष्ट्रमा पुर्याउँने सरकारको महत्वकांक्षी लक्ष्यलाई टेवा दिन जिराभवानी गाउँपालिकाले पनि विभिन्न किसिमका आर्थिक क्रियाकलापहरुलाई अगाडि वढाएको छ। यहाँका बासिन्दा मुख्य गरी कृषिमा निर्भर छन । यहाँ धान, गहु, उखु, सुर्ती, सरसो, तरकारी खेती हुने गर्छ । यहाँका मानिसहरुको आर्थिक स्तर माथि उकास्न उन्नत जातको पशुपालन, बीउ विजन, व्यावसायिक खेती, रोजगार तथा स्वरोजगारमुखी कार्यक्रम सञ्चालन गर्दै आएकोछ। यसका अलवा

वैदेशिक रोजगारले पनि यहाँको आर्थिक अवस्था वृद्धि गर्नमा मद्दत गरेको देखिन्छ भने महामारीको रुपमा फैलिएको कोभिड-१९ ले समग्र आर्थिक क्षेत्रमा नकारात्मक प्रभाव पारेको छ।

**ङ.शैक्षिक अवस्था**

नेपालमा विद्यालय क्षेत्र अन्तर्गत एकवर्षे प्रारम्भिक बालविकास शिक्षामा ४ वर्ष उमेरका बालबालिका सहभागी हुन्छन ।  ५-१२ वर्ष उमेर समूहका लागि ८ वर्षको निःशुल्क र अनिवार्य आधारभूत शिक्षा र १३-१६ वर्ष उमेर समूहका लागि ४ वर्षको  निःशुल्क माध्यमिक शिक्षा दिने दायित्व नेपाल सरकारको रहेको छ। नेपालको संविधान २०७२ ले माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहलाई प्रदान गरेको छ। यसले स्थानीय तहलाई जिम्मेवार बनाएको संवैधानिक व्यवस्था छ। नेपालमा निजी स्तरबाट सञ्चालन भएका सशुल्क र सरकारी लगानीमा सञ्चालन भएका निःशुल्क गरी दुई प्रकारका शिक्षा प्रणाली सञ्चालनमा आएका छन । यसै गरी जिराभवानी गाउँपालिकाभित्र पनि यी दुवै प्रकृतिका शैक्षिक पद्धतिहरु सञ्चालनमा आएको छन । यस खण्डमा जिराभवानी गाउँपालिकाको संक्षिप्त शैक्षिक अवस्थाको सन्दर्भ चर्चा गरिएको छ ।

**नीतिगत प्रबन्ध**

नेपालको संविधान, २०७२ को भाग ३, धारा ३१ मा शिक्षा सम्बन्धी हकको व्यवस्था गरिएको छ। उक्त संविधानमा आधारभूत शिक्षामा पहुँचको हक, आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशल्क, माध्यमिक तहसम्मको शिक्षा निःशल्क, आर्थिक रुपले विपन्न र अपाङ्गता भएकालाई कानुन बमोजिम निःशल्क शिक्षा पाउने हक तथा आधारभूत तहसम्म मातृभाषामा शिक्षा पाउने मौलिक हकको संवैधानिक व्यवस्था गरिएको छ। त्यसै गरी आधारभूत शिक्षालाई सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पधी एवम गुणस्तरयुक्त बनाउन अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ र अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी नियमावली, २०७७ ले  प्रत्येक नागरिकको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई शिक्षा सम्बन्धी २३ वटा अधिकार/कार्यहरु प्रदान गरे अनुरुप जिराभवानी गाउँपालिकाले नगर शिक्षा नियमावली निर्माण लगायत यहाँको समग्र शैक्षिक गुणस्तरलाई वृद्धि गर्न शैक्षिक अन्तरक्रिया, पेशागत क्षमता विकास, शैक्षिक गुणस्तर सुधार लगायतका योजना तथा कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ ।

नेपालको संविधानको २०७२ को भाग ३ मा मौलिक हकको व्यवस्था गरिएको छ । जस अन्तर्गत धारा ३१ मा शिक्षा सम्बन्धी हक उल्लेख छ । धारा ३१ मा  शिक्षालाई नागरिकको आधारभूत अधिकारको रुपमा व्यवस्था गरिएको देखिन्छ  भने प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुने, प्रत्येक नागरिकलाई आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क शिक्षा तथा माध्यमिक तहसम्म निःशल्क शिक्षा पाउने हक हुने, अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा प्राप्त गर्ने हक हुने, दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपाङ्गता भएका व्यक्तिलाई साङ्केतिक भाषाको माध्यमबाट कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक हुने र नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा

पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुने कुरा उल्लेख गरिएको छ ।

त्यसैगरी संविधानको धारा ३८ मामहिलाको हक अन्तरगत उपधारा (५) मा महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ भन्ने उल्लेख छ। नेपालको संविधानको धारा ३९ मा बालबालिकाको हक अन्तर्गत उपधारा (२) मा प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा,स्वास्थ्य,पालनपोषण,उचित स्याहार,खेलकूद,मनोरञ्जन तथा व्यक्तित्व विकासको हक हुनेछ भन्ने उल्लेख गरिएको छ। साथै सोही धाराको उपधारा (३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बालसहभागिताको हक उल्लेख छ र उपधारा ७ मा कुनै पनि बालबालिकालाई घर,विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन भनी उल्लेख गरिएको छ। त्यसैगरी संविधानको धारा ४० मा दलितको हक अन्तरगत उपधारा (२) मा दलित विद्याथीलाई प्राथमिक देखि उच्च शिक्षा सम्म कानुन बमोजिम छात्रवृत्ति सहित निःशुल्क शिक्षाको व्यवस्था गरिने छ साथै प्राविधिक र व्यावसायिक उच्च शिक्षामा दलितको लागि कानुन बमोजिम विशेष व्यवस्था गरिनेछ भन्ने व्यवस्था गरिएको छ । संविधानको धारा ४२ मा सामाजिक न्यायको हक अन्तरगत उपधारा(२)मा आर्थिक रुपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तिकरण र विकासका लागि शिक्षा,स्वास्थ्य,आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ प्राप्त गर्ने हक हुनेछ भनी उल्लेख भएको छ। संविधानको  धारा ४७ मा मौलिक हकहरुको कार्यान्वयन लागि आवश्यकता अनुसार  राज्यले संविधान प्रारम्भ भएको तीनवर्ष भित्र कानुनी व्यवस्था गर्नेछ भनी उल्लेख भएको छ।त्यस्तै गरी संविधानको भाग ४ मा राज्यका निर्देशक  सिद्धान्त तथा राज्यका नीतिहरु अन्तर्गत धारा ५१ (ज) मा नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीति भित्र शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक रोजगार मूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पधी, नैतिक एंव राष्ट्रिय हित प्रति समर्पित जनशक्ति तयार गर्ने, शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजीक्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने,उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँच योग्य बनाइ क्रमशःनिःशुल्क बनाउँदै लैजाने, नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्धन गर्ने भनी उल्लेख भएको छ।

नेपालको संविधानको अनुसूचि ५मा केन्द्र सरकार वा संघको अधिकार सूचि भित्र शिक्षा सम्बन्धी अधिकारहरुमा केन्द्रीय विश्वविद्यालय, केन्द्रीयस्तरको प्रज्ञा प्रतिष्ठान, विश्वविद्यालय मापदण्ड र नियमन तथा केन्द्रीय पुस्तकालय तोकिएको छ। त्यस्तै गरी संविधानको अनुसूचि ६ मा प्रदेशको अधिकार सूचि भित्र शिक्षा सम्वन्धी अधिकार मा प्रदेश विश्वविद्यालय, उच्चशिक्षा, पुस्तकालय, संग्रहालय तोकिएको छ साथै संविधानको अनुसूचि ८ मा स्थानीय तहको अधिकार सूचि भित्र शिक्षा सम्बन्धी अधिकारहरुमा आधारभूत/माध्यमिक शिक्षा तोकिएको छ साथै संविधानको अनुसूचि ७ र ९ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारका साझा सूचि भित्र शिक्षा समेत समावेश गरिएको छ । नेपालको संविधानले संघ प्रदेश तथा स्थानीय तहलाई निर्दष्ट  गरेका एकल वा साझा अधिकारहरुको व्यवहारिक रुपमा कार्यान्वनय गर्दै

राष्ट्रले लिएका शैक्षिक नतिजाहरुको लागि आपसी समन्वय, सहकार्य र सह(अस्तित्व आजको आवश्यकता हो । त्यसैगरी चालु अवस्थामा रहेको १५ औं आवधिक योजनाले शिक्षा क्षेत्रको विकासको लागि स्पस्ट मार्गनिर्देशन गरेको छ । यस योजनाले पनि गुणस्तरीय शिक्षा मार्फत सिर्जनशील, दक्ष, प्रतिस्पर्धी, उत्पादनशील र नवप्रर्तनशील मानव स्रोतको विकास गर्ने लक्ष्य लिएको छ भने उद्देश्यहरुमा सबै बालबालिकालाई प्रारम्भिक बालशिक्षाको अनुभव सहित आधारभूत शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक शिक्षामा निःशल्क पहुँच सुनिश्चित गरी शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी र प्रविधिमैत्री बनाउनु, प्राविधिक शिक्षा तथा व्यावसायिक सीप विकासमा समावेशी र समतामूलक पहुँच विस्तार र गुणस्तर सुनिश्चित गर्नु,पहुँच र गुणस्तर अभिवृद्धि गरी उच्च शिक्षालाई वैज्ञानिक, नवप्रवर्तनात्मक, अनसुन्धानात्मक, प्रविधिमैत्री र रोजगारमूलक बनाउँदै ज्ञानमा आधारित समाज र अर्थतन्त्र निर्माण गर्नु, सबै नागरिकका लागि जीवनपर्यन्त शिक्षाको अवसर सुनिश्चित गर्नु तथा संघीय संरचना अनुरूप सबै तहका शैक्षिक-प्रशासनिक निकाय र शिक्षण संस्थामा सुशासन कायम गर्नु रहेका छन ।

शिक्षा क्षेत्रको सुधार तथा विकासको लागि नेपाल सरकारले शिक्षा नीति २०७६ पनि जारी गरेको छ । उक्त नीतिले शिक्षा क्षेत्रमा सबै तहको शिक्षालाई प्रतिस्पधी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमुखी बनाई देशको आवश्यकता अनुरुपको मानव संशाधन विकास गर्ने लक्ष्य राखेको छ। त्यसैगरी यस नीतिले उद्देश्यहरुमा बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित प्रारम्भिक बालविकास तथा शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउनु, आधारभूत शिक्षामा सवैको सहज एवं समतामूलक पहूँच र निरन्तरता सुनिश्चित गर्दै सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पधी एवं गुणस्तरयुक्त अनिवार्य तथा निःशुल्क शिक्षाको प्रत्याभूति गर्नु, गुणस्तरीय माध्यमिक शिक्षामा सबैको निःशल्क पहूँच सुनिश्चित गर्दै सिर्जनशिलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पधी, सीपयुक्त एवं उत्पादनशील जनशक्ति तयार गर्नु, प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका अवसरहरूलाई व्यापक विस्तार गरी सबै इच्छुक नागरिकहरूका लागि समावेशी एवं समतामूलक पहूँच स्थापित गर्दै देश विकासका लागि योग्य, सक्षम, सीपयुक्त र उद्यमशील जनशक्ति तयार पार्नु, ज्ञानमा आधारित समाज र अर्थतन्त्र निर्माणका लागि उच्च शिक्षाको पहूँच र गुणस्तर अभिवृद्धि गरी विभिन्न क्षेत्रहरूमा सक्षम नेतृत्व प्रदान गर्न सक्ने योग्य,दक्ष वैज्ञानिक, नवप्रवर्तनात्मक, अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पधी र अनुसन्धानमुखी मानव संशाधन विकास गर्नु, नेपाललाई पूर्ण साक्षर मुलुक तल्याई अनौपचारिक, वैकल्पिक, परम्परागत र खुला शिक्षाका माध्यमबाट आजीवन सिकाइ संस्कृतिको विकास गर्नु ,सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवनपर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवन यापन गर्न सक्षम र प्रतिस्पधी नागरिक तयार पार्नु, शिक्षा प्रणालीका विभिन्न अवयवहरूमा रहेर सेवा प्रवाह गर्ने जनशक्तिलाई उत्कृष्ट नतिजा प्रदर्शन गर्न उनीहरूको पेसागत योग्यता, सक्षमता, इमान्दारिता, प्रतिबद्धता र जवाफदेहीता सुनिश्चित गर्दै शैक्षिक सुशासन कायम गर्नु, सार्वजनिक तथा निजी शैक्षिक क्षेत्रका विद्यमान असल अभ्यासलाई सम्मिलन गर्दै निजी लगानीका शिक्षण संस्थाहरूको प्रभावकारी परिचालन, नियमन एवम सार्वजनिक शिक्षा प्रणालीको रुपान्तरणको प्रक्रियामा सवलीकरण गर्नु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुभव तथा अभ्यास समेतका आधारमा शैक्षिक गुणस्तर मानक तथा मापदण्ड तयार गरी सबै तह र प्रकारका शिक्षाको गुणस्तर अभिवृद्धि गर्नु,औपचारिक, अनौपचारिक र

अरीतिक शिक्षाबीच अन्तरसम्बन्ध स्थापित गरी योग्यताको समकक्षता, गतिशिलता र पारगम्यता सुनिश्चित गर्दै राष्ट्रिय योग्यता प्रारुपमा आधारित शिक्षा प्रणालीको विकास गर्नु, शिक्षा प्राप्तिको संवैधानिक र कानूनी दायित्व पूरा गर्न राष्ट्रिय प्राथमिकताका आधारमा पर्याप्तता समन्यायिकता र प्रतिफलमुखी हुने गरी शैक्षिक लगानी सुनिश्चित गर्नु र व्यक्तिमा वैज्ञानिक चिन्तन र व्यवहार विकास गर्न विज्ञान तथा प्रविधिलाई शिक्षा प्रणालीमा एकिकरण गर्दै परम्परागत एवं आधुनिक प्रविधिलाई राष्ट्रिय विकासको लागि उपयोग गर्न सक्ने क्षमता विकास गर्नु राखेको छ । त्यसैगरी यस गाउँपालिकाको शिक्षा क्षेत्रमा तलका अधिकारहरु रहेकाछन ।

- प्रारम्भिक वाल विकास तथा शिक्षा,आधारभूत शिक्षा,अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खल्ला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षासम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्यांकन र नियमन ।
- सामुदायिक,संस्थागत,गुठी र सहकारी विद्यालय स्थापना,अनुमति,सञ्चालन,व्यवस्थापन तथा नियमन ।
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा,सञ्चालन, अनुमति, अनुगमन र नियमन ।
- मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमती,अनुगमन र नियमन ।
- गाभिएका वा बन्द गरिएका विद्यालयहरूको सम्पत्ति व्यवस्थापन,
- गाउँ तथा नगर शिक्षा समिति गठन र व्यवस्थापन,
- विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन,
- विद्यालयको नामाकरण,
- सामुदायिक विद्यालयको जग्गाको स्वामित्व,सम्पत्तिको अभिलेख,संरक्षण र व्यवस्थापन
- विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्य सामग्रीको वितरण,
- सामुदायिक विद्यालयको शिक्षक एवं कर्मचारीको दरबन्दी मिलान,
- विद्यालयको नक्सांकन,अनुमति,स्वीकृति,समायोजन तथा नियमन,
- सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण,मर्मत सम्भार,सञ्चालन र व्यवस्थापन,
- आधारभूत तहको परीक्षा सञ्चालन,अनुगमन तथा व्यवस्थापन,
- विद्याथी सिकाइको उपलब्धिको परीक्षण र व्यवस्थापन,
- नि:शुल्क शिक्षा,विद्याथी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन,
- ट्युसन, कोचिङ जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन,
- स्थानीय स्तरका शैक्षिक ज्ञान,सीप र प्रविधिको संरक्षण,प्रवर्द्धन र स्तरीकरण,
- स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,
- माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन,

- सामुदायिक विद्यालयलाई दिइने अनुदान तथा सोको व्यवस्थापन,विद्यालयको आय व्यायको लेखा अनुशासन कायम, अनुगमन र नियमन,
- शिक्षण सिकाइ र शिक्षक र कर्मचारीको तथा क्षमता विकास,
- अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन ।

त्यसैगरी यस जिराभवानी गाउँपालिकाले स्थापनाकाल देखि नै विद्यालयको गुणस्तर सुधारमा विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ । मुलत विद्यालयको भौतिक सुधार प्रारम्भिक बालविकास तथा प्रारम्भिक कक्षाको पठनसीप सहित सिकाइ सुधारमा जोड दिदै आएको छ ।

**उपलब्धि अवस्था**

जिराभवानी गाउँपालिकामा २२ वटा सामुदायिक विद्यालयहरु छन । जसमध्ये कक्षा १ देखि ३ संचालित ६ वटा कक्षा १ देखि ५ संचालित १२ वटा कक्षा १ देखि ८ सम्म संचालित १ वटा, कक्षा १ देखि १० सम्म संचालित १ वटा, कक्षा १ देखि १२ सम्म २ वटा गरी जम्मा २२ वटा सामुदायिक विद्यालयहरु छन । फ्लैस रिपोर्ट २०७७ अनुसार प्रारम्भिक बालविकास शिक्षामा अनुभव लिई कक्षा १ मा नवप्रवेशी प्रतिशत ७२.६ रहेको छ। कक्षा १ मा कूल र खुद भर्ना दर क्रमशः ११६.१ र ९७.४ रहेको छ। आधारभूत तह (कक्षा १-५) को कूल भर्ना दर १०२.२९, खुद भर्ना दर ९७.७, लैङ्गिक समता सूचक १, शिक्षक विद्याथी अनुपात ४२.७५, कक्षा ५ को टिकाउ दर ८१.४५, कक्षा ५ को उतीर्ण दर ९२.३८ प्रतिशत रहेको छ भने अझै पनि कक्षा ५ दोर्होयाउने दर १.८६ र कक्षा ५ मा कक्षा छोड्ने दर ५.७६ प्रतिशत रहेको छ।

आधारभूत तह (कक्षा ६-८) को कूल भर्ना दर ८१.५८, खुद भर्ना दर ७७.९१, लैङ्गिक समता सूचक ०.९१, शिक्षक विद्याथी अनुपात १७२.८३, कक्षा ८ को टिकाउ दर ५८.७५, कक्षा ८ को उतीर्ण दर ९२.०७ प्रतिशत रहेको छ भने अझै पनि कक्षा ८ मा कक्षा छोड्ने दर ७.९ प्रतिशत रहेको छ।

माध्यमिक तह (कक्षा ९-१०) को कूल भर्ना दर ७३.४, खुद भर्ना दर ३९, लैङ्गिक समता सूचक ०.९, शिक्षक विद्याथी अनुपात ७२.३, कक्षा १० को टिकाउ दर ५३.४, कक्षा १० को उतीर्ण दर ९५.९ प्रतिशत रहेको छ भने कक्षा १० मा कक्षा छोड्ने दर ४.१ प्रतिशत भने कक्षा रहेको छ।

यस पालिकामा इमिस तथ्यांक २०७८ अनुसार बालविकास सहजकर्ता सहित जम्मा १०१ जना शिक्षक रहेका छन । जसमध्ये ५० जना महिला रहेका छन । जसमध्ये स्थायी ३६ जना अस्थायी ११, राहत २४, निजी श्रोत ६ जना रहेका छन । कार्यरत शिक्षक हरु मध्ये प्राथमिक तह ६४ जना, निम्नमाध्यमिक तह ६ जना, माध्यमिक तह ७ जना । शिक्षकहरु मध्ये सबभन्दा बढी भोजपुरी मातृभाषा बोल्ने ५७ जना, थारु भषा बोल्ने ८ जना नेपाली मातृभाषा बोल्ने ८ जना, र अन्य मातृभाषा भएका ४ जना शिक्षक रहेका छन । करिब ७० प्रतिशत शिक्षक आभारभुत तहका रहेका छन । जिराभवानी गाउँपालिकाको विगत वर्षहरुको शैक्षिक उपलब्धि स्तर र शैक्षिक वर्ष २०७७ को उपलब्धि स्तरलाई समीक्षा गर्दा विगतका वर्षहरुको भन्दा हालको उपलब्धि स्तर क्रमशः खस्कदै गएको स्थिति छ। कोभिड-१९ को महामारीको प्रभावले यहाँको शैक्षिक उपलब्धिको स्तरलाई अझ ह्रास पार्ने सम्भावना देखिन्छ। विद्यालय शिक्षालाई

गहन रुपमा विश्लेषण गर्दा पछिल्ला दिनमा शिक्षाको पहुँचमा उल्लेखनीय विस्तार भएको भए पनि गुणस्तर तथा सिकाइ उपलब्धि सुनिश्चतता एक मुख्य चुनौतिको विषय रहेको छ ।

## १.२ मुख्य समस्याहरु

जिरभवानी गाउँपालिकाको समग्र शैक्षिक सन्दर्भ र विद्यालय शिक्षाका उपलब्धिका आधारमा विद्यालय शिक्षाको क्षेत्रमा देखिएका मुख्य समस्याहरु निम्नानुसार छन ।

- पाँच बर्ष मुनिका सबै बालबालिकालाई प्रारम्भिक बाल विकास तथा शिक्षामा भर्ना गराउन नसक्नु।
- विद्यालय शिक्षामा सबै बालबालिकाहरूलाई पहुँच, सहभागिता र गुणस्तरको सुनिश्चितता गर्न नसक्नु
- पाठ्यक्रमले तोकेबमोजिमका सिकाइ उपलब्धिहरू हासिल गर्न नसक्नु
- बालमैत्री विद्यालय निर्माण गरी सिकाइ वातावरणमा सुधार हुन नसक्नु,
- स्थानीय पाठ्यक्रम निर्माण गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्नु
- विषयगत रूपमा र कक्षागत रूपमा शिक्षकहरूको दरबन्दी नहुनु,
- विद्यालयमा आवश्यकता अनुसारका भौतिक संरचना र पुर्वाधारहरु नहुनु
- शिक्षामा सूचना तथा सञ्चार प्रविधिको पहुँच नहुनु र प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्नु
- साक्षरता निरन्तर शिक्षा र जीवनपर्यन्त शिक्षाका अवसरहरू उपलब्ध गराउन नसक्नु,
- बैकल्पिक सिकाइको प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्नु
- उपयुक्त भौतिक पूर्वाधारको विकास गर्न नसक्नु

## १.३ मुख्य चुनौतीहरु

यस गाउँपालिकाको समग्र शैक्षिक सन्दर्भ र विद्यालय शिक्षाका उपलब्धिका आधारमा विद्यालय शिक्षाको क्षेत्रमा देखिएका मुख्य चुनौतीहरु निम्नानुसार छनः

- शिक्षा सम्बन्धी नीतिको प्रभावकारी कर्यान्वियन नहुनु
- गुणस्तरीय शिक्षाको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु
- विद्यालय नक्साङ्कन तथा समायोजन गर्नु
- विद्यालय शिक्षक दरबन्दी व्यवस्थापन गर्नु
- उपयुक्त भौतिक पूर्वाधारको निर्माण गर्नु
- निःशुल्क तथा अनिवार्य शिक्षा कार्यान्वयन गर्नु
- पाठ्यक्रम पाठ्यपुस्तक तथा मूल्याङ्कन प्रणालीमा सुधार गर्नु

- विपत् व्यवस्थापन र वैकपिल्पक शिक्षण सहजीकरण गर्नु
- जीवनपर्यन्त सिकाइका अवसरहरू सुनिश्चित गर्नु
- शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नु

### १.४ अवसरहरु

माथि उल्लेख गरिएका चुनौतीहरु समाधान गरि विद्यालय शिक्षाको प्रभावकारी विकासका लागि निम्न अवसरहरु रहेका छन

- विद्यालय शिक्षाको पहुँच, समता विकास र गुणस्तर वृद्धिका लागि वितरण भएका कार्यक्रमहरुले विकास गरेका संरचना तथा क्षमता पूर्वधारका रुपमा रहन सक्ने।
- शिक्षामा सरकारको लागि राजनीतिक रुपमा सहभागी देखिएको।
- दीगो विकासको लक्ष्य प्रप्तिका लागि द्विपक्षीय र बहुपक्षीय सहकार्य तथा प्रतिवद्धता रहेको।
- सार्वजनिक शिक्षाको विकास तथा गुणस्तर सुधारको लागि सकरात्मक जनमत रहेको।
- शैक्षिक अभियान्ताहरुको अग्रसरता रहेको ।
- संवैधानिक तथा कानुनी आधारहरू प्राप्त हुनु
- तीन शिक्षा तहका सरकारबीच समन्वय, सहकार्य र जिम्मेवारी पूरा तथा गर्न सकिने अधिकार हुनु
- शिक्षामा लगानी वृद्धि गरी पाठ्य गुणस्तर सुधार गर्न सकिनु
- स्थानीय सरकार सञ्चालन ऐनले शिक्षाका अधिकारहरू स्थानीय तहमा प्रदान गर्नु
- तीनवटै सरकार तथा अन्य सङ्घसंस्थाहरूवाट शिक्षामा लगानी गर्न सकिने वातावरण हुनु
- सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार हुनु
- स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको अवसर हुनु
- वैकल्पिक सिकाइ सहजीकरण गरी विद्याथीको सिक्न पाउने अधिकारको सुनिश्चितता हुनु

# परिच्छेद दुईः लक्ष्य निर्धारण

**२.१ दूरदृष्टि**

जिराभवानी गाउँपालिकाको प्रतिबद्धता समतामुलक, समावेशी गुणस्तरीय शिक्षा सुनिश्चितता

**२.२ लक्ष्य**

देश विकासमा योगदान पुर्याउन सक्ने दक्ष जनशक्ति उत्पादन गर्ने ।

**२.३ उदेश्य**

१ सबै बालबालिकाहरुका लागि गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर उपलब्ध गराउनु।

२ अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तर वृद्धि गर्नु ।

३ माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गरि सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु ।

४ सबै नागरिकका लागि जीवनपर्यन्त र निरन्तर सिकाइमा अवसर उपलब्ध गराउनु।

५ विद्यालयहरुमा सुशासन प्रवर्धन गरि सिकाइ उपलब्धि अभिवृद्धि गर्नु।

६ विद्यालयलाई भय, विभेद र दुर्व्यवहारमुक्त तथा विविधता अनुकूल बनाइ बालबालिकालाई बालमैत्री वातावरण प्रदान गर्नु।

७ आपतकालीन, संकटपूर्ण र महामारीजस्ता जोखिमपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्नु।

८ विद्यालय तहको शिक्षामा समता र समावेशीताका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्नु।

९ सिर्जनशील, दक्ष, नैतिकवान, जीवनोपयोगी सीपयुक्त र सकारात्मक सोच भएको सचेत नागरिक तयार गर्नु।

**२.४ रणनीतिहरु**

१ सबै बालवालिकाहरुको पहुँचमा गुणस्तरीय प्रारम्भिक बाल शिक्षा पुर्याउन गाउँपालिका, वडा र विद्यालयले आवश्यक सुविधा सहित विद्याथी भर्ना अभियान चलाउने साथै नक्शाङ्कनको आधारमा सुलभ दूरीमा विद्यालय व्यवस्थापन गर्ने ।

२ अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गरि गुणस्तर वृद्धि गर्न सुशासन, प्रभावकारी नीतिगत व्यवस्था, बालमैत्री वातावरण, विद्यालयको भौतिक पूर्वाधारको विकास, अभिभावक सचेतना, शिक्षकको पेशागत दक्षताको विकास जस्ता पक्षहरुमा जोड दिने ।

३ माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गरि सान्दर्भिकता र गुणस्तरमा सुधार गर्न शैक्षिक सुशासन, नीतिगत व्यवस्थाको प्रभावकारी कार्यान्वयन, बालमैत्री वातावरण, विद्यालयको भौतिक पूर्वाधारको विकास, अभिभावक सचेतना, शिक्षकको पेशागत दक्षताको विकास, अनुगमन, सुपरीवेक्षण, निर्देशन तथा मूल्याङ्कन जस्ता पक्षहरुमा जोड दिने ।

४ सबै नागरिकका लागि जीवनपर्यन्त र निरन्तर सिकाइमा अवसर उपलब्ध गराउनको लागि सामुदायिक सिकाइ केन्द्रको पूर्नवितरण र कार्यशैलीमा सुदृढीकरण गर्ने ।

५ विद्यालयहरुमा सुशासन प्रवर्धन गरि सिकाइ उपलब्धि अभिवृद्धि गर्न विद्यालयहरुमा उत्तरदायित्व बोध भएका जनशक्तिको व्यवस्थापन गर्ने, सुशासन प्रवर्धन मापक सूचकहरु निर्धारण गरि सुशासन प्रवर्धनको मापन गर्ने साथै निरीक्षण, अनुगमन, सुपरीवेक्षण र निर्देशन जस्ता गतिविधिलाई प्रभावकारी बनाउन जोड दिने ।

६. स्वतन्त्र र भयरहित सिकाइ पद्धतिका सक्षम जनशक्ति निर्माणमा जोड दिने ।

७ विद्यालयमा आपतकालीन, संकटपूर्ण र महामारी जस्ता जोखिमपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्न वैकल्पिक विधि, माध्यम, पद्धतिको विकास गरि कार्यान्वयनमा ल्याउने ।

८ विद्यालय तहको शिक्षामा समता र समावेशीताका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्न निश्चित नीति नियम निर्माण गरी प्रभावकारी कार्यान्वयनका लागि जोड दिने ।

९ सिर्जनशील, दक्ष, नैतिकवान, जीवनोपयोगी सीपयुक्त र सकारात्मक सोच भएको सचेत नागरिक तयार गर्न स्वतन्त्र सिकाइ, अतिरिक्त क्रियाकलाप, प्रयोगात्मक सिकाइ वातावरण तथा बालमैत्री शिक्षण पद्धतिको प्रयोगमा महत्व दिने ।

**२.५ कार्यनीति**

१. विद्यालय नक्शांकनका आधारमा विद्यालय स्थापना, समायोजन तथा विस्तार गरिनेछ ।

२. विद्यालय शिक्षामा पहुँच वृद्धि गर्नका लागि विद्यालय भर्ना तथा स्वागत कार्यक्रम, निःशुल्क पाठयपुस्तक, छात्रवृति, दिवा खाजा, विद्यालय पोसाक, शैक्षिक सामग्री वितरण, अभिभावक शिक्षा आदि जस्ता कार्यक्रमहरु संचालन गरिनेछ ।

३. विद्यालय बाहिर रहेका सबै बालबालिकाहरुलाई विद्यालयमा भर्ना गर्ने अभियानलाई निरन्तरता दिदै विभिन्न प्रोत्साहनमूलक कार्यक्रम संचालन गरी स्थानीय तहले आफ्नो सेवा क्षेत्रभित्र कुनै पनि बालबालिका बाहिर नरहेको घोषणा गर्न कार्यक्रम संचालन गरिनेछ ।

४. सबैका लागि अनिवार्य तथा निःशुल्क शिक्षा सुनिश्चित गर्न शारीरिक तथा सामाजिक रुपमा पछाडि परेका बालबालिकाहरुलाई विशेष सिकाई सामग्री र उचित शैक्षिक अवसरको सृजना गरिनेछ ।

५. शिक्षण सिकाई क्रियाकलापलाई प्रभावकारी बनाउन शिक्षकको क्षमता विकास कार्यक्रम संचालन गरिनेछ ।

६. विद्यालयको भौतिक अवस्थामा सुधार गर्न विद्यालय भवन मर्मत सम्भार, फर्निचर वितरण, खानेपानीको व्यवस्थाको लागि विशेष व्यवस्था गरिनेछ । अपांगतामैत्री संरचना निर्माणमा जोड दिईनेछ ।

७. विद्यालयमा बालबालिकाको उपस्थिति दर सुधार तथा बालबालिकाको पोषणमा सुधारको लागि दिवा खाजालाई निरन्तर र प्रभावकारी बनाईनेछ ।

८. आवश्यकता अनुसार आधारभुत तहमा स्थानीय भाषालाई माध्यम भाषाको रुपमा प्रयोग गरिनेछ । साथै स्थानीय पाठयक्रम क्रमिक रुपमा तयार गरी लागु गरिनेछ ।

९.बालवालिकाको वार्षिक रुपमा स्वास्थ्य जाँचको व्यवस्थापन तथा अभिलेखिकरण गरिनेछ ।

१०.निरन्तर मुल्यांकन प्रणालीलाई प्रभावकारी रपमा लागु गरिनेछ तथा आवधिक रुपमा बालबालिकाको सिकाई उपलब्धि परिक्षण गरिनेछ ।

११.शिक्षकको पेसागत विकासको लागि प्रदेशगत र केन्द्रिय निकायसंग समन्वय गरिनेछ । विद्यालयमा आधारित सुपरिवेक्षण तथा सहयोगका लागि क्षमता विकास गरिनेछ ।

१२.शिक्षण सिकाई क्रियाकलापमा सुचना तथा संचार प्रविधिको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।

१३.विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइ नहुने सुनिश्चित गर्न संयन्त्र स्थापना गरिनेछ।

१४.प्रत्येक विद्यालयमा विपद पुर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गरि कार्यान्वयन गरिनेछ ।

१५.नियमित रुपमा अभिभावक, समुदायसंग अन्तर्रक्रिया कार्यक्रम आयोजना गरिनेछ ।

## २.६ अपेक्षित उपलब्धि

शिक्षा क्षेत्रको योजनाको अन्त्य सम्ममा निम्नानुसारको मुख्य उपलब्धि प्राप्त हुने अपेक्षा गरिएको छ -

१.सबै बालबालिकाहरूले गुणस्तरीय प्रारम्भिक बालविकास शिक्षाको पहुँच र अवसर पाएका हुने।

२.अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षामा प्रविधिको पहुँच, सहभागिता र गुणस्तरमा अभिवृद्धि भएको हुने।

३.माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार आएको हुने।

४.सुरक्षित र उपयुक्त भौतिक पूर्वाधार सहितको उच्च शिक्षामा अध्ययन गर्ने अवसर पाएको हुने।

५.आधारभूत तहमा कार्यान्वयनमा रहेको स्थानीय पाठ्यक्रमको सान्दर्भिकता तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भई दैनिक जीवनका लागि आवश्यक व्यवहारकुशल तथा जीवनोपयोगी सीपहरू,स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञान, सकारात्मक सोच, निरन्तर सिकाइप्रति प्रतिवद्ध र रोजगार उन्मुख नागरिक तयार गर्ने महत्वपूर्ण साधन भएको हुने।

६.प्रविधिमैत्री, क्षमतावान र सक्षम शिक्षकको व्यवस्था भई विद्याथीको सिकाइमा सुधार भएको हुने।

७.सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त भएको हुने।

८.विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सवैका लागि गुणस्तरीय शिक्षाको अवसर सुनिश्चितता भएको हुने।

९.विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य र पोषणको अवस्थामा सुधार आएको साथै स्वच्छ खानेपानी तथा सरसफाइप्रति सचेत भएको हुने।

१०.आर्थिक अभावका कारणले कुनै पनि बालबालिका शिक्षाको अवसरबाट वञ्चित भएको अवस्था नहुने।

११.हरेक परिस्थितिमा बालबालिकाले भौतिक तथा मनोवैज्ञानिक सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित भएको हुने।

१२.समुदाय तथा विद्यालयमा सूचना तथा सञ्चार प्रविधिमैत्री वातावरण निर्माण भइ विद्यालय शिक्षाको व्यवस्थापनमा सुशासन प्रवर्धन भएको हुने।

१३.शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्धन भइ बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीमा विकास भएको हुने।

१४.प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनका समस्या तथा चुनौतीहरु सम्बोधन गरी आवश्यकतामा आधारित योजना निर्माण भएको हुने।

## २.७ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

गाउँपालिकाको १० वर्षे शिक्षा क्षेत्रको योजनाका मुख्य कार्य सम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य निम्न बमोजिम निर्धारण गरीएको छ:

| क्र.स | सूचक | राष्ट्रिय, प्रदेश र स्थानीय तहको सूचक | आधार वर्ष २०७८ | २०८० | २०८३ | २०८८ | सूचकको स्रोत | कार्यसम्पादन सम्बन्धी सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| **१.प्रारम्भिक बाल विकास र शिक्षा** | | | | | | | | |
| १.१ | प्रारम्भिक बाल विकास र शिक्षामा कुल भर्ना दर | स्थानीय तह | ४६ | ५७.८ | ७५.५ | १०५ | Flash Report 2077 | |
| | | प्रदेश | ५५.३ | - | - | - | Flash Report 2077 | |
| | | राष्ट्रिय | ८९.६ | ९२.८ | ९७.९ | १०६.९ | SESP | |
| १.२ | प्रारम्भिक बाल विकास र शिक्षाको अनुभव लिई कक्षा १ मा भर्ना भएका बालबालिका | स्थानीय तह | ७२.६ | ७८.१ | ८६.३ | १०० | IEMIS 2078 | |
| | | प्रदेश | ६४.५ | - | - | - | Flash Report 2077 | |
| | | राष्ट्रिय | ७४.९ | ७९.२ | ८६.२ | ९९.२ | SESP | |
| **२.आधारभूत शिक्षा (कक्षा १-८)** | | | | | | | | |
| २.१ | कक्षा १ मा भर्ना भएका बालबालिकाको खुद भर्ना दर | स्थानीय तह | ९७.४३ | ९७.९ | ९८.७ | १०० | Flash Report 2077 | |
| | | प्रदेश | ९७.६ | - | - | - | Flash Report 2077 | |
| | | राष्ट्रिय | ९६.१ | ९७ | ९८.१ | १०० | SESP | |
| २.२ | कक्षा १ मा भर्ना भएका बालबालिकाको कुल प्रवेश दर | स्थानीय तह | ११६.१ | ११२.८ | १०८.० | १०० | Flash Report 2077 | |
| | | प्रदेश | १२३.८ | - | - | - | Flash Report 2077 | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | १२७ | १२५.३ | १२२.८ | ११८.८ | SESP | |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर | स्थानीय तह | ९७.७ | ९८.२ | ९८.९ | १०० | Flash Report 2077 | |
| | | प्रदेश | ९७.१ | - | - | - | Flash Report 2077 | |
| | | राष्ट्रिय | ९६.९ | ९७.५ | ९८.४ | १०० | SESP | |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कुल भर्ना दर | स्थानीय तह | १०२.३ | १०१.८ | १०१.२ | १०० | Flash Report 2077 | |
| | | प्रदेश | ११५.५ | - | - | - | Flash Report 2077 | |
| | | राष्ट्रिय | १२२ | १२१.७ | १२१.४ | १२०.८ | SESP | |
| २.५ | आधारभूत तहको कक्षा ५ को खुद प्रवेश दर | स्थानीय तह | N/A | ८८.० | ९२.५ | १०० | | |
| | | प्रदेश | N/A | - | - | - | | |
| | | राष्ट्रिय | N/A | - | - | - | | |
| २.६ | आधारभूत तहको कक्षा ५ को कुल प्रवेश दर | स्थानीय तह | N/A | ९२.० | ९५.० | १०० | | |
| | | प्रदेश | N/A | - | - | - | | |
| | | राष्ट्रिय | N/A | - | - | - | | |
| २.७ | आधारभूत तहको कक्षा ५ सम्मको टिकाउ दर | स्थानीय तह | ८१.४५ | ८५.२ | ९०.७ | १०० | Flash Report 2077 | |
| | | प्रदेश | N/A | - | - | - | | |
| | | राष्ट्रिय | N/A | - | - | - | | |
| २.८ | आधारभूत तह (प्राथमिक कक्षा ५) पुरा गर्ने दर | स्थानीय तह | ९२.३८ | ९३.७ | ९५.७ | ९९ | Flash Report 2077 | |
| | | प्रदेश | N/A | - | - | - | | |
| | | राष्ट्रिय | N/A | - | - | - | | |
| २.९ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका प्रतिशत | स्थानीय तह | ४.६ | ३.७ | २.३ | ० | Flash Report 2077 | |
| | | प्रदेश | १८.४ | - | - | - | Flash Report 2077 | |
| | | राष्ट्रिय | २५.१ | २४.२ | २३ | २०.८ | SESP | |
| २.१० | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कुल भर्नादरमा लैङ्गिक समता सूचाङ्क | स्थानीय तह | १.०४ | १.० | १.० | १ | Flash Report 2077 | |
| | | प्रदेश | १.०४ | - | - | - | Flash Report 2077 | |
| | | राष्ट्रिय | N/A | - | - | - | | |
| २.११ | | स्थानीय तह | ८७.८ | ९०.२ | ९३.९ | १०० | Flash Report 2077 | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर | | प्रदेश | ८९.७ | - | - | - | Flash Report 2077 | |
| | | | राष्ट्रिय | ९५.१ | - | - | - | SESP | |
| २.१२ | आधारभूत तह (कक्षा १-८) मा कुल भर्ना दर | | स्थानीय तह | ९५.६ | ९७.५ | १००.३ | १०५ | Flash Report 2077 | |
| | | | प्रदेश | १०८.२ | - | - | - | Flash Report 2077 | |
| | | | राष्ट्रिय | ११८ | ११५.५ | १११.८ | १०६ | SESP | |
| २.१३ | आधारभूत तह कक्षा ८ सम्मको टिकाउ दर | | स्थानीय तह | ५८.७५ | ६६.० | ७६.९ | ९५ | Flash Report 2077 | |
| | | | प्रदेश | N/A | - | - | - | | |
| | | | राष्ट्रिय | ८३.३ | ८६.४ | ९०.९ | ९९ | SESP | |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पुरा गर्ने दर | | स्थानीय तह | N/A | ७१.६ | ८१.५ | ९८ | | |
| | | | प्रदेश | N/A | - | - | - | | |
| | | | राष्ट्रिय | ७६.२३ | ८०.३ | ८६.९ | ९८.९ | SESP | |
| २.१५ | आभारभूत तह (कक्षा १-८) मा कुल भर्नादरमा लैङ्गिक समता सूचाङ्क | | स्थानीय तह | १ | १.० | १.० | १ | Flash Report 2077 | |
| | | | प्रदेश | १.०३ | - | - | - | Flash Report 2077 | |
| | | | राष्ट्रिय | N/A | - | - | - | | |
| २.१६ | कक्षा ३ मा सिकाइं उपलब्धि प्रतिशत | नेपाली भाषा | स्थानीय तह | ५०.९ | ५६.७ | ६५.५ | ८० | IEMIS | |
| | | | प्रदेश | N/A | - | - | - | | |
| | | | राष्ट्रिय | N/A | - | - | - | | |
| | | गणित | स्थानीय तह | ५१.१ | ५६.९ | ६५.६ | ८० | IEMIS | |
| | | | प्रदेश | N/A | - | - | - | | |
| | | | राष्ट्रिय | N/A | - | - | - | | |
| २.१७ | कक्षा ५ मा सिकाई उपलब्धि प्रतिशत | नेपाली भाषा | स्थानीय तह | ५०.७ | ५६.५ | ६५.३ | ८० | IEMIS | |
| | | | प्रदेश | N/A | - | - | - | | |
| | | | राष्ट्रिय | ३५ | - | - | - | SESP | |
| | | गणित | स्थानीय तह | ५१.५ | ५७.२ | ६५.७ | ८० | IEMIS | |
| | | | प्रदेश | N/A | - | - | - | | |
| | | | राष्ट्रिय | २८ | - | - | - | SESP | |
| २.१८ | कक्षा ८ मा सिकाई उपलब्धि प्रतिशत | नेपाली भाषा | स्थानीय तह | ४७.७ | ५४.२ | ६३.९ | ८० | SESP | |
| | | | प्रदेश | N/A | - | - | - | | |
| | | | राष्ट्रिय | ६९ | - | - | - | SESP | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | गणित | स्थानीय तह | ४७.५ | ५४.० | ६३.८ | ८० | IEMIS | |
| | | | प्रदेश | N/A | - | - | - | | |
| | | | राष्ट्रिय | ४६ | - | - | - | SESP | |
| २.१९ | विद्यालय वाहिर रहेका वालवालिका प्रतिशत | आधारभूत ( कक्षा १-५) | स्थानीय तह | २.३ | १.८ | १.२ | ० | Flash Report 2077 | |
| | | | प्रदेश | २.९ | - | - | - | Flash Report 2077 | |
| | | | राष्ट्रिय | ३.१ | - | - | - | SESP | |
| | | आधारभूत ( कक्षा १-८) | स्थानीय तह | १२.२ | ९.८ | ६.१ | ० | Flash Report 2077 | |
| | | | प्रदेश | १०.३ | - | - | - | Flash Report 2077 | |
| | | | राष्ट्रिय | ४.९ | - | - | - | Flash Report 2077 | |
| २.२० | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कुल शिक्षकमध्ये महिला शिक्षकको प्रतिशत | | स्थानीय तह | ३५.७ | ३८.६ | ४२.९ | ५० | IEMIS 2078 | |
| | | | प्रदेश | २७.६ | - | - | - | Flash Report 2077 | |
| | | | राष्ट्रिय | ४७.२ | ४७.८ | ४८.६ | ५० | SESP | |
| **३. माध्यमिक शिक्षा (कक्षा ९-१२)** | | | | | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्नादर | | स्थानीय तह | २९.९ | ३९.९ | ५५.० | ८० | Flash Report 2077 | |
| | | | प्रदेश | ४५.७ | - | - | - | | |
| | | | राष्ट्रिय | ५४ | ५७.६ | ६३.६ | ७५ | SESP | |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कुल भर्नादर | | स्थानीय तह | ८६.३ | ८८.० | ९०.७ | ९५ | Flash Report 2077 | |
| | | | प्रदेश | ७८.२ | - | - | - | | |
| | | | राष्ट्रिय | ७६.१ | ७८.७ | ८२.७ | ९० | SESP | |
| ३.३ | माध्यमिक तहमा कुल भर्नादरमा लैङ्गिक समता सूचाङ्क | | स्थानीय तह | १.०५ | १.० | १ | १ | Flash Report 2077 | |
| | | | प्रदेश | १ | - | - | - | | |
| | | | राष्ट्रिय | N/A | - | - | - | | |
| ३.४ | आधारभूत तहवाट माध्यमिक तहमा ट्रान्जिसन दर | | स्थानीय तह | N/A | ८७.० | ९०.० | ९५ | | |
| | | | प्रदेश | N/A | - | - | - | | |
| | | | राष्ट्रिय | N/A | - | - | - | | |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर | | स्थानीय तह | N/A | ६१.० | ७०.० | ८५ | | |
| | | | प्रदेश | N/A | - | - | - | | |
| | | | राष्ट्रिय | ६६.१ | ६९.६ | ७५ | ८५ | SESP | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर | | स्थानीय तह | N/A | ५५.० | ६२.५ | ७५ | | |
| | | | प्रदेश | N/A | - | - | - | | |
| | | | राष्ट्रिय | ३३.१ | ३६.६ | ४२.७ | ५५.२ | SESP | |
| ३.७ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षकको प्रतिशत | | स्थानीय तह | १४.३ | १८.४ | २४.७ | ३५ | IEMIS 2078 | |
| | | | प्रदेश | १४.५ | - | - | - | | |
| | | | राष्ट्रिय | २०.४ | २२.५ | २६.१ | ३३.५ | SESP | |
| ३.८ | माध्यमिक तह (कक्षा ९-१२) मा अध्ययनरत विद्यार्थी मध्ये प्राविधिक तथा व्यवसायिक शिक्षा विषयमा भर्ना भएका विद्यार्थी प्रतिशत | | स्थानीय तह | N/A | २५.० | ३२.५ | ४५ | | |
| | | | प्रदेश | N/A | - | - | - | | |
| | | | राष्ट्रिय | ७.१ | ७ | ७.२ | ८.७ | SESP | |
| ३.९ | कक्षा १० का विद्यार्थी सिकाई उपलब्धि | नेपाली भाषा | स्थानीय तह | ३६.१ | ४३.९ | ५५.५ | ७५ | IEMIS 2078 | |
| | | | प्रदेश | N/A | - | - | - | | |
| | | | राष्ट्रिय | N/A | - | - | - | | |
| | | गणित | स्थानीय तह | ३६.४ | ४४.२ | ५५.७ | ७५ | IEMIS 2078 | |
| | | | प्रदेश | N/A | - | - | - | | |
| | | | राष्ट्रिय | N/A | - | - | - | | |
| | | विज्ञान | स्थानीय तह | ३६.५ | ४४.२ | ५५.८ | ७५ | IEMIS 2078 | |
| | | | प्रदेश | N/A | - | - | - | | |
| | | | राष्ट्रिय | N/A | - | - | - | | |
| | | अंग्रेजी | स्थानीय तह | ३६.२ | ४३.९ | ५५.६ | ७५ | IEMIS 2078 | |
| | | | प्रदेश | N/A | - | - | - | | |
| | | | राष्ट्रिय | N/A | - | - | - | | |
| **४.जीवनपर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा** | | | | | | | | | |
| ४.१ | साक्षरता दर (१५ वर्ष भन्दा माथि) | | स्थानीय तह | ४१.८ | ६४.० | ७७.५ | १०० | Census 2068 | |
| | | | प्रदेश | N/A | - | - | - | | |
| | | | राष्ट्रिय | ५८ | - | - | १०० | SESP | |
| ४.२ | साक्षरता दर (६ वर्ष भन्दा माथि) | | स्थानीय तह | ५०.६ | ८०.० | ८७.५ | १०० | Census 2068 | |
| | | | प्रदेश | N/A | - | - | - | | |
| | | | राष्ट्रिय | ७८ | - | - | १०० | SESP | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४.३ | साक्षरता दर (१५-२४ वर्ष उमेर समुह) | स्थानीय तह | ६२.५ | ८८.० | ९२.५ | १०० | Census 2068 | |
| | | प्रदेश | N/A | - | - | - | | |
| | | राष्ट्रिय | ९२ | - | - | १०० | SESP | |
| ४.४ | साक्षरता दरमा लैगिक समता (१५ वर्ष भन्दा माथि) | स्थानीय तह | ०.७३ | ०.८ | ०.९ | १ | Census 2068 | |
| | | प्रदेश | N/A | - | - | - | | |
| | | राष्ट्रिय | N/A | - | - | - | | |
| **५.प्राविधिक तथा व्यवसायिक शिक्षा र सिप विकास तालिम** | | | | | | | | |
| ५.१ | प्राविधिक तथा व्यवसायिक सिप विकास तथा तालिम प्राप्त आर्थिक रुपले सक्रिय जनशक्ति प्रतिशत | स्थानीय तह | N/A | २४.० | ३०.० | ४० | | |
| | | प्रदेश | N/A | - | - | - | | |
| | | राष्ट्रिय | ३८ | ५० | - | - | MoEST | |
| ५.२ | प्राविधिक तथा व्यवसायिक शिक्षा (कक्षा ९-१२ वा डिप्लोमा वा प्रि-डिप्लोमा वा सो सरह) उतीर्ण जनशक्ति ( वार्षिक संख्या) | स्थानीय तह | N/A | ३५.० | ६०.० | १०० | | |
| | | प्रदेश | N/A | - | - | - | | |
| | | राष्ट्रिय | N/A | - | - | - | | |
| **६.सुशासन तथा व्यवस्थापन** | | | | | | | | |
| ६.१ | आधारभुत तह (कक्षा १-५) मा विद्यार्थी-शिक्षक अनुपात ( सामुदायिक विद्यालय) | स्थानीय तह | ४२.७५ | ४१.२ | ३८.९ | ३५ | IEMIS 2078 | |
| | | प्रदेश | ३५ | - | - | - | Flash Report 2077 | |
| | | राष्ट्रिय | N/A | - | - | - | | |
| ६.२ | आधारभुत तह (कक्षा ६-८) मा विद्यार्थी-शिक्षक अनुपात ( सामुदायिक विद्यालय) | स्थानीय तह | १७२.८ | १४५.३ | १०३.९ | ३५ | IEMIS 2078 | |
| | | प्रदेश | ६५ | - | - | - | | |
| | | राष्ट्रिय | N/A | - | - | - | | |
| ६.३ | आधारभुत तह (कक्षा १-८) मा विद्यार्थी-शिक्षक अनुपात ( सामुदायिक विद्यालय) | स्थानीय तह | ५३.९ | ५०.१ | ४४.५ | ३५ | IEMIS 2078 | |
| | | प्रदेश | ४१ | - | - | - | Flash Report 2077 | |
| | | राष्ट्रिय | ३० | ३० | - | - | MoEST | |
| ६.४ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थी-शिक्षक अनुपात ( सामुदायिक विद्यालय) | स्थानीय तह | ७२.३ | ६३.८ | ५१.२ | ३० | IEMIS 2078 | |
| | | प्रदेश | ४७ | - | - | - | Flash Report 2077 | |
| | | राष्ट्रिय | N/A | - | - | - | | |
| ६.५ | | स्थानीय तह | १२२.७ | १०४.२ | ७६.४ | ३० | IEMIS 2078 | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | माध्यमिक तह (कक्षा ९-१२) मा विद्यार्थी-शिक्षक अनुपात (सामुदायिक विद्यालय) | प्रदेश | ५२ | - | - | - | Flash Report 2077 | |
| | | राष्ट्रिय | ३२ | ३० | - | - | MoEST | |
| **७.शिक्षामा लगानी** | | | | | | | | |
| ७.१ | कुल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट | स्थानीय तह | ५ | १०.० | १५.० | २० | | |
| | | प्रदेश | N/A | - | - | - | | |
| | | राष्ट्रिय | १०.९ | १२.३ | १४.८ | २० | SESP | |
| ७.२ | आधारभुत तह (कक्षा १-८) मा प्रति विद्यार्थी सरकारी खर्च (रु.हजारमा) | स्थानीय तह | ३ | ४.० | १०.० | १५ | | |
| | | प्रदेश | N/A | - | - | - | | |
| | | राष्ट्रिय | २१ | २४ | - | - | MoEST | |
| ७.३ | माध्यमिक तह (कक्षा ९-१२) मा प्रति विद्यार्थी सरकारी खर्च (रु.हजारमा) | स्थानीय तह | २ | ३.० | ७.० | १० | | |
| | | प्रदेश | N/A | - | - | - | | |
| | | राष्ट्रिय | १३ | १७ | - | - | MoEST | |

शैक्षिक क्षेत्रको माग र आवश्यकतालाई मध्यनजर गर्दै यस क्षेत्रलाई शैक्षिक हवको रुपमा रुपान्तरण गर्न सभ्य, शिक्षित, प्रविधि र रोजगार उन्मुख, सुखी तथा समृद्ध समाजमा रुपान्तरण गर्न यस योजनाको विकास गर्दा परिवर्तनको सिद्धान्तलाई आत्मसात गरीएको छ। परिवर्तनको सिद्धान्तमा आधारित भएर योजना विकास गर्दा हाम्रो वर्तमान धरातल के कस्तो छ ? समस्या तथा चुनौतीहरू के के छन ? भन्ने विषय उठान गरि वर्तमान अवस्थाको विश्लेषण गरिएको छ। पहिलो चरणमा योजना तथा कार्यक्रमको गन्तव्य वा अपेक्षित प्रभाव पहिचान गरिएको छ। गन्तव्य पहिचान गरिसकेपछि गन्तव्यमा पुग्ने आवश्यकताका आधारमा पछिल्ला चरणहरू क्रमशः पहिचान गरिएको छ। गन्तव्यमा पुग्ने आधारका रूपमा रहने यस्ता उपलब्धिहरूका पनि श्रृङ्खलाहरू हुन सक्ने भएकाले, तत्कालीन, मध्यकालीन र दीर्घकालीन उपलब्धिहरू क्रमशः पहिचान भएका छन पहिचान गरिएका उपलब्धिहरू प्राप्त भए नभएको वा के कति मात्रामा उपलब्धि प्राप्त भए भन्ने आधारमा निर्धारण गर्नका लागि उपलब्धि सूचकहरू तयार भएका छन। शिक्षा क्षेत्रको यस योजनालाई निम्नअनुसार परिवर्तनको सिद्धान्तमा आधारित बनाइएको छ :

## १. अपेक्षित प्रभाव वा गन्तव्य पहिचान

योजनाका लागि परिवर्तनको सिद्धान्त विकास गर्न सर्वप्रथम योजनाको कार्यान्वयनबाट अपेक्षा गरिएका प्रभाव अर्थात योजनाको गन्तव्य पहिचान गरिएको छ। नेपालको संविधानले समतामूलक तथा न्यायपूर्ण समाज विकास गर्ने दृष्टिकोण राखेको छ। यसका लागि आर्थिक तथा सामाजिक रुपान्तरण आवश्यक छ।समृद्ध नेपाल र सुखी नेपालीको आकांक्षा पूरा गर्न नेपाल सरकारले विकासको २५ वर्षे दीर्घकालीन सोच तयार गरि सोही अनुरुप पन्ध्रौं योजना २०७६-२०८० विकास गरेको छ। यो दीर्घकालीन आकांक्षा

पूरा गर्न शिक्षा क्षेत्रले पनि योगदान गर्नु पर्ने आवश्यकतालाई दृष्टिगत गरि यस गाउँपालिकाले पनि शिक्षा क्षेत्रको १० वर्षे योजनाको अपेक्षित प्रभाव वा गन्तव्य पहिचान गरेको छ।

### २. अपेक्षित उपलब्धि तयारी

परिवर्तनको सिद्धान्त विकास गर्ने क्रममा योजनाको गन्तव्यमा पुग्नका लागि आवश्यक हुने उपलब्धिहरू तयार गरिएको छ। यस्ता उपलब्धिहरु तत्कालीन, मध्यकालीन र दीर्घकालीन प्रकृतिका छन। यस योजनाको दीर्घकालीन अपेक्षित उपलब्धि २१ औं शताब्दीको आवश्यकतालाई सम्बोधन तथा अवसरलाई उपयोग गर्न सक्ने सामाजिक मूल्य मान्यताप्रति सचेत तथा समता र समावेशितालाई आत्मसात गर्ने नागरिक तयार हुने रहेको छ। मध्यकालीन अपेक्षित उपलब्धि प्राप्त गर्नका लागि गुणस्तरीय विद्यालय शिक्षा अधिकारका रूपमा स्थापित भई सबैका लागि सहज पहुँच सहभागिता र निरन्तरताको सुनिश्चितता सहित समता र समावेशिता प्रवर्धन हुने जस्ता व्यवस्था राखिएको छ। यसका साथै अल्पकालीन अपेक्षित उपलब्धिको रुपमा ८ ओटा अपेक्षित मुख्य उपलब्धिहरू तय गरि परिच्छेद २ मा उल्लेख गरिएको छ। यी उपलब्धि प्राप्त भएको सुनिश्चित गर्नका लागि उपलब्धि सूचकहरू तयार गरि परिच्छेद ८ मा मुख्य उपलब्धि सूचकहरू र समग्र उपलब्धि सूचकहरू तयार गरिएको छ ।

### ३. नतिजा

फरक फरक स्तरका उपलब्धिहरू तयार गरेपछि ती उपलब्धिका लागि के कस्ता नतिजाहरू आवश्यक हुने हो भन्ने कुरा तय गरिएको छ। उदाहरणका लागि सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित हुने भन्ने उपलब्धि प्राप्तिका लागि सबै बालविकास तथा शिक्षा केन्द्रहरूमा न्यूनतम भौतिक पूर्वाधार, शैक्षिक सामग्री, सरसफाइ तथा स्वच्छताको प्रबन्ध, न्यूनतम योग्यता पुगेका, तालिम प्राप्त र उत्प्रेरित शिक्षक, पौष्टिक तथा स्वास्थकर दिवाखाजा, आधारभूत स्वास्थ्य सेवा, वालमैत्री वातावरण, स्वतन्त्र सिकाइ, प्रकोप तथा महामारीमा वैकल्पिक सिकाइ, समता तथा समावेशी सिकाइजस्ता नतिजाहरू रहेका छन ।

### ४. रणनीति तथा क्रियाकलापहरू

नतिजा प्राप्तिका लागि विभिन्न रणनीति तथा क्रियाकलापहरू आवश्यक हुन्छन। एउटा नतिजाका लागि एक वा एकभन्दा बढी क्रियाकलापहरू आवश्यक हुन सक्दछन भने एउटा क्रियाकलाप एक वा एकभन्दा वढी नतिजासँग पनि सम्बन्धित हुन सक्दछ । यी रणनीति तथा क्रियाकलापका लागि कार्यान्वयन प्रबन्ध तथा आवश्यक स्रोत तथा साधनाको आकलन पनि गरिएको छ। उल्लिखित नतिजाको श्रृङ्खला सहित उपलब्धि तथा गन्तव्य प्राप्तिका लागि अपेक्षित स्रोत साधन, संरचना, उत्तरदायित्व, साझेदार तथा सरोकारवालाहरूको सकारात्मक सहयोग तथा सहकार्यमा निरन्तरता हुने मान्यताहरूका आधारमा यो परिवर्तनको सिद्धान्त विकास गरि सोही बमोजिम योजना तर्जुमा गरिएको छ।

# परिच्छेद तीन: विद्यालय क्षेत्रका मुख्य उपक्षेत्रहरु

पहिलो परिच्छेदमा यस शिक्षा क्षेत्रको योजनाको सन्दर्भ र विद्यालय क्षेत्रको वर्तमान अवस्थाको समग्र समीक्षा गरिएको छ । यसले शिक्षा क्षेत्रको योजनाको आवश्यकता तथा प्राथमिकता पहिचान गर्ने आधार तयार गरेको छ। परिच्छेद दुईमा यस योजनाका समग्र दूरदृष्टि, ध्येय, उद्देश्य, रणनीति तथा लक्ष्यहरू पहिचान गरिएको छ।

तेश्रो परिच्छेदमा विद्यालय क्षेत्रअन्तर्गतका विभिन्न उपक्षेत्रहरू: बालिवकास र शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा र अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका वर्तमान अवस्थाको समीक्षा गरी चुनौतीहरू पहिचान गरिएको छ भने पाठ्यक्रम तथा मूल्याङ्कन र शिक्षक विकास तथा व्यवस्थापन जस्ता सबैजसो उपक्षेत्रसँग अन्तर विषयहरूको वर्तमान अवस्थाको समीक्षा गरि चुनौतीहरू पहिचान गरिएको छ। यसमा प्रत्येक उपक्षेत्रको वर्तमान अवस्थाको समीक्षा र पहिचान गरिएका चुनौतीहरूलाई दृष्टिगत गरेर योजनाका उद्देश्य, चुनौतीहरू सामना गरि उद्देश्य प्राप्तिका लागि आवश्यक उपक्षेत्रगत रणनीतिहरू र प्रमुख क्रियाकलापहरू तथा लक्ष्यहरू निर्धारण गरिएको छ ।

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

### ३.१.१ परिचय

नेपालको संविधान २०७२ को धारा ३९ बालबालिकाको हकको उपधारा (३) मा "प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा वाल सहभागिताको हक हुनेछ" भनी उल्लेख गरिएको छ साथै शिक्षा ऐन २०२८ को आठौँ संशोधनले बालविकास शिक्षालाई विद्यालय शिक्षा कै अंगको रूपमा मान्यता दिएको छ । प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमले बालबालिकालाई लेखपढ गराउने वा अक्षर तथा अङ्क चिनाउने कार्यमा जोड दिने भन्दा बालबालिकाको सर्वाङ्गीण विकासमा सहयोग गर्नाका साथै आधारभूत शिक्षाको लागि तयार गराउन सहयोग गर्नुपर्छ। प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमहरू विभिन्न समयावधिका सञ्चालन गर्ने प्रचलन भए पनि चार वर्ष उमेर पुगेका बालबालिकाका लागि एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन गरिने व्यवस्था नेपालको निःशुल्क तथा अनिवार्य शिक्षा ऐन, २०७५ तथा राष्ट्रिय शिक्षा नीति, २०६७ मा उल्लेख भएको र नेपालको पन्ध्रौं योजनामा पनि सोही व्यवस्था गरिएको सन्दर्भमा यस शिक्षा योजनामा पनि एकवर्षे बालविकास कार्यक्रम समावेश गरिएको छ। सरकारी तथा गैरसरकारी संस्था, स्थानीय सरकार, समुदाय, निजी क्षेत्र र विद्यालयहरूको सहयोगले यस पालिकामा प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम विस्तारमा महत्वपूर्ण उपलब्धि हासिल भएको छ। बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक एवं नैतिक सृजनात्मक पक्षको विकासमा सघाउँदै उनीहरूलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यले सञ्चालित यो कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकोले पनि यसलाई सर्वसुलभ र गुणस्तरीय बनाउनु स्थानीय सरकारको दायित्व भित्र पर्दछ। यसै कुरालाई मध्यनजर गरेर जिराभवानी गाउँपालिकाले निर्माण गरेको यस शिक्षा योजनामा प्रारम्भिक बालविकास शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउने प्रयास स्वरुप कार्यक्रमहरू समावेश गरिएको छ ।

### ३.१.२ वर्तमान अवस्था

जिराभवानी गाउँपालिकामा हाल २२ वटै विद्यालयमा बालविकास केन्द्रहरू सञ्चालनमा रहेका छन । यी वालविकास केन्द्रहरुमा जम्मा २७ जना सहजकर्ता सेवारत छन । फलैस रिपोर्ट २०७७ अनुसार ४ वर्ष उमेरको कूल जनसंख्या ६५६ रहेको यस पालिकामा ५०९ जना बालबालिका बालविकास केन्द्रमा भर्ना भएका छन कक्षा १ मा प्रारम्भिक बालविकास तथा शिक्षा अनुभव सहितको भर्नादर ७२.६ प्रतिशत रहेको छ। प्रारम्भिक वालविकास तथा शिक्षामा लैङ्गिक समता सूचक १.३ प्रतिशत रहेको छ। प्रारम्भिक बालविकास तथा शिक्षामा कार्यरत सहजकर्ताहरुमध्ये १०० प्रतिशत महिला रहेका छन । जम्मा बालविकास सहजकर्ताको संख्या २४ रहेको छ । भौतिक रुपमा हेर्दा प्रारम्भिक बालविकास सम्बन्धी न्यूनतम मापदण्ड निर्देशिका २०६७ पहिलो संशोधन (२०७५) अनुसार यस पालिका अन्तर्गत कुनै पनि बालविकास केन्द्रको न्यूनतम मापदण्ड नपुगेको देखिन्छ। प्राय:वालविकास केन्द्रहरु बालमैत्री, अपाङ्ग मैत्री, लैङ्गिक मैत्री बन्न सकेका छैनन । एकातिर सहजकर्ताका लागि उत्प्रेरणा र मनोवल वढाइ पेशामा क्रियाशील बनाउन पारिश्रमिकतामा न्यूनता छ भने अर्कातिर उनीहरुका लागि कुनै सघन तथा पुनर्ताजगी तालिम प्रदान गर्ने व्यवस्था गरिएको छैन। फ्लैस रिपोर्ट २०७७ अनुसार यस गाउँपालिकाको प्रारम्भिक बालविकास शिक्षामा कूल भर्ना दर ४६ र खुद भर्ना दर ४५.९ प्रतिशत रहेको छ । प्रत्येक बर्ष कुल भर्नादरमा सुधार देखिन्छ । शिक्षाको गुणस्तर अभिवृद्धिको लागि विद्याथीहरुको शिक्षाको आधार पुर्व प्राथमिक तह नै प्रमुख भएकोले सो जगलाई वलियो वनाउन पहिलो ध्यान केन्द्रित गर्नु पर्दछ । जिराभवानी गाउँपालिकाको वाल विकासको विभिन्न गतिविधिहरुको सन्र्दभमा विश्लेषण गर्दा समग्रमा वाल विकास सम्वन्धी राज्यले लिएको योजना, निति, रणनिति, कार्यक्रमहरुले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभाव पारीरहेको देखिन्छ । पुर्व प्राथमिक पाठयक्रम,पाठयपुस्तक सम्वन्धमा स्पष्ट अवधारणाहरु राज्यको तहबाट निर्देशित देखिन्दैन । शिशु तहका वालवालिकामा वोलिको विकास, शारिरीक र मानसिक रुपमा विकासको प्रारम्भिक चरणमा रहेको हुँदा कक्षा १ मा पठन पाठन हुने पाठय सामग्रीहरु अध्ययन अध्यपान गर्न सहज हुने र सिकाइ प्रति सकारात्मक भावनाको विकास हुने भएकोले सोही आधारमा वालवालिकाहरुको आधार स्तम्भको रुपमा रहेको वालविकासका विद्याथीहरुको अभिरुचिसंग र कक्षा १ मा वाविका विद्याथी पुग्दा सिकाइसंग समायोजन हुन सक्ने आधारको रुपमा रहने पाठयसामग्रीहरु राज्यबाट सुनिश्चित हुन जरुरीछ ।

वाल विकासको लागि प्रदेश सरकारको ध्यान केन्द्रित हुनु, खाजा कार्यक्रम लागु हुनु, वाल विकास केन्द्रको लागि धेरैजसो विद्यालयमा वेग्लै कक्षा कोठा हुनु, वाल वालिकाहरुको लागि वाल विकास शिक्षाको महत्वको वारेमा अभिभावकहरुमा चेतनाको स्तर विकास हुनु, स्थानीय सरकारले स्थानीय शिक्षा ऐन जारी गरि व्यवस्थापन प्रकृया अगाडि वढाउनु आदिले यस क्षेत्रको सुधार र विकासको स्पष्ट अवसर देखिन्छ ।यस क्षेत्रको चुनौतीको रुपमा सहजकर्ताहरुले कतिपय ठाँउमा शिक्षकको अभावमा अन्य कक्षाहरु पनि सहजीकरण गर्नु पर्ने, वाल विकास केन्द्रका वाल विकास सहजकर्ताहरुले कम परिश्रमिक प्राप्त गर्नु, वाल विकास केन्द्रहरुको वगीकरण नगर्नु, धेरै वाल विकास केन्द्रहरुमा स्तर वृद्धिमा कमी र सरकारले तोकेको आधारभुत मापदण्ड पुरा हुन नसक्नु आदि रहेका छन । यस क्षेत्रका समस्या र चुनौतिहरु तपशिलमा उल्लेखित अनुसारका रहेका छन् :

१.सवै प्रारम्भिक बालविकास केन्द्रमा न्यूनतम मापदण्ड पूरा नहुनु ।

२.तोकिएको उमेरमा बालविकास कक्षामा  नहुनु ।

३.सहजकर्ताहरुको पारश्रिमिक वृद्धि, वृत्ति विकास र क्षमता विकास नहुनु।

४.बालविकास उमेरका सवै बालबालिका बालविकास केन्द्रमा भर्ना नहुनु ।

३.१.३ उद्देश्य

सवै बालबालिकाहरुलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नु बालविकास र शिक्षा कार्यक्रमको प्रमुख उद्देश्य हो। यो उद्देश्य परिपूर्तिका लागि शिक्षा क्षेत्रको योजनाले प्रारम्भिक बालविकास तथा शिक्षासम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छ ।

१. चार वर्ष उमेरका सवै बालबालिकाको सर्वाङ्गीण विकास र आधारभूत शिक्षाको तयारीका लागि प्रारम्भिक बालविकास सेवामा पहुँच वढाउनु

२. प्रारम्भिक बालविकास तथा शिक्षाका सेवाहरूमा गुणस्तर सुनिश्चित गर्नु

३. सवै बालबालिकाहरूलाई प्रारम्भिक बालशिक्षाको अनुभव सहित कक्षा १ मा भर्ना गराउनु

३.१.४ रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्वन गरीने छ ।

१.सबै बालबालिकाको पहुँचका लागि सङ्घीय सरकारले निर्धारण गरेको मापदण्ड, नर्म्स र ढाँचा अनुसार प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन गर्ने

२.कार्यक्रमको नक्साङ्कन, पुनर्वितरण र आवश्यकता अनुसार नयाँ केन्द्र स्थापना गर्ने

३.जटिल भौगोलिक क्षेत्रमा बसोबास गर्ने, लोपोन्मुख तथा सिमान्तकृत समुदायका बालबालिकाका लागि विभिन्न नमूनाहरू विकास गरी पहुँच सुनिश्चित गर्ने

४.पाठ्यक्रमको परिमार्जन तथा अनुकूलन गर्ने

५.लागत सहभागिता अभिवृद्धि गर्ने

६.कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैर सरकारी संघ संस्था, निजि क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाउने

३.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धि**

१. सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुने ।

**ख) प्रमुख नतिजा**

१. प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सवै बालबालिकारूलाई एक बर्षको प्रारम्भिक बालविकास तथा शिक्षामा सहज पहुँच हुने

२. प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सवै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अनभव सहित कक्षा १ भा प्रवेश गर्ने अवसर हुने

३. सवै प्रारम्भिक बालविकास केन्द्रहरूमा न्यूनतम योग्यता र तालिम प्राप्त शिक्षक तथा बालबालिकाको हेरचाह तथा सहयोगका लागि सहायक कर्मचारी सहित केन्द्रले न्यूनतम मापदण्ड पुरा गरेका हुने

४.बालबालिकाहरूको विकासात्मक तथा सिकाइ आवश्यकता सम्बोधन हुने पाठ्यक्रम समायोजन तथा अनुकूलन भएको हुने

५. भौगोलिक जटिलता रहेका तथा अपाङ्गता भएका बालबालिकालाई समेट्न आवश्यकतामा आधारित जस्तै घरमा आधारित, समुदायमा आधारित, कार्यक्षेत्र तथा घुम्ती बालविकास तथा शिक्षा कार्यक्रमका नमूना विकास हुने

६. प्रारम्भिक बालविकास तथा शिक्षाको कार्यान्वयनमा परिवार, समुदाय, गैर सरकारी संघसंस्था र विद्यालयहरू जिम्मेवार भएको हुने ।

**ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य**

| क्र.स | प्रमुख क्रियाकलाप | इकाई | भौतिक लक्ष्य (बर्ष ५) | | | | | | भौतिक लक्ष्य ( १० बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्ड प्रवोधिकरण | पटक | | १ | | | | १ | २ | |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूको नक्साङ्कन तथा पुनर्वितरण | पटक | | १ | | | | १ | २ | |
| ३ | परिवार, समुदाय, गैर सरकारी संघसंस्था, निजीक्षेत्रसँगको सहकार्य | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | अपाङ्गता पहिचान गरी थप सेवा उपलब्ध गराउने | पटक | | १ | | १ | | २ | ५ | |
| ५ | सुरक्षित तथा अपाङ्गमैत्री शौचालयको व्यवस्था | विद्यालय | | २ | ४ | ४ | ४ | १४ | २२ | |
| ६ | बालबालिकाको अभिलेखीकरण | निरन्तर | | | | | | ० | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | पोषणयुक्त दिवा खाजाको व्यवस्था | विद्यालय | २२ | २२ | २२ | २२ | २२ | ११० | २२ | |
| ८ | पाठ्यक्रम प्रबोधिकरण | पटक | | १ | | | | १ | १ | |
| ९ | पूर्वाधार, सिकाइ क्षेत्र, केन्द्रको भित्री तथा बाहिरी सिकाइ तथा खेल सामग्री व्यवस्थापन | विद्यालय | | १ | | | १ | २ | ४ | |
| १० | शिक्षकको योग्यता र क्षमता विकास | पटक | | | १ | | | १ | २ | |
| ११ | बालबालिकाको स्वास्थ्य जाँच, खोप तथा स्वास्थ्य सम्बन्धी अभिलेख व्यवस्थापन, वृद्धि अनुगमन गर्ने र कुपोषण भएका बालबालिकाको आवश्यक प्रबन्ध गर्ने | पटक | | १ | | | १ | २ | ४ | |
| १२ | स्थानीय भाषालाई प्राथमिकता दिई आवश्यकताअनुसार स्थानीय भाषाको प्रयोग | निरन्तर | | | | | | ० | | |
| १३ | अभिभावक शिक्षा | विद्यालय | | १ | | १ | | २ | ५ | |
| १४ | बालवालिकाको शारीरिक, सामाजिक, मानसिक तथा भावनात्मक सुरक्षा तथा आवश्यकता अनुसार मनोसामाजिक परामर्श उपलब्ध गराउने | पटक | १ | | | १ | | २ | ५ | |
| १५ | सहजकर्ता पेशागत विकास तालिम | पटक | | १ | | | १ | २ | ४ | |
| १६ | परिवार, समुदाय, निजीक्षेत्र तथा गैर सरकारी संघसंस्थाहरूको सहभागिता, संलग्नता र जिम्मेवारी वृद्धि | निरन्तर | | | | | | ० | | |
| १७ | सहयोगीको व्यवस्था | विद्यालय | | | ६ | | ८ | १४ | २२ | |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय

शिक्षा ऐन २०२८ अनुसार "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा हो । विद्यालय क्षेत्र सुधार योजना २०६६।२०७२ ले विद्यालय शिक्षाको पुनर्संरचना गरेर कक्षा १।८ लाई आधारभूत शिक्षा र कक्षा ९-१२ लाई माध्यमिक शिक्षाको रूपमा परिभाषित गरेपछि विद्यालय शिक्षा हाल दुई तहको भएको छ। प्राथमिक र निम्न माध्यमिक तहलाई मिलाएर बनाइएको आधारभूत तहलाई संविधानको धारा ३१ (१) मा नागरिकको मौलिक हक अन्तर्गत राखिएको छ। गुणस्तरीय आधारभूत शिक्षाले गरिबी घटाउन मद्दत गर्ने र व्यक्तिको जीवनस्तरमा उल्लेखनीय सुधार ल्याउन सक्ने तथा यसबाट समाज र राष्ट्रलाई नै विकासको पथमा अगाडि बढ्नमा सहयोग हुने कुरा विभिन्न अध्ययन प्रतिवेदनहरूले देखाएका छन। युनेस्कोको एउटा प्रतिवेदनले यदि कम आय भएका मुलुकका सबै विद्याथीहरूले आधारभूत पढाइ सीप हासिल गरेर विद्यालय छाड्ने हो भने १७ करोड १० लाख मानिसलाई गरिबीबाट माथि उठाउन सकिने तथ्य प्रकाशन गरेको छ। आधारभूत तहको शिक्षाको महत्वलाई दृष्टिगत गरेर नै यसलाई योजनावद्ध रूपमा व्यवस्थित र गुणस्तरीय बनाउनका लागि जिराभवानी गाउँपालिकाले यस योजनामा आधारभूत शिक्षा अन्तर्गत कक्षा १ देखि ८ सम्मको शिक्षामा पहुँच, गुणस्तर तथा समता र व्यवस्थापकीय प्रवन्धको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौतीहरू पहिचान गरि आगामी दश वर्षका लागि यस तहको शिक्षा विकासका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ।संविधानले विद्यालय तहको शिक्षालाई स्थानीय तहको एकल अधिकार क्षेत्रभित्र तथा संघ, प्रदेश र स्थानीय सरकारको साझा अधिकारभित्र पनि राखेको छ। संविधानका उल्लिखित प्रावधानहरूले सबै बालबालिकाहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्न एकल तथा साझा सूचीका आधारमा तीनै तहका सरकार जिम्मेवार हुनुपर्ने देखिन्छ।

### ३.२.२ वर्तमान अवस्था

जिराभवानी गाउँपालिका भित्र हाल कक्षा १-३ सञ्चालित ६ वटा, कक्षा १-५ सञ्चालित १२ र कक्षा १-८ सञ्चालित १ विद्यालयहरू गरी आधारभूत विद्यालयहरूको संख्या १९ वटा रहेको छ । इमिस तथ्यांक २०७८ अनुसार आधारभूत तहमा लिङ्गको आधारमा विद्याथी हेर्दा सामुदायिक विद्यालय तर्फ कक्षा १-३ मा ५५.२ प्रतिशत छात्रा र ४४.८ प्रतिशत छात्र, कक्षा ४-५ मा ५१.३ प्रतिशत छात्रा र ४८.७ प्रतिशत छात्र, कक्षा ६-८ मा ५२ प्रतिशत छात्रा र ४८ प्रतिशत छात्र भर्ना भएको अवस्था छ । यसरी हेर्दा सामुदायिक विद्यालयमा छात्राको प्रतिशत उच्च छ । आधारभूत तहमा कार्यरत शिक्षक मध्ये ३५.६ प्रतिशत महिला रहेको देखिन्छ । विद्याथी शिक्षक अनुपात कक्षा १-५ मा ४२.७५ र कक्षा ६-८ मा १७२.८३ रहेको अवस्थामा भएपनि आधारभुत तहका शिक्षकहरु मा.वि. तहमा अध्यापन गर्नुपर्ने बाध्यता रहेको छ । विद्यालयमा रहेको पूरानो दरवन्दी संरचनाले गर्दा न्यायोचित रुपमा विद्यालय विद्याथी संख्याका आधारमा दरबन्दी नरहेको तथा शिक्षण सिकाइ पद्धतिमा वहुकक्षा शिक्षणको अधिक विद्यालयमा अभ्यास भइरहेकोले विद्याथी संख्याका आधारमा शिक्षक दरबन्दीको पुनर्वितरण गर्नु आवश्यक रहेको छ । फलैस रिपोर्ट २०७७ अनुसार कक्षा १-८ मा भने खुद भर्नादर ८७.८ र कुल भर्नादर ९५.६ प्रतिशत रहेकोले तोकिएको उमेर भन्दा माथिल्लो उमेर समूहका बालबालिकाले आधारभूत शिक्षा लिएको देखिन्छ। इमिस तथ्यांक अनुसार शैक्षिक

सत्र २०७७ को कक्षा १ देखि ५ सम्मको सिकाई उपलब्धि ५२.२ छ भने कक्षा १ देखि ८ सम्मको सिकाई उपलब्धि ५२.३ रहेको छ । आधारभूत तह कक्षा १-८ मा कुल ७० जना शिक्षक छन जसमध्ये २५ जना महिला रहेका छन । राष्ट्रिय प्रारम्भिक कक्षा पढाई कार्यक्रम अन्तर्गत यस गाउँ पालिकामा गृह तथा समुदायमा आधारित विद्यालय कार्यक्रम (Home-Schooling Program) सन्चालनमा रहेको छ । यसकार्यक्रम मार्फत मार्फत कोभिड ९ महामारी बाट बिद्याथीहरुको अबरुद्ध भएको सिकाई लाई निरन्तरता दिनका लागि शिक्षक, अभिभावक तथा विधालयको सहयोगमा क्लस्टर हरुमार्फत समुदायमा विद्याथीहरूको सिकाइ लाई निरन्तरता दिनका लागि सहयोग हुदै आएको छ ।

स्थानीय सरकारको नेतृत्वमा सञ्चालन हुने यस कार्यक्रममा प्रारम्भिक कक्षाका शिक्षक र प्रधानाध्यापकको परिचालनबाट सिकाइलाई निरन्तरता दिन सहयोग पुगेको छ । यस कार्यक्रममार्फत कक्षा १-३ का १८६६ बालबालिका हरु प्रत्यक्ष लाभान्वित भएका छन। जिराभवानी गाउँपालिका अन्तरगत शैक्षिक सँस्थाहरुमा चुनौतीका रुपमा रहेका सिकाइ हस्तान्तरणमा सर्वशुलभता, पूर्वाधारहरुको समुचित ब्यबस्थापन, समन्यायिकता, सार्वजनिक शिक्षा प्रति चासो र विश्वास सहित आकर्षणमा वृद्धि, विद्यार्थी सङ्ख्याका आधारमा कक्षागत विषयगत रुपमा दरवन्दी मिलान तथा पुन वितरण, शैक्षिक सुसाशन उतरदायित्व, ब्यबहारिक बालमैत्री तथा प्रविधिमा आधारित सिकाइ, विद्यालय बाहिर रहेका सम्पूर्ण बालबालिका भर्ना,कक्षा छाडने दर सून्य, अपेक्षित सिकाइ उपलब्धि हासिल गर्नु, सूचना तथा सञ्चारमा आएका नविनतम प्रविधिहरुलाई अबसरको रुपमा ग्रहण गर्न प्रमुख चुनौतीको रुपमा देखिन्छ । आधारभूत शिक्षा अन्तर्गत जिराभवानी गाउँपालिकामा देखिएका चुनौती तथा अवसर हरु निम्नानुसार प्रस्तुत गरिएको छ ।

१.निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षामा सवै बालबालिकाको पहुँच तथा सहभागिता सुनिश्चित गर्ने।

२.सिकाइको गुणस्तर अभिवृद्धि गरी विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार ल्याउने।

३.विद्यालयको प्रशासनिक, भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई अपाङ्ग मैत्री, बालमैत्री बनाउने।

४.विद्यालय व्यवस्थापन तथा जनसहभागितामा परिवार, समुदाय, गैरसरकारी संघ संस्था, निजी क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाउने।

५.सूचना तथा सञ्चार प्रविधिमा दक्षतामा वृद्धि गरि शिक्षण सिकाइमा प्रभावकारी ढङ्गले प्रयोग गर्ने ।

### ३.२.३ उद्देश्य

यस योजनाले आधारभूत शिक्षासम्वन्धी निम्नलिखित उद्देश्य राखेको छ -

१. आधारभूत तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु

२. प्रारम्भिक कक्षाका बालवालिकाहरूको पठन सिप अभिवृद्धि गर्नु

३. अनिवार्य तथा निशुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्नु

४. सबै बालबालिकाहरूलाई आधारभूत तह पुरा गर्ने अवस्था सुनिश्चित गर्नु

५. सबै बालबालिकाहरूमा न्यूनतम सिकाइ उपलब्धी हासिल हुने अवस्था सुनिश्चित गर्नु

६. आधारभूत विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउनु

७. विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार ल्याउनु

८. विद्यालय पद्धतिलाई विविधता अनुकूल, उत्थानशील र जवाफदेही बनाउनु

९. सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउनु

१०.अन्तरसम्बन्धित विषयवस्तुहरूलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु

३.२.४ रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ।

१. विद्यालय नक्साङ्कन गर्ने

२. विद्यालयहरूको पुनर्वितरण तथा समायोजना गर्ने

३. प्रारम्भिक कक्षा पढाइ सम्बन्धि क्रियाकलापहरूको लागी स्रोत व्यवस्थापन र कार्यान्वयन गर्ने

४. विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाहरूको यथार्थ विवरण संकलन गरी पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाउने

५. न्यूनतम सिकाइ उपलब्धी हासिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गर्ने

६. शिक्षकलाई प्रधानाध्यापक तथा प्रधानाध्यापकलाई स्थानीय तहप्रति जवाफदेही बनाउने

७. विद्यालयहरूमा खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रवन्धसहित न्यूनतम भौतिक सुविधा सुनिश्चित गर्ने

८. विद्यालयमा बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरण तयार गर्ने

९. सबै विद्यालयहरूमा प्राथमिकता प्राप्त न्यूनतम सक्षमता पुरा गराउने

१०.शिक्षण सिकाइ विधिमा आवश्यक परिमार्जन गर्ने

११.कक्षा ३ सम्म कक्षा शिक्षणलाई कार्यान्वयन गर्ने

१२.आवश्यक शिक्षक तालिम, तयारी तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने

१३.मूल्याङ्कनलाई शिक्षण सिकाइकै अभिन्न अंगको रूपमा प्रयोगमा ल्याउने

१४.विद्यार्थीलाई आवश्यक सहयोग उपलब्ध गराई सिकाइमा सुधार ल्याउने

१५.कक्षाकोठामा आधारित मूल्याङ्कनसँग सम्बन्धित क्षमता विकास गर्ने

१६.शिक्षामा कामगर्ने सबै जनशक्तिको क्षमता विकास र उत्प्रेरणा व्यवस्थापन गर्ने

१७.विद्याथीको पोषण तथा स्वास्थ्यमा सुधार ल्याउने कार्यक्रम सञ्चालन गर्ने

१८.विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श उपलब्ध गराउने

१९.स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्धलाई थप व्यवस्थित गर्ने

२०.विद्यालय शिक्षालाई विविधताअनकुल, समावेशी र समतामूलक बनाउन स्थानीय परिवेशअनुकुल सिकाइ क्रियाकलाप सञ्चालन, भाषिक विविधताअनकुलको माध्मम भाषाको उपयोग तथा सामाजिक साँस्कृतिक विविधताको सम्मान र समावेश हुनेगरी सिकाइ सामग्री, विधि तथा प्रक्रिया प्रयोग गर्ने

२१.विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गर्ने

२२.विद्यालय शिक्षालाई सूचना तथा प्रविधिको प्रयोग गरी सहज र उपयोगी बनाउने कार्यलाई विस्तार गर्ने

२३.दैनिक जीवनसँग सम्बन्धित व्यवहारकुशल सिपहरूलाई सिकाइ क्रियाकलापमा एकीकृत गर्ने

२४.अन्तरसम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्न सिकाइ सामग्री, विधि तथा क्रियाकलापमा परिमार्जन र सुधार गर्ने

२५.शिक्षक दरबन्दी पुनर्वितरण तथा समायोजन गर्ने

२६.नतिजाप्रति जवाफदेहिता सुनिश्चित हुने गरी विद्यालय तथा शैक्षिक निकायको शासकीय तथा व्यवस्थापकीय पद्धतिमा सुधार गर्ने

२७.विद्यालयको कार्यसम्पादन र विद्याथीको सिकाइ उपलब्धी परीक्षण गरी जवाफदेहिता सुनिश्चित गर्ने

२८.शिक्षक विकास र सहायता प्रणालीलाई व्यवस्थित गर्ने

३.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धि**

२.अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षामा प्रविधियुक्त पहुँच, सहभागिता र गुणस्तर अभिवृद्धि भएको हुने।

**ख) प्रमुख नतिजाहरू**

१. सबै बालबालिका आधारभूत शिक्षाको पहुँचमा भई सहभागि हुने

२. सबै विद्यालयले प्राथमिकता प्राप्त सक्षमता (PMEC) पुरा गरेको हुने

३. न्यूनतम भौतिक पुर्वाधार तथा सिकाइ सामग्रीको उपलब्धता भएको हुने

४. आवश्यक संख्यामा योगय, सक्रिय तथा उत्प्रेरित शिक्षकको व्यवस्था हुने

५. बालमैत्री र समावेशी वातावरणमा सिकाइ हुने

६. विद्यालयमा पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन हुने

७. विद्यालयमा पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्ध हुने

८. बालबालिकाले न्यूनतम सिकाइ उपलब्धी हासिल गरेको हुने

९. आधारभूत शिक्षाको भर्ना, सहभागिता तथा सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिक समता सूचकमा सुधार हुने

१०.विद्यालय शिक्षा प्रणाली प्रकोप, संकट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील हुने

११.सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइमा सहयोग हुने

१२.जनशक्तिको क्षमता विकास भई गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम हुने

**ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| क.स | प्रमुख क्रियाकलाप | इकाई | भौतिक लक्ष्य (बर्ष ५) | | | | | | भौतिक लक्ष्य (१० बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विद्यालय नक्शाङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | | १ | | | | १ | २ | |
| २ | मापदण्डअनुसार शिक्षक व्यवस्था | पटक | | १ | | | १ | २ | ३ | |
| ३ | सबै बालबालिकालाई विद्यालय भर्ना | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | बालविकास देखि कक्षा ३ सम्म छापामय कक्षाकोठा | विद्यालय | | ४ | ४ | ४ | ४ | १६ | १६ | |
| ५ | प्रारम्भिक कक्षाका बालबालिकाहरूका लागि पठन सामग्री व्यवस्था | पटक | १ | | १ | | १ | ३ | ७ | |
| ६ | प्रारम्भिक कक्षा शिक्षणसम्बन्धि शिक्षक तालिम | पटक | | १ | | | १ | २ | ४ | |
| ७ | विद्यालयको न्यूनतम भौतिक पुर्वाधार विकास | विद्यालय | | २ | २ | २ | २ | ८ | १५ | |
| ८ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण (CBEGRA) | पटक | | १ | | | १ | २ | ४ | |
| ९ | शिक्षक क्षमता विकास | पटक | | १ | | | १ | २ | ५ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | विद्यालय उत्थानशील योजना निर्माण तथा कार्यान्वयन | पटक | १ | | | | | १ | २ | |
| ११ | सूचना प्रविधिको प्रयोगका लागि आवश्यक संरचना, सामग्री तथा क्षमता विकास | पटक | | १ | | | | १ | २ | |
| १२ | शिक्षक विकास तथा सहायता प्रणालीको पुनर्संरचना | पटक | १ | | | | | १ | १ | |
| १३ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम र दिवा खाजाको प्रबन्ध | निरन्तर | | | | | | ० | | |
| १४ | अपाङ्गता भएका विद्याथीलाई सहयोग | पटक | १ | | | १ | | २ | ५ | |
| १५ | पाठ्यपुस्तक व्यवस्था | निरन्तर | | | | | | ० | | |
| १६ | सन्दर्भ सामग्रीको व्यवस्था | पटक | | १ | | १ | | २ | ५ | |
| १७ | विपन्नका लागि ड्रेस, स्टेशनरीका लागि छात्रवृत्ति | पटक | | १ | | १ | | २ | १ | |
| १८ | सिकाइ सामग्री तथा विद्यालय व्यवस्थापन | विद्यालय | | ४ | ४ | ४ | ४ | १६ | २२ | |
| १९ | अभिभावक अभिमुखिकरण र सहभागिता | पटक | १ | | | १ | | २ | ३ | |

### ३.३ माध्यमिक शिक्षा

#### ३.३.१ परिचय

नेपालको संविधान २०७२ ले शिक्षा सम्बन्धी हकलाई मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ जसअनुसार माध्यमिक तह सम्म निशुल्क शिक्षा पाउने हक सुनिश्चित गरेको छ । नेपालमा विद्यालय शिक्षामा पहुच बढाउन तथा गुणस्तरमा सुधार ल्याउन राष्ट्रिय स्तरमा विभिन्न प्रयासहरु हुदै आएकामा सन १९९० को दशक पश्चात यसले अझ गति लिएको देखिन्छ । यस अवधिमा राष्ट्रिय विकास योजना र शिक्षासम्बन्धी राष्ट्रिय स्तरका योजनाहरुमा विद्यालय शिक्षा सुधारका लागि नीति, रणनीति, कार्यनीति, कार्यक्रम र कार्ययोजनाहरु अगाडि सारिएका छन । यसै सन्दर्भमा विद्यालय क्षेत्रको योजना, २०२१- २०३० सम्मको दश वर्षे विद्यालय क्षेत्रको योजना स्वीकृत भई कार्यान्वयनमा रहेको छ ।नेपालको संविधानले २०७२ ले माध्यमिक तहको शिक्षा निःशुल्क प्राप्त गर्ने हक स्थापित गरेको छ भने अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ ले पनि प्रत्येक नागरिकलाई माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने उल्लेख गरेको छ। संविधानले एकातिर विद्यालय तहको शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्रभित्र रहने व्यवस्था गरेको देखिन्छ भने अर्कोतिर संघ, प्रदेश र स्थानीय सरकारको साझा अधिकार भित्र पनि राखेको छ, संविधानका

उल्लिखित प्रावधानहरूले आम नागरिकका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्न एकल तथा साझा सूचीका आधारमा तीनै तहका सरकारलाई जिम्मेवार बनाउने स्पष्ट दिशा निर्देश गरेको छ। शिक्षा ऐन २०२८ ले कक्षा ९-१२ सम्मलाई माध्यमिक शिक्षाको रुपमा राखेको छ। अनिवार्य आधारभूत शिक्षा अन्तर्गत सबै बालबालिकाले कक्षा ८ सम्मको गुणस्तरीय शिक्षा प्राप्त गरिसकेपछि विद्यार्थीको रुचि र क्षमता अनुसार माध्यमिक तहमा परम्परागत, प्राविधिक र साधारण धारको शिक्षा छनोट गर्ने अवसर प्रदान गर्नुपर्दछ। यस तहको शिक्षालाई जीवनोपयोगी, उत्पादनमूलक, प्रविधियुक्त, सीपमूलक र व्यावहारिक बनाउनु पर्दछ। आधारभूत तहमा विद्यार्थीले हासिल गरेको भाषिक र गणितीय सीपको उपयोग गरेर आफ्नो रुचि र क्षमता अनुसार विद्यार्थीले साधारण शिक्षाको लक्ष्य लिएर विभिन्न विषयमा उच्च शिक्षा हासिल गर्ने लक्ष्य लिने वा विभिन्न किसिमका प्राविधिक र व्यावसायिक सीप हासिल गरेर भविष्यमा आय आर्जनको बाटो सुनिश्चित गर्ने भन्ने निर्णय माध्यमिक तहको शिक्षाले गर्नुपर्दछ।

जिराभवानी गाउँपालिकाले माध्यमिक तहको शिक्षालाई प्रविधियुक्त, सीपमूलक, निःशुल्क, बालमैत्री, र समावेशी गराउने नीति लिएको छ ।यस तहको १५ सिकाइ सक्षमताहरुमा मानवीय मूल्य, मान्यता र लोकतान्त्रिक संस्कार अवलम्बन गर्दै राष्ट्र र राष्ट्रियताको प्रवर्धनका लागि सचेत नागरिकको जिम्मेवारी वहन, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशसँग परिचित भई विविधता, सद्भाव र सहअस्तित्वलाई आत्मसात गर्दै सभ्य, सुसंस्कृत र समतामूलक समाज निर्माणका लागि भूमिका निर्वाह, दैनिक क्रियाकलापका साथै प्राज्ञिक क्षेत्रमा आत्मविश्वासका साथ उपयुक्त, सिर्जनात्मक र सान्दर्भिक रूपमा भाषिक सिपको प्रयोग, प्रभावकारी सिकाइ, रचनात्मक र विश्लेषणात्मक सोच तथा सामाजिक सम्पर्क र सञ्चारबाट विचारहरूको आदान प्रदान, व्यक्तिगत विकास र आवश्यकताको परिपूर्तिका लागि सिकाइप्रति सकारात्मक सोचको विकास तथा स्वअध्ययन एवम ज्ञान र सिपको खोजी गर्ने बानीको विकास, गणितीय समस्या समाधानमा गणितीय अवधारणा, सिद्धान्त तथा तार्किक सिपको प्रयोग, व्यावहारिक गणितीय ज्ञान र सिपको बोध र प्रयोग, वैज्ञानिक ज्ञान, तथ्य, सिद्वान्त र प्रविधिको समुचित प्रयोग, जीवनजगत र व्यवहार सँगको तादात्म्य बोध गरी जीवनोपयोगी को प्रयोग गर्दै समाज सापेक्ष व्यवहार प्रदर्शन, स्वास्थ्य प्रतिको सचेतता सहित वातावरण संरक्षण र संवर्धन व्यवस्थापनमा सक्रिय सहभागिता, प्राकृतिक तथा सामाजिक घटनाको विश्लेषण, तिनको कारण र असर बोध तथा सकारात्मक व्यवहार प्रदर्शन, वैज्ञानिक खोज तथा अनुसन्धान गर्न आवश्यक प्रक्रियागत सिपहरू हासिल गरी आधुनिक प्रविधिहरूको दैनिक जीवनमा प्रयोग, श्रम प्रति सम्मान गर्दै कामको संसारमा आत्मविश्वास साथ तयारी, प्राविधिक ज्ञान, सिप, प्रवृत्ति तथा पेसागत र व्यवस्थापकीय क्षमताको विकास र प्रयोगतथा उच्च तहमा अध्ययनको आधार विकास गर्ने रहेका छन ।

यस योजनाले नेपाललाई सम्ममा अनिवार्य तथा निशुल्क आधारभूत शिक्षा, निशुल्क माध्यमिक शिक्षा र सर्वसुलभ साक्षरता तथा जीवन पर्यन्त सिकाई जस्ता विषयमा जोड दिएको छ । पन्ध्रौ योजनाको आधार पत्रमा शिक्षा सम्बन्धी हकलाई मौलिक हकका रुपमा प्रत्याभूत गरी आधारभूत तहसम्म अनिवार्य र निशुल्क तथा माध्यमिक तहको शिक्षा निशुल्क पाउने व्वस्थामा जोड दिएको छ । शिक्षालाई रोजगारमुलक बनाउदै लैजान सिपमुलक तथा व्यावसायिक शिक्षाको विस्तारमा जोड दिई लगानी वृद्धि गर्ने, जनशक्तिलाई अन्तराष्ट्रिय स्तरमा समकक्षी र प्रतिस्पधी बनाउने, प्राविधिक शिक्षालाई हरेक स्थानिय तहसम्म सर्वसुलभ गराउने कुरा यस आधार पत्रमा उल्लेख गरिएको छ । यस योजनाले गुणस्तरीय शैक्षिक वातावरण सिर्जना, खोज तथा अनुसन्धान, सामाजिक तथा आर्थिक रुपान्तरणका लागि मानव संसाधन विकास, उत्पादनशील

र कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजिकरण कार्यक्रम कार्यान्वयनको समय तथा नवप्रवर्तनशील मानव स्रोतको विकास, सबैलाई जीवनपर्यन्त शिक्षाको अवसर एवम शैक्षिक निकाय र शिक्षण संस्थामा सुशासन कायम गर्ने जसता पक्षलाई प्राथमिकतामा राखेको छ।

३.३.२ वर्तमान अवस्था

संघिय संरचना अनुरुप तिनवटैस संघ, प्रदेश र स्थानियस तह वाट शिक्षाको व्यवस्थापन गर्ने कार्य भए पनि माध्यमिक तहसम्मको शिक्षा मूलतस् स्थानिय तहको अधिकार क्षेत्रभित्र राखिएको छ । शिक्षा क्षेत्रको विकास तथा व्यवस्थापनका लागि सोहिअनुसार शिक्षाका संरचनाहरु बन्ने क्रममा छन । प्रत्येक स्थानिय तहमा शिक्षा व्यवस्थापनका लागि शिक्षा शाखा स्थापना गरी सोही शाखावाट शिक्षासँग सम्वन्धित सेवा प्रवाह गरिरहेको छ । गुणस्तरीय शिक्षाको सुनिश्चितता अभिवृद्धिका लागि विद्यालय शिक्षामा इन्टरनेटको पहुँचमा प्रगति, सुचना तथा सञ्चार प्रविधि क्ष्म्रृत सुविधामा विस्तार, कम्प्यूटर तथा विज्ञान प्रयोगशालाको स्थापनामा जोड दिइरहेको अवस्था छ । विद्यालयको अनुगमन तथा सुपरिवेक्षण र शैक्षिक सहयोगको जिम्मा स्थानिय तहका कर्मचारीलाई दिए पनि प्रशासनिक कार्य वोझका कारण सायद शिक्षाको पेशागत सहयोग पर्याप्त देखिदैन ।

जिराभवानी गाउँपालिका भित्र हाल कक्षा १-१० सञ्चालित १ र कक्षा १-१२ सम्म संचालित २ गरी जम्मा ३ वटा माध्यमिक तहको विद्यालयहरू रहेको छ । फलैस रिपोर्ट २०७७ अनुसार माध्यमिक तह (कक्षा ९-१०) को कूल भर्ना दर ७३.४, खुद भर्ना दर ३९, लैङ्गिक समता सूचक ०.९, शिक्षक विद्याथी अनुपात ७२.३, कक्षा १० को टिकाउ दर ५३.४, कक्षा १० को उतीर्ण  दर ९५.९ प्रतिशत रहेको छ भने कक्षा १० मा कक्षा छोड्ने दर ४.१ प्रतिशत भने कक्षा रहेको छ।  माध्यमिक तहमा शैक्षिक सत्र २०७८ को इमिस तथ्यांक अनुसार  लिङ्गको आधारमा विद्याथी हेर्दा सामुदायिक विद्यालयतर्फ कक्षा ९-१० मा ५०.६ प्रतिशत छात्रा र ४९.४ प्रतिशत छात्र रहेका छन भने कक्षा ११-१२ मा ६३.७ प्रतिशत छात्रा र ३६.३ प्रतिशत छात्र रहेका छन। यस पालिका भित्र माध्यमिक तह कक्षा ९-१२ मा कुल ७ जना शिक्षक छन जसमध्ये १ जना मात्र महिला रहेका छन ।

सार्वजनिक शिक्षा प्रणालीमा गुणस्तर अभिवृद्धि गर्नु, सरोकारवालाहरुविच अपनत्व कायम गर्नु, शिक्षा र रोजगारी विच तालमेल कायम गर्नु, शिक्षक र शिक्षाक्षेत्रको जनकशक्तिमा जवाफदेहिता सुनिश्चित गर्नु, सार्वजनिक शिक्षामा सर्वसाधरण नागरिकको विश्वास जगाउने वातावरण सिर्जना गर्नु जस्ता सवालहरु शिक्षा क्षेत्रका प्रमुख चुनौतीहरु रहेका छन । यसका अलावा तपशिल अनुसार अवसर र चुनौतीहरु उल्लेख गरिएका छन ।

१.संघिय संरचना अनुरुप माध्यमिक शिक्षाको व्यवस्थापन र सञ्चालनमा नितिगत, कानुनी तथा संरचनागत स्वरुपको विकास तथा कार्यान्वियन गर्ने र संस्थागत क्षमता विकास गर्ने ।

२.नि:शल्क माध्यमिक शिक्षालाई कार्यन्वयन गर्ने र माध्यमिक शिक्षाको पहुँचवाट वाहिर रहेको संख्यालाई विद्यालयमा ल्याउने ।

३.आवश्यक विषयगत शिक्षक दरवन्दिको व्यवस्था गरी विद्यालयमा सक्षम र योग्य जनशक्ति व्यवस्थापन गर्नु ।

४.निःशुल्क माध्यमिक शिक्षालाई पहुँच योग्य बनाई कार्यान्वयन गर्नु

५.माध्यमिक तहमा प्राविधिक तथा व्यावसायिक शिक्षालाई व्यवस्थित गर्ने।

६.विद्यार्थीको सिकाइ गुणस्तर सुधार गरी सिकाइ उपलब्धिमा सुधार ल्याउने।

७.प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार गर्ने।

८.विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री बनाउने।

९.शिक्षकको वृत्ति विकासलाई पारदर्शी, नतिजामा आधारित र अनुमान योग्य बनाई व्यवस्थित गर्ने।

१०.विद्यालय शिक्षालाई समावेशी र समतामूलक बनाउने,

११.विषयगत दरबन्दीको व्यवस्था गरी विद्यालयमा सक्षम जनशक्ति व्यवस्थापन गर्ने।

१२.विद्यालयको छुट्टै प्रशासनिक काम गर्ने गरी योग्यता र क्षमतामा आधारित प्र.अ. व्यवस्थापन गर्ने।

१३.कुनै पनि विद्यालयमा प्राविधिक शिक्षा तथा कक्षा १२ सम्मको शिक्षण नहुनु ।

३.३.३ उद्देश्यहरू

१. माध्यमिक शिक्षामा सबैको पहुँच तथा सहभागिता सुनिश्चित गर्नु ।

२. माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु ।

३. विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी, र सुरक्षित बनाउनु ।

४. शासकीय तथा व्यवस्थापकीय प्रवन्धमा सुधार ल्याउनु ।

३.३.४ रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्न लिखित रणनीतिहरू अवलम्बन गरिनेछः

१. विद्यालयहरूको नक्शाङ्कन गर्ने

२. सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयहरूको पुनर्वितरण, समायोजन तथा स्थापना गर्ने

३. निःशुल्क माध्यमिक शिक्षामा पहुँच अभिवृद्धि गर्ने

४. माध्यमिक तहमा खुद भर्नादर र टिकाउदर बढाउने

५. विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने

६. वैकल्पिक माध्यमका कार्यक्रम सञ्चालन गर्ने

७. सबै विद्यालयमा न्यूनतम सिकाइ वातावरण सुनिश्चित गर्ने

८. माध्यमिक तहमा दक्ष विषय शिक्षकको व्यवस्था गर्ने

९. शिक्षक पेसागत विकास तथा सहयोगको व्यवस्था गर्ने

१०.शिक्षकहरूका लागि अभिप्रेरणाका कार्यक्रमहरू सञ्चालन गर्ने

११.शिक्षण सिकाइ पद्धतिमा सुधार गर्ने

१२.हरेक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि विस्तार गर्ने

१३.विद्यालयहरूलाई प्रकोप, संकट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील बनाउने

१४.विज्ञान विषय अध्ययनका लागि विद्याथीहरूलाई आकर्षित गर्न पूर्वाधार सहितको व्यवस्था गर्ने

१५.सक्षम र उत्प्रेरित प्रअको व्यवस्था गर्ने

१६.आवधिकरूपमा सिकाइको मूल्याङ्कन गरी विद्याथीको सिकाइमा जवाफदेही हुने प्रणाली विकास गर्ने ।

१७.प्राविधिक शिक्षा संचालन गरिने र मा.वि.लाई कक्षा १२ सम्म स्तरोन्नति गर्ने ।

३.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धि**

माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने ।

**ख) नतिजा**

१.सबै बालबालिकाहरूलाई निशुल्क माध्यमिक शिक्षाको पहुँच सुनिश्चत भई खुद भर्ना तथा टिकाउ दरमा वृद्धि हुने

२.सबै माध्यमिक विद्यालयले आधारभूत मापदण्ड पुरा गरेको हुने

३.माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्धि हुने

४.पाठ्यक्रम तथा पाठ्यसामग्रीको उपलब्धता, उत्प्रेरित शिक्षकको व्यवस्थापन, प्रविधिको समुचित प्रयोग, र उचित सिकाइ वातावरणको निर्माण भएको हुने

५.माध्यमिक शिक्षा पुरा गर्ने बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुने

६.माध्यमिक शिक्षाको भर्ना, सहभागिता र सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिक लगायतका समता सूचकमा सुधार हुने

७.माध्यमिक विद्यालयहरू प्रकोप, संकट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील हुने

८.सूचना तथा सञ्चार प्रविधिको उपयोग भई विद्यार्थीको सिकाइमा सहयोग पुगेको हुने

९.माध्यमिक तहको शिक्षामा सुशासन कायम हुने

१०.माध्यमिक तहमा गुणस्तरीय शिक्षा प्रवाह हुने

## ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.स | प्रमुख क्रियाकलाप | इकाई | भौतिक लक्ष्य (बर्ष ५) | | | | | | भौतिक लक्ष्य (१० बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयनका लागि आवश्यक कार्यविधि तयारी | पटक | | १ | | | | १ | १ | |
| २ | विद्यालयमा नक्शाङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | | १ | १ | | | २ | ३ | |
| ३ | प्राविधिक धारको शिक्षा संचालन | संख्या | | | १ | | | १ | २ | |
| ४ | मा.वि.विद्यालयमा डिजिटल बोर्ड | विद्यालय | | | १ | १ | | २ | २ | |
| ५ | शिक्षक योग्यताका मापदण्ड र दरवन्दी आधारको पुनरावलोकन | संख्या | | | १ | | | १ | २ | |
| ६ | आवश्यकता अनुसार स्कूल बसको व्यवस्था तथा खुला तथा दुर शिक्षा लगायतका वैकल्पिक प्रबन्ध गर्ने | संख्या | | | १ | | | १ | २ | |
| ७ | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास तथा कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी, प्रतिशत स्थानीय तह सुधारको क्रियाकलाप अनुसार | पटक | | १ | १ | १ | १ | ४ | ७ | |
| ८ | नमुना माध्यमिक विद्यालय स्थापना | संख्या | | | | १ | | १ | २ | |
| ९ | सूचना तथा सञ्चार प्रविधि प्रविधिको प्रयोगमा क्षमता विकास | पटक | | १ | | १ | | २ | ४ | |
| १० | विद्यालय पोषण, स्वास्थ्य कार्यक्रम | प्रतिशत | | १० | १५ | १५ | १५ | ५५ | १०० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | क्षमतामा आधारित प्र.अ. व्यवस्थापन | विद्यालय | | ५ | ५ | ५ | ७ | २२ | २२ | |
| १२ | प्रकोप प्रति सचेत रहन योजना विकास | पटक | | १ | | १ | | २ | ५ | |
| १३ | नि:शुल्क शिक्षाको सुनिश्चितताका लागि विद्याथी पाठ्यपुस्तक | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | |

## ३.४ पाठ्यक्रम र मूल्याङ्कन

### ३.४.१ परिचय

पाठ्यक्रम विकास तथा कार्यान्वयन प्राविधिक कार्य हो। यसमा विभिन्न व्यक्ति, समूहसँगको सहकार्य आवश्यक हुन्छ। पाठ्यक्रम निश्चित रुपमा सान्दर्भिक हुनुपर्छ। समयसापेक्ष हुनुपर्छ। जनचाहाना पूरा गर्न सक्नुपर्दछ। कक्षाकोठा वातावरण अनुकूल हुनुपर्छ। व्यवहार योग्य, प्रयोग योग्य, पाठ्यक्रम विकास तथा कार्यान्वयन सर्वत्र अपेक्षित विषयका रुपमा पर्छ। पाठ्यक्रम समावेशी हुनुपर्छ। यसले सबैको चाहाना प्रतिविम्वन गर्न सक्नुपर्छ। स्थानीय तहको नेतृत्व र सहभागिताका आधारमा स्थानीय तहमै प्राविधिक तथा आर्थिक स्रोत परिचालन गरि मातृभाषा तथा स्थानीय ज्ञान, सीप र प्रविधिमा आधारित विषयवस्तुको चयन, व्यवस्थापन र कार्यान्वयन गरिनुलाई स्थानीय आवश्यकतामा आधारित शिक्षाका रुपमा लिइन्छ।

मानव जीवनका लागि आइपर्ने विभिन्न समस्याहरु समाधान गर्नका लागि चाहिने ज्ञान, सीप र क्षमता आर्जनका लागि एउटा मार्गनिर्देश नै पाठ्यक्रम हो। मानव जीवनका व्यावहारिक समस्या समाधान हुनु भनेको राष्ट्र र समाजका समस्या समाधान हुनु हो। वास्तवमा पाठ्यक्रमले शैक्षिक तथा सामाजिक जीवनदर्शन, समकालीन समाजका वास्तविकताहरु, सिकाइ प्रक्रिया एवं विषयवस्तु तथा ज्ञानको प्रकृति समेतलाई विचार गरि बालकका सिकाइ सम्बन्धी आवश्यकताको निदान गरेर विस्तृत योजना प्रस्तुत गरेको हुन्छ। पाठ्यक्रम विकास एउटा निरन्तर प्रक्रिया भएकोले समाज, राष्ट्र र व्यक्तिको आवश्यकता र चाहाना अनुरुप परिवर्तन भइरहन्छ। निर्धारित सिकाइ उपलब्धिहरु प्राप्तिका लागि विद्याथीहरुलाई विभिन्न अनुभवहरु हासिल गराउन निश्चित दिशा दिने कार्यक्रम नै पाठ्यक्रम हो।

पाठ्यक्रम कुनै कक्षा वा तहमा कुन कुन विषयवस्तु सिकाउने भन्ने कुरासँग मात्र सम्बन्धित नभई विद्याथीमा केकस्ता क्षमता विकास गराउने हो अर्थात किन पढाउने, के कस्ता क्रियाकलापका माध्यबाट अपेक्षित सक्षमता हासिल गराउन सकिन्छ र विद्याथीले सिकेको वा नसिकेको सुनिश्चित गरि आवश्यक पृष्ठपोषण प्रदान गर्न के कसरी मूल्याङ्कन गर्ने भन्ने कुरा निर्धारण गर्ने महत्वपूर्ण आधार हो।

### ३.४.२ वर्तमान अवस्था

जिराभवानी गाउँपालिकाले हालसम्म नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम लागू गर्दै आएको सर्वविदितै छ। विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ बमोजिम कक्षा १ देखि ३ सम्म एकिकृत पाठयक्रम लागुभएको छ । शैक्षिक सत्र २०७७ देखि कक्षा १ र २०७८ देखि कक्षा २ र ३ मा पनि एकिकृत पाठयक्रम लागुभएकोमा स्थानीय विषयको पाठ्यक्रम निर्माण गरि कार्यान्वयन गराउन प्रमुख चुनौती रहेको छ ।

स्थानीय विषयले यस पालिकाको समग्रता झल्काउन मद्दत पुयाई बालबालिकाहरुलाई आफ्नो परिवेश अनुकूलको विषयवस्तुमा सहज तरिकाले परिचित हुन सहयोग पुयाउछ। स्थानीय पाठ्यक्रममा विद्यालय तहको पाठ्यक्रमलाई सान्दर्भिक तथा प्रभावकारी बनाउन कक्षा १।३ मा अन्तरसम्बधित विषयवस्तुलाई एकीकृत गरिएको, व्यवहार कुशल तथा जीवनोपयोगी सीपहरू समावेश हुने गरी सिकाइ क्रियाकलाप तर्जुमा गर्ने र स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञानमा आधारित स्थानीय पाठ्यक्रम स्थानीय तहले विकास गरी कार्यान्वयन गर्नु पर्ने आवश्यकता रहेको छ । सबै कक्षाका विषयवस्तुलाई यथासम्भव स्थानीय परिवेश तथा दैनिक जीवनसँग सम्बधित गराई सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने व्यवस्था हुनुपर्छ । प्रत्येक विषयमा विषयवस्तुको स्वरूपअनुसार विद्याथीलाई २५ देखि ५० प्रतिशतसम्म भारको प्रयोगात्मक कार्य, परियोजना कार्य वा सामुदायिक कार्यलगायतका व्यावहारिक अभ्यास गराउनु पर्ने व्यवस्था छ। त्यसै गरी यसले सिकाइमा प्रयोग गरीने माध्यम भाषाले सिकाइमा बाधा नपर्ने गरी आवश्यकताअनुसार मातृभाषा, स्थानीय भाषा वा बहुभाषाको प्रयोग गरी सिकाइ सहजीकरण गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई  जीवनोपयोगी तथा व्यवहार कुशल सीपका रूपमा एकीकृत गर्नुका साथै सिकाइको माध्यमका रूपमा प्रयोगलाई विस्तार गर्ने र विद्याथी मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्ने गरी प्रयोग गर्ने नीति आवश्यक रहेको छ। आधारभत तह कक्षा १-३ मा निरन्तर विद्याथी मूल्याङ्कन प्रणाली  मार्फत उदार कक्षोन्नति नीति भएपनि कार्यान्वयनमा आउन सकेको छैन । आधारभूत तह कक्षा ४-५ मा ५० प्रतिशत निर्णयात्मक र ५० प्रतिशत निर्माणात्मक मूल्याङ्कन निती रहेको छ।  आधारभूत तह कक्षा ६-८ मा ६० प्रतिशत निर्णयात्मक र ४० प्रतिशत निर्माणात्मक मूल्याङ्कन निती रहेको छ।  आधारभूत तहको कक्षा ७ सम्म निरन्तर विद्याथी मूल्याङ्कन प्रणाली अपनाइएको छ । विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले निर्देश गरेको मुल्यांकन प्रणाली कार्यान्वियन गराउनु प्रमुख चुनौती रहेको छ । कक्षा ८ को वार्षिक परीक्षा पालिका स्तरमा हुने गरेको छ। कक्षा १० तथा १२ को अन्तिम परीक्षा राष्ट्रिय परीक्षा बोर्डको निर्देशन अनुरुप हुने गरेको छ।

प्रारम्भिक कक्षा १ देखि ३ सम्ममा एकिकृत पाठयक्रम लागु भईसकेको छ । यसमा स्थानीय पाठयक्रम पनि स्थानीय सरकारले तयार गनुपर्ने प्रावधान रहेको छ । यसको लागि पाठयक्रम विकास केन्द्रले कार्यविधि समेत बनाईसकेको छ । यस अनुसार नै स्थानीय तहले आफ्नो परिवेश र आवश्यकता अनुसार स्थानीय पाठयक्रम तयार गर्नुपर्ने छ । त्यसैगरी कक्षा १ देखि ८ सम्म नै स्थानीय पाठयक्रम लागुभएको अवस्थामा यस गाउँपालिकामा स्थानीय विषय निर्माण वा छनौट भईनसकेको अवस्था छ । त्यसै गरी मुल्यांकन पद्धतिमा समेत परिवर्तन भईरहेको सन्दर्भमा अक्षरांकन पद्धतिबाट मुल्यांकन प्रणाली लागुगर्नुपर्ने देखिन्छ ।  पाठ्यक्रम तथा मूल्याङ्कनमा देखिएका विद्यमान चुनौतीहरु निम्न रहेका छन ।

१.आधारभुत तहमा विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले निर्देश गरेको मुल्यांकन प्रणाली कार्यान्वयन गराउनु

२.स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री विकासका लागि क्षमता विकास नहुनु

३.प्रारम्भिक कक्षाहरूमा आवश्यकता अनुसार मातृभाषा, स्थानीय भाषा, बहुभाषा प्रयोग नहुनु ।

४.स्थानीय पाठ्यक्रम विकास तथा अद्यावधिक कार्यलाई अनुसन्धानमा आधारित बनाउनु ।

५.सिकाइ सहजीकरण र मूल्याङ्कनमा सूचना प्रविधिको प्रयोग नहुनु ।

६.स्थानीय पाठ्यक्रम कार्यान्वयन तथा मूल्याङ्कनमा स्थानीय तह अर्थपूर्ण सहभागिता नहुनु ।

७..अपाङ्गता मैत्री पाठ्यपुस्तक तथा कार्य पुस्तिकाको प्रयोग नहुनु ।

८..स्थानीय पाठ्यक्रम कार्यान्वयन नहुनु ।

३.४.३ उद्देश्य

१.पाठ्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु

२.पाठ्यक्रम विकास तथा परिमार्जनका लागि पृष्ठपोषण दिनु

३.सिकाइलाई दैनिक जीवनसँग सम्वन्धित गराउनु

४.पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक विश्वपरिवेश अनुसार सिकारुमा ज्ञान, सिप र व्यवहार विकासमा सहजीकरण गर्नु

५.सिकारुका सिकाइ समस्याको समाधान उन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत मूल्यङ्कन पद्धतिको कार्यान्वयन गर्नु

६.स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन गर्नु

७.सिकारुका सिकाइ समस्याको समाधान उन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको व्यवस्था गर्नु।

८.कक्षाकोठामा आधारित मुल्यांकन प्रणालीलाई लागु गर्नु ।

३.४.४ रणनीतिहरू

उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्वन गरीनेछः

१.राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ र तदनुसारका पाठ्यक्रमको कार्यान्वयन गरिने

२.विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सम्बन्धित शिक्षक तथा सरोकारवालहरूलाई प्रबोधिकरण गरिने

३.पाठ्यक्रम कार्यान्वयनका लागि अत्यावश्यक संरचनागत तथा पेसागत सक्षमता अभिवृद्धि गरिने

४.विपद्, महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिवाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरिने

५.शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वाध्यायन तथा सन्दर्भ सामग्रीहरू उपलब्ध हुने व्यवस्था गरिने

६..शिक्षकको पेसागत सक्षमता विकास गरिने

७.सहभागितामूलक, अन्तरक्रियात्मक, खोजमूलक एवम् समस्या समाधान केन्द्रित शिक्षण विधिको प्रयोगलाई संस्थागत गरिने

८.प्रारम्भिक कक्षाहरुमा सिकाइ सहजीकरणका निम्ति आवश्यकता अनुसार मातृभाषा र स्थानीय भाषा लाई प्राथमिकता दिइने छ।

९.विद्यालमा आधारित सहयोग पद्धति विकास गरिने

१०.सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्था मिलाइने

११.शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाइने

१२.स्थानीय तथा मातृ भाषाको पाठ्यक्रम र पाठ्य सामग्रीको विकास तथा प्रयोगलाई व्यवस्थित गरिने

१३.विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको बृत्ति विकाससँग आबद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सृजना गरिने

१४.निरन्तर विद्याथी मूल्याङ्कन प्रणालीलाई प्रभावकारिताका साथ कार्यान्वयन गरीनेछ।

१५.आधारभूत तहको कक्षा ५ र ८ को वार्षिक परीक्षालाई पालिका स्तरीय वनाइ सुधार गरीनेछ ।

३.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धि**

पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सृजनशील, सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरिक तयार हुने

**ख) नतिजा**

१. पाठ्यक्रमको कार्यान्वयन प्रभावकारी रूपमा भएको हुने

२. पाठ्यक्रम विकास तथा परिमार्जनका लागि पृष्ठपोषण उपलब्ध हुने

३. सिकाइलाई दैनिक जीवनसँग सम्वन्धित हुने

४. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक विश्वपरिवेश अनुसार सिकारुमा ज्ञान, सिप र व्यवहार विकासमा सहजीकरण भएको हुने

५. प्रारम्भिक बालविकास तथा शिक्षादेखि आधारभूत तह कक्षा १-५ मा आवश्यकतानुसार मातृभाषा र स्थानीय भाषा प्रयोग गरी सिकाइ सहजीकरण हुने।

६. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन हुने

७. शिक्षण सिकाइ क्रियाकलाप बालमैत्री, अपाङ्ग मैत्री तथा स्थानीय सन्दर्भ सापेक्ष प्रभावकारी हुने।

८.शिक्षण सिकाइको अभिन्न अङ्गको रुपमा मूल्याङ्कन हुने।

९.प्रत्येक विद्यालयमा प्रत्येक विद्याथीको मूल्याङ्कनका लागि अनिवार्य कार्य सञ्चयिका फायल खडा भएको हुने।

१०.कक्षा १-३मा व्यवहारकुशल सिपहरु सहित अन्तरविषयक तथा बहुविषयक ढाँचाको एकीकृत पाठयक्रम कार्यान्वयन हुने ।

## ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य (५ बर्ष) | | | | | | भौतिक लक्ष्य (१० बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | पाठयक्रम प्रबोधिकरण तालिम संचालन | ज्ना | | २२ | | | २२ | ४४ | ९० | |
| २ | पाठयक्रमको प्रभावकारी रुपमा कार्यान्वयनको लागि शिक्षक तालिम संचालन | पटक | १ | | | | १ | २ | ४ | |
| ३ | शिक्षक पेसागत सहयोग | निरन्तर | | | | | | | | |
| ४ | कक्षाकोठामा आधारित विद्यार्थी मूल्यांकन | विद्यालय | २२ | २२ | २२ | २२ | २२ | २२ | २२ | |
| ५ | आवधिक विद्यार्थी मुल्यांकन | पटक | | | १ | | १ | | ३ | |
| ६ | डिजिटल सामग्रीको प्रयोग | विद्यालय | | २२ | २२ | २२ | २२ | २२ | २२ | |
| ७ | सूचना तथा संचार प्रविधिको प्रयोग | विद्यालय | २२ | २२ | २२ | २२ | २२ | २२ | २२ | |
| ८ | नि:शुल्क पाठयपुस्तक | पटक | २२ | २२ | २२ | २२ | २२ | २२ | २२ | |
| ९ | स्थानीय पाठयक्रम विकास तथा कार्यान्वयन | पटक | | १ | | | | १ | १ | |
| १० | माध्यम भाषाको रुपमा मातृभाषाको प्रयोग | विद्यालय | | २२ | २२ | २२ | २२ | २२ | २२ | |
| ११ | सुपरिवेक्षण तथा अनुगमन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १२ | परीक्षा संचालन | विद्यालय | २२ | २२ | २२ | २२ | २२ | २२ | २२ | |

## ३.५ शिक्षक व्यवस्थापन र विकास

### ३.५.१ परिचय

सिकाइ सहजीकरण प्रक्रियाको केन्द्रका रुपमा शिक्षक रहन्छन सिकारु र शिक्षकबीचको अन्तरक्रियाको प्रकृतिमा सिकाइको गुणस्तर निर्भर रहने गर्दछ। शिक्षक सदैव आफूले अध्यापन गराउनु पर्ने विषयवस्तुका बारेमा गहन ढंगले ज्ञान लिनु आवश्यक हुन्छ। शिक्षक आफ्नो पेशाप्रति प्रतिबद्ध भई समावेशी कक्षा व्यवस्थापन गरि विद्याथी, अभिभावक तथा शिक्षकहरुबीच प्रभावकारी सञ्चार र सहकार्य हुनु जरुरी छ। वर्तमान समयका शिक्षकहरुमा आवश्यकीय सक्षमताहरु सुनिश्चित हुनु पर्दछ। शिक्षकले शैक्षणिक योजना निर्माण, सिकाइ सहजीकरणका लागि शैक्षणिक सामग्री संकलन तथा निर्माण, प्रभावकारी विद्याथी मूल्याङ्कनको कार्यान्वयन गर्न सहज तरिकाले सम्पादन गर्न सक्नुपर्दछ ।

गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य, व्यावसायिक रूपमा दक्ष, पेशाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्याथीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ। शिक्षकमा भएको विषयवस्तुको पर्याप्त ज्ञान, शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनमा दक्षता र नमूना व्यक्तित्व प्रदर्शनले विद्याथीहरूको सिकाइमा सकारात्मक प्रभाव पार्दछ। सबै तहको शिक्षामा योग्य, दक्ष, समर्पित र अभिप्रेरित शिक्षकहरूको व्यवस्थापनबाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ। यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ। नेपालमा विद्यालय तहको शिक्षामा पहुँच, गुणस्तर, समता, सान्दर्भिकता, सुशासन प्रवर्धनका लागि विगतमा सञ्चालित विभिन्न योजना, परियोजना तथा कार्यक्रमहरूले शिक्षक व्यवस्थापन र शिक्षकको पेशागत क्षमता अभिवृद्धिलाई उच्च प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन गरेको पाइन्छ ।

यस योजनामा शिक्षाको गुणस्तर अभिवृद्धिका लागि शिक्षण पेशालाई रोजाइको पेशाका रूपमा विकास गर्ने, शिक्षक तयारी गर्ने, कक्षाकोठाको शिक्षण सिकाइलाई गुणस्तरयुक्त बनाउने, शिक्षक सहयोग प्रणालीलाई सुदृढ बनाउने, शिक्षक पेशागत विकासलाई प्रभावकारी बनाउने, विद्याथीको सिकाइप्रति शिक्षकलाई जिम्मेवार बनाउने र औचित्यपूर्ण शिक्षक आपूर्ति र वितरण गर्ने कार्यलाई प्राथमिकता दिइने छ। यसमा शिक्षक व्यवस्थापन तथा विकासको वर्तमान अवस्थाको समीक्षा गरी चुनौतीहरू पहिचान गरिएको छ। वर्तमान अवस्थाको समीक्षा तथा पहिचान गरिएका चुनौतीहरूको सामना गरि शिक्षक व्यवस्थापन तथा विकासलाई व्यवस्थित र प्रभावकारी बनाउने सन्दर्भमा यस जिराभवानी गाउँपालिकाले कार्यक्रमका उद्देश्य, उद्देश्य पूरा गर्नका लागि अपनाइने रणनीतिहरू, कार्यक्रम कार्यान्वयनबाट हासिल हुने अपेक्षित नतिजा तथा मुख्य मुख्य क्रियाकलाप तथा लक्ष्यहरू समावेश गरिएको छ ।

### ३.५.२ वर्तमान अवस्था

शिक्षण पेशालाई रोजाइको पेशाका रूपमा विकास गर्नका लागि नेपालको पन्ध्रौं योजना (२०७६/०७७- २०८०/०८१) ले यस पेशामा अब्बल प्रतिभाहरूलाई आकर्षित गर्न विश्वविद्यालयमा उत्कृष्ट अङ्क हासिल गरेका व्यक्तिलाई सोझै शिक्षण पेशामा प्रवेश गर्न पाउने कानूनी व्यवस्था गर्ने उल्लेख गरेको छ। शिक्षक सेवा आयोग नियमावली, २०५७ अनुसार शिक्षक हुनका लागि शिक्षण अनुमति पत्र अनिवार्य हुनु पर्ने, स्थायी शिक्षक हुनका लागि शिक्षक सेवा आयोगले लिने परीक्षा उत्तीर्ण भएको हुनुपर्ने, बढुवाका लागि

निश्चित मापदण्ड पूरा गर्नुपर्ने र पेशाको सुरक्षा लगायतका कारणले शिक्षण पेशालाई समाजमा प्रतिष्ठित पेशाका रूपमा लिइने अवस्था सुधार हुँदै गएको छ।

शिक्षक सेवा आयोग नियमावली, २०५७ बमोजिम वी.एड. वा एम.एड.गरेपछि अध्यापन अनुमतिपत्रका लागि योग्य मानिन्छ। अध्यापन अनुमति पत्र प्राप्त गरेको व्यक्ति मात्र शिक्षकका लागि योग्य हुन्छ। शिक्षा ऐन, २०२८ ९संशोधनसहित० तथा शिक्षा नियमावली, २०५९ र शिक्षक सेवा आयोग नियमावली, २०५७ मा भएको व्यवस्था अनुसार नेपालमा प्राथमिक र निम्नमाध्यमिक तहका लागि शिक्षाशास्त्रमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण वा कक्षा १२ वा अन्यबाट प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरी १० महिने शिक्षक तालिम लिई अध्यापन अनुमति पत्र प्राप्त गरेका र माध्यमिक तहका लागि शिक्षा शास्त्रबाट स्नातक तह उत्तीर्ण वा अन्यबाट स्नातक तह उत्तीर्ण गरी एक वर्षे वी.एड.गरी अध्यापन अनुमति प्राप्त गरेका व्यक्ति मात्र शिक्षक हुन योग्य मानिन्छ। यसै गरी माध्यमिक तह कक्षा ११-१२ मा अध्यापन गर्नका लागि स्नातकोत्तर तह उत्तीर्ण गरि अध्यापन अनुमति पत्र प्राप्त गरेको हुनुपर्ने प्रावधान छ। शिक्षक अध्यापन अनुमति पत्रका लागि परीक्षा सञ्चालन भने शिक्षक सेवा आयोगले गर्दै आएको छ। नेपालमा विगतदेखि हालसम्म सञ्चालित विभिन्न शिक्षा योजना, परियोजना तथा कार्यक्रमहरूले कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याई शिक्षाको स्तर वृद्धि गर्न जोड दिएका छन । यसको फलस्वरूप विद्यालयको शिक्षण सिकाइलाई विद्याथी केन्द्रित बनाउने, प्रविधिको प्रयोग गरि शिक्षण गर्ने, बालमैत्री सिकाइ वातावरण सिर्जना गर्ने जस्ता केही प्रयास भएका छन । शिक्षक पेशागत सहयोग व्यवस्थापन कार्यविधि २०७७ बमोजिम जिराभवानी गाउँपालिकामा विषयविज्ञ समूह गठन भई अभिमुखिकरण समेत भईसकेको छ ।

शिक्षकको पेशागत विकासका विभिन्न तौरतरिकाहरू छन ।  शिक्षक तालिम, कार्यशाला, सेमिनार, कन्फरेन्स, क्रियात्मक अनुसन्धान, शिक्षकहरूको सिकाइ सञ्जाल, अवलोकन भ्रमण, मेन्टरिङ आदि अवसरहरूबाट शिक्षकको पेशागत विकास सम्भव हुन्छ। नेपालमा शिक्षकको पेशागत क्षमता अभिवृद्धि गर्ने ध्येयले नेपालमा विभिन्न परियोजना तथा कार्यक्रमहरू सञ्चालन भएका थिए। शिक्षक बालबालिकाको भाग्य निर्माता, अभिभावकको भरोसा तथा आशाको केन्द्र, परिवर्तनको संवाहक र समाजको प्रतिष्ठित व्यक्ति हो। असल शिक्षकको सहायताबाट शिक्षाका उद्देश्य पूरा हुन सक्छ। शिक्षकका आचरण समाजका अन्य वर्गलाई अनुकरणीय बन्न सक्नु पर्दछ। शिक्षकमा समाजको मार्गदर्शक, उपदेशक एवम उदाहरणीय व्यक्तित्वको भूमिका सजिलैसँग निर्वाह गर्न सक्ने आर्दश गुणहरु हुनुपर्दछ। शिक्षक आफ्नो पेशाप्रति प्रतिबद्ध हुनुपर्छ।शिक्षक विद्याथी, अभिभावक, समुदाय तथा विद्यालय प्रशासकरप्रधानाध्यापक प्रति उत्तरदायी हुनुपर्छ। शिक्षक विद्याथीप्रति उत्तरदायी हुनु भनेको आफूले पढाउने विद्याथीहरूको सिकाइ तथा कार्य सम्पादन प्रति जवाफदेही हुनु पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धिमा भएको प्रगति र विकासमा जवाफ दिनु र विद्याथीको गुणस्तरीय जीवनका विषयमा जवाफदेही हुनु भन्ने बुझिन्छ। विद्यालयको आचार संहिता पालना गर्दै दैनिक कार्यतालिका अनुसार अध्यापन गर्ने, विद्याथीको सिकाइको लेखाजोखा तथा मूल्याङ्कन गर्ने त्यसको प्रतिवेदन प्रधानाध्यापकलाई पेस गर्ने आदि कार्य शिक्षकले गर्नुपर्ने हुँदा शिक्षक प्रधानाध्यापक प्रति पनि उत्तरदायी हुनुपर्छ। यस पालिकामा वालविकास सहजकर्ता सहित जम्मा १०१ जना शिक्षक रहेका छन । जसमध्ये ५० जना महिला रहेका छन । जसमध्ये स्थायी ३६ जना अस्थायी ११, राहत २४, निजी श्रोत ६  जना रहेका छन । कार्यरत शिक्षक हरु मध्ये प्राथमिक तह ६४ जना, निम्नमाध्यमिक तह ६ जना, माध्यमिक तह ७ जना  । शिक्षकहरु मध्ये सबभन्दा बढी भोजपुरी मातृभाषा बोल्ने ५७ जना, थारु

भषा बोल्ने ८ जना नेपाली मातृभाषा बोल्ने ८ जना, र अन्य मातृभाषा भएका ४ जना शिक्षक रहेका छन । करिब ७० प्रतिशत शिक्षक आभारभुत तहका रहेका छन । यस पालिकामा शिक्षक विद्याथी अनुपात कक्षा १-५ मा ४७.७४ कक्षा ४२.७५मा १७२.८३ र कक्षा ९-१० मा ७२.३ रहेको छ।

शिक्षा नियमावली,२०५९ को नियम ९२ अनुसार सामुदायिक विद्यालयमा रहने शिक्षक दरबन्दीको विवरण अनुसूची १२ मा व्यवस्था गरिएको छ। पूर्व प्राथमिक विद्यालयमा १ जना, प्राथमिक विद्यालयमा ५० जनासम्म विद्याथी भएमा कम्तीमा २ जना र सोभन्दा बढी विद्याथी भएमा कम्तीमा ३ जना, कक्षा ६-८ का लागि कम्तीमा ४ जना र माध्यमिक तह ९-१२ का लागि ८ जना शिक्षक रहने व्यवस्था उक्त नियमावलीमा छ।यस पालिकामा कक्षा ६ देखि ८ र ९ देखि १२ मा आवश्यक शिक्षकको संख्या कम रहेको छ । शिक्षक विद्यार्थी अनुपात पनि धेरै रहेकोले आवश्यक संख्यामा शिक्षक पदपुर्ति गर्नुपर्ने देखिन्छ । पालिकाले आधारभूत तह (कक्षा १-५) मा बढी वा घटी भएका शिक्षक दरबन्दीलाई आधारभूत तह कक्षा (६-८) मा समायोजन तथा दरवन्दी मिलान, दरबन्दी मिलान तथा समायोजनका आधारहरू, २०७३ अनुसार गरेको छ।शिक्षक व्यवस्थापन र विकासका विद्यमान चुनौतीहरु निम्न बमोजिम छन:

१.शिक्षण पेशालाई सबैको रोजाइको पेशाका रूपमा विकास गर्नु।

२.शिक्षण सिकाइलाई विद्याथी केन्द्रित बनाउन शिक्षण विधि र क्रियाकलापमा विविधता ल्याउनु।

३.शिक्षक पेशागत सहयोगको सुदृढ प्रणाली स्थापित गर्नु।

४.विषयगत आधारमा आवश्यक शिक्षक दरबन्दी सुनिश्चित गर्नु।

५.शिक्षकको पेशागत विकासको अवसर र विस्तार गर्न।

६.तहगत रुपमा परीक्षा सञ्चालन गरी अग्रिम रुपमा स्वयमसेवक सूची प्रकाशन गर्नु।

### ३.५.३ उद्देश्य

यस पालिकाको शिक्षा क्षेत्रको योजनामा शिक्षक व्यवस्थापन र विकासका देहायबमोजिमका उद्देश्यहरू निर्धारण गरिएका छन:

१.शिक्षकको छनौट, नियुक्ति र पुनर्वितरणलाई सुदृढ बनाउन सहयोग पुर्याउनु।

२.शिक्षक विकास तथा निरन्तर पेशागत सहायता प्रणाली स्थापना गर्न ु।

३.सवै तहमा योग्य, दक्ष तथा क्षमतावान शिक्षकहरूको प्रबन्ध गर्नु ।

४.पालिका अन्तर्गत स्वयम सेवक शिक्षकको छनोट गर्नु ।

### ३.५.४ रणनीतिहरू

१.शिक्षक तालिमलाई विषयवस्तुको ज्ञान र शिक्षण सीपमा केन्द्रित बनाइने छ।

२.विषयगत रूपमा शिक्षक दरबन्दी मिलानरपरिमार्जन गरिनेछ।

३.शिक्षकको निरन्तर पेशागत विकासका लागि शिक्षण सीप विकाससम्बन्धी तालिम सञ्चालन गरिने छ।

४.शिक्षक पेशागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेशागत सहयोग उपलब्ध गराइने छ। यसका स्थानीय विज्ञ समुहवाट सहयोग तथा मेन्टरिङको पद्धति विकास गरिनेछ।

५.शिक्षक सरुवा हुँदा विद्यार्थीको सिकाइमा कुनै अवरोध नहुने पद्धति विकास गरीनेछ।

६.पालिका अन्तर्गत स्वयम सेवक शिक्षकको करार सूची प्रकाशन गरिनेछ।

७.५ वर्षे सेवा निरन्तरता संझौता गरि क्षमतावान तथा मेधावी शिक्षकलाई एम.फिल.वा विद्यावारिधिका लागि छात्रवृत्ति सहित अनुसन्धानको अवसर दिइने छ ।

३.५.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धि**

१.प्रविधिमैत्री, क्षमतावान र सक्षम शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार भएको हुने।

**ख) नतिजा**

१.पालिका अन्तर्गत स्वयम सेवक शिक्षकको लागि प्रतिस्पर्धा गराई २ वर्षे करार सूची प्रकाशन गरिनेछ।

२.शिक्षण पेशा प्रतिस्पधी र सम्मानित हुनेछ।

३.स्थानीय तहवाट शिक्षक पेशागत सहयोग प्रणालीमार्फत निरन्तर पेशागत सहयोग प्राप्त हुने।

४.विषयगत रूपमा शिक्षक दरबन्दी मिलानःपरिमार्जन तथा आपूर्ति हुने।

५.क्षमतावान तथा मेधावी शिक्षकले एम.फिल. वा विद्यावारिधिका अवसर पाएका हुनेछन ।

**ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| क्र.स. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य (५ बर्ष) | | | | | | भौतिक लक्ष्य ( १० बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | स्वयम सेवक शिक्षक नियुक्ति | संख्या | | ५ | ५ | ५ | ५ | २० | ३० | |
| २ | पालिका श्रोतवाट नियुक्त शिक्षकका लागि निर्देशिका निर्माण | पटक | | १ | | | | १ | १ | |
| ३ | नया नियुक्त शिक्षकलाई सेवा प्रवेश तालिम सञ्चालन | पटक | | | | | | | आवश्यकताअनुसार | |
| ४ | पालिका स्तरिय विषयगत शिक्षक अन्तर्रक्रिया | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | विद्यालयमा शिक्षण सिकाई समुह गठन गरी सिकाई आदानप्रदान | विद्यालय | २२ | | | | | २२ | २२ | |
| ६ | स्थानिय विज्ञ समुहलाई परिचालन हरेक महिना | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ७ | पेशागत शैक्षिक अवलोकन | पटक | | १ | | | १ | २ | ४ | |
| ८ | छोटो अवधिको पुनर्ताजगी तालिम सञ्चालन गर्ने | पटक | | १ | | १ | | २ | ३ | |
| ९ | बाल विकास सहजकर्ताको लागि ३० कार्यदिने मन्टेश्वरी तालिम | पटक | | १ | | १ | | २ | ४ | |
| १० | शिक्षकले शिक्षणमा विताउने समय TST कार्यान्वयन गर्ने | सबै विद्यालय | २२ | २२ | २२ | २२ | २२ | २२ | २२ | |
| ११ | शिक्षकको आपूर्ति र वितरण विद्यार्थी संख्यको आधारमा दरबन्दी व्यवस्थापन गर्ने | पटक | | १ | | | | १ | २ | |

### ३.६ अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइ

३.६.१ परिचय

अनौपचारिक शिक्षा औपचारिक शिक्षाको जननी हो। सिकाइ कोक्रोदेखि मृत्यु पर्यन्तसम्म चलिरहने प्रक्रिया हो। विभिन्न माध्यम र किसिमले जीवनोपयोगी ज्ञान र सीप हासिल गरेर समाजमा आफ्नो उपस्थितिलाई सशक्त बनाउन उपयुक्त शिक्षा अनौपचारिक र औपचारिक माध्यमबाट आर्जन गर्नुपर्ने हुन्छ। समुदायले विभिन्न योग्यता, क्षमता, सामाजिक, आर्थिक, सांस्कृतिक तथा धार्मिक विविधता समिश्रणको प्रतिनिधित्व गर्छन । समुदायमा बसेका विभिन्न तप्काका व्यक्तिहरुमा रहेको अन्तर्निहित प्रतिभाको प्रस्फूटन गर्दै उनीहरुको जीवनस्तर उकास्न जीवनपर्यन्त सिकाइको अवसर सुनिश्चित गर्न औपचारिक र अनौपचारिक शिक्षामा राज्यले लगानी गरेको हुन्छ। औपचारिक शिक्षाको निश्चित समयावधिमा हासिल गरेका ज्ञान र सीपले मात्र मानव जीवनलाई सार्थक बनाउन सक्दैन। अनौपचारिक शिक्षाको दायरा र अपरिहार्यताको आधारमा यसको गरीमा बढाउन राज्यको लगानी तथा ध्यान पर्याप्त नभएको वास्तविकता हो। गुणस्तरीय र प्रतिस्पधी जीवन बिताउन अनौपचारिक शिक्षाको विकल्प छैन। जीवनपर्यन्त सिकाइको अवधारणा नेपालमा जीवनपर्यन्त सिकाइलाई आधिकारिक रूपमा परिभाषित नगरिएको भए पनि सरकारी नीति तथा योजनालाई आधार मान्दा जीवन पर्यन्त सिकाइ, अनौपचारिक र औपचारिक शिक्षाका माध्यमबाट जीवनभर गरिने सिकाइ हो। औपचारिक शिक्षा प्रणली भन्दा बाहिर वा अन्य तरिकाबाट प्राप्त हुने शिक्षालाई अनौपचारिक शिक्षा भनिन्छ। वास्तवमा अनौपचारिक शिक्षा औपचारिक शिक्षाको पुरकको रुपमा जन्मिएको पाइन्छ। त्यसैले कतिपय लेखकले अनौपचारिक शिक्षालाई मानवको आदीम इतिहास सँगै जन्मेको समेत बताएका छन । धैरैले अनौपचारिक शिक्षालाई १९१९ मा ए.एल. स्मिथद्वारा प्रौढ शिक्षाको शुत्रपानत

भएपछि यसको विकासमा महत्वपूर्ण योगदान पुगेको कुरा उल्लेख गरेका छ। त्यस्तै संयुक्त राष्ट्र संघको युनेस्को मार्फत सन १९४६ देखि निरक्षरताको विरुद्द साक्षरता अभियानको कदम तथा सन १९४९ मा डेनमार्कको सल्सीनोर भन्ने ठाउँमा सर्वप्रथम प्रौढ शिक्षाको बारेमा सम्मेलन भयो र सो समयपछि प्रौढ साक्षरताले विशेष महत्व पायो। सन १९६० क्यानाडाको मन्ट्रियर भन्ने ठाउँ विश्वका ५१ राष्ट्रले भाग लिएको प्रौढ शिक्षा सम्बन्धी सम्मेलनले प्रौढहरुलाई व्यवहारिक र व्यवससायीक शिक्षा दिनु पर्ने कुरा उल्लेख गर्दै सन १९६१ मा संयुक्त राष्ट्र संघको महासभामा साक्षारता सम्बन्धी एक मुल्यांङ्कन प्रतिवेदन प्रस्तुत गऱ्यो। सन १९६६ मा ८७ राष्ट्र सम्मिलित मन्त्री स्तरिय सम्मेलनमा नेपालको तर्फबाट शिक्षामन्त्री पुष्कारनाथ उप्रेती सहभागी भएको र उक्त सम्मेलनले विश्वभरका निरक्षर प्रौढहरुलाई साक्षर गराउने कार्य प्रत्येक देशको विकास योजनाको अभिन्न अंग हुनु पर्ने कुरामा जोड दियो। त्यसपछि सन १९७२ जुलाई २५ देखि अगष्ट ६ सम्म जापानको टोकियोमा अर्न्तराष्ट्रिय प्रौढ शिक्षा सम्मेलन सम्पन्न भयो। जसले शैक्षिक सुविधाहरुलाई जीवन पर्यन्त आवश्यकताका रुपमा लियो। यसरी विकास हुँदै आएको अनौपचारिक शिक्षाले हाम्रो समाजलाई समेत शैक्षिक उज्यालो तर्फ डोर्याएको र निरन्तर सिकाइको रुपमा समेत परिचित हुँदै आएको पाइन्छ।

लामो समयसम्म निरन्तर रुपमा लिइरहेको ज्ञानलाई नै निरन्तर सिकाइ भनिन्छ। व्यक्तिले निश्चित समयसम्म सिकेका कुराले आफ्नो आवश्यकता पूरा नभएको सहसुस गरी निरन्तर सिकाइलाई जोड दिदै आएको पाइन्छ। नेपालमा २००४ सालदेखि आधार शिक्षा केन्द्रले प्रौढ साक्षरता कार्यक्रम संचालन गरेको थियो। यसै गरि वि.स. २०३५/०३६ मा नेपालमा २५ जिल्ला मध्ये हरेकमा ८-९ ओटा कक्षाका दरले प्रौढ साक्षरता कार्यक्रमको संञ्चालन गरेको थियो। राष्ट्रिय अनौपचारिक शिक्षा परिषद्ले अनौपचारिक शिक्षाको पाठ्यक्रमलाई २०५३/०४२२२ मा स्वीकृत प्रदान गरी वि.स. २०५६ सालमा अनौपचारिक शिक्षा केन्द्रको स्थापना गरियो। यसै गरी वि.स. २०६३ मा अनौपचारिक शिक्षा नीति पारित गरियो र अनौपचारिक शिक्षाका आधारभूत, मध्यमा र स्वाध्ययन गरी तीन तहका पाठ्यक्रम निर्माण गरियो। सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति २०१८ को प्रतिवेदनले वि.स. २०१३ देखि वि.स. २०१८ सम्ममा १८७८ वटा प्रौढ शिक्षा केन्द्र खोलिएको र ४६९५० जना प्रौढहरु साक्षर बनेको कुरा उल्लेख भएको छ। राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ ले अनौपचारिक शिक्षाका ५ ओटा उद्देश्यहरु तय गयो। जसलाई अनौपचारिक शिक्षामा तहहरु अनुसार यसलाई औपचारिक शिक्षासँग समस्तरताको रुपमा हेर्दै देशको कूल बजेटको ०.३ प्रतिशत रकम मात्र अनौपचारिक शिक्षामा खर्च गरिएको र त्यससमा ४२.३ प्रतिशत रकम बाह्य श्रोतवाट प्राप्त भए पनि यस क्षेत्रको खासै प्रगति खासै सन्तोषजनक नभएको पाइन्छ।

३.६.२ वर्तमान अवस्था

औपचारिक शिक्षा तथा अन्य बैकल्पिक शैक्षिक अवसरहरुबाट बञ्चित व्यक्तिलाई कम्तिमा पनि आधारभूत साक्षरता सम्मको सीप हासिल गर्ने अवसर प्रदान गर्न विभिन्न स्वरुप र प्रकृयामा साक्षरताका कार्यक्रमहरु संचालन हुँदै आएका छन। प्रथम पञ्चवर्षिय योजना (२०१३-२०१८) देखि निश्चित सङ्ख्याका निरक्षरहरुलाई साक्षर बनाउने लक्ष्यका साथ प्रत्येक जिल्लाका निश्चित बस्तिमा साक्षरता कार्यक्रम सञ्चालन हुँदै आयो र वि.स. २०४५ बाट सुरु भएको साक्षरता अभियान वि.स. २०६५/०६६ देखि पुन: अभियानका रुपमा साक्षरता कार्यक्रमलाई देश व्यापी बनाइयो। निरक्षरहरुको वास्तविक संख्या एकिन

नभै साक्षरता कार्यक्रमलाई वास्तविक निरक्षर केन्द्रित गर्न नसकिने सत्यलाई आत्मसाथ गरी आ.व. २०६७/०६८ मा प्रत्येक गाबिस र गाउँपालिकाको हकमा उच्चतम कक्षा संचालित विद्यालयको संयोजकत्वमा शिक्षक विद्याथी र सामुदायिक अध्ययन केन्द्र परिचालन गरी घरघुरी सर्वेक्षणका माध्यमबाट निरक्षरहरुको विवरण संकलन गरियो । ती विवरणलाई आधार मानेर वि.स. २०६७/०६८ र ०६८/०६९ मा साक्षरता कक्षा संचालन गरियो । जस अनुसार आ.व. २०६८/०६९ मा देशका १२ हजार बडाहरुमा तीन चरणमा ३६ हजार साक्षरता कक्षा संचालन गरियो । वि.स. २०६५ मा ७८ लाख निरक्षर रहेको अनुमान गरिएकोमा हालसम्म आइपुग्दा साक्षारता अभियानबाट करिब ४० लाख निरक्षरहरु साक्षर भएको देखिन्छ ।

शिक्षा ऐन तथा नियमावलीमा अनौपचारिक शिक्षा शिक्षा ऐन २०२८ (संसोधन सहित) दफा ६ को उपदफा ३ मा अनौपचारिक शिक्षा तथा दुर शिक्षाको व्यवस्था गरिएको छ। परिच्छेद ९ मा औपचारिक शिक्षा दिन सकिने, आधारभूत प्रौढ साक्षरता शिक्षा, साक्षरोत्तर शिक्षा पूरा गरि सकेका व्यक्तिलाई निरन्तर शिक्षा दिइने, वैकल्पिक शैक्षिक कार्यक्रम मार्फत विद्यालयमा अध्ययन नगरेको वा अध्ययन गरी बीचैमा छोडेका वालबालिकाको लागि विद्यालयको पाठ्यक्रमको आधार तयार गरिएको पाठ्य सामग्री प्रयोग गरी बैकल्पिक शैक्षिक कार्यक्रम संचालन गर्न सकिने व्यवस्था उल्लेख गरिएको छ । शिक्षा मन्त्रीको अध्यक्षतामा १८ सदस्यीय केन्द्रमा अनौपचारिक शिक्षा परिषद् गठन गरी कार्य गर्ने तथा जिल्ला विकास समितिको सभापतिको अध्यक्षतामा जिल्ला अनौपचारिक शिक्षा समिति गठन गरी कार्य संचालन गर्ने व्यवस्था उल्लेख भएको पाइन्छ । वि.सं२०६८ को जनगणना अनुसार जिराभवानी गाउँपालिकाको ५ बर्ष माथिको कूल साक्षरता ५०.६ प्रतिशत रहेको छ भने १५ देखि २४ वर्ष उमेर समुहको साक्षरता दर ६२.५ रहेको र १५ बर्ष माथिको साक्षरता दर ४१.८ छ जसमा महिलाको साक्षरता दर कम रहेको छ । वर्तमान अवस्था सम्म आइपुग्दा तपशिल बमोजिम अनौपचरिक शिक्षा सम्वन्धी नीति तथा निर्देशिकाहरु मार्फत कार्य गर्दै आएको पाइन्छ ।

- अनौपचारिक शिक्षा नीति २०६३
- राष्ट्रिय साक्षरता अभियान कार्यक्रम निर्देशिका २०६५/२०६६
- अनौपचारिक तथा साक्षर नेपला अभियन कार्यक्रम कार्यान्वयन निर्देशिका २०६९-०७२
- सामुदायिक अध्ययन केन्द्र संचालन एवम व्यवस्थापन निर्देशिका २०६२
- साक्षरता अभियान विद्यार्थी परिचालन तथा मूल्याङ्कन निर्देशिका २०७०
- अनौपचारिक प्रौढहरुमा लागि सञ्चालित विद्यालय निर्देशिका २०६५
- अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइ कार्यक्रम कार्यान्वयन पुस्तिका २०७२
- साक्षर नेपाल अभियान २०६९-०७२ अवधारण पत्र
- अनौपचारिक शिक्षा राष्ट्रिय सञ्चालन कार्यान्वयन पुस्तिका २०६७
- साक्षर नेपाल वर्ष २०७२ अवधारणा पत्र
- अनौपचारिक शिक्षा तथा साक्षरता कार्यक्रम कार्यान्वयन सहजीकरण पुस्तिका २०७५

अनौपचारिक शिक्षाका विभिन्न कार्यक्रम मार्फत शिक्षाको पहुँचबाट टाढा रहेका ६ वर्ष देखि १४ वर्ष सम्मका बालबाकालिकालाई अनौपचारिक शिक्षाको माध्यमबाट पठन पाठन गराई औपचारिक विद्यालयको माथिल्लो कक्षामा प्रवेश गराउने उद्देश्य राखिएको पाइन्छ । स्थानीय तहका सरकारहरुले नीति तथा कार्यान्वयनको जिम्मेवरी मार्फत अनौपचारिक वैकल्पिक शिक्षा तथा आजीवन सिकाइ सम्बन्धी कानुन बनाउने, योजना तथा कार्यक्रम तर्जुमा गर्ने, कार्यान्वयन गर्ने, अनुगमन गर्ने, मूल्याङ्कन र नियमन समेत गर्ने कुरा राष्ट्रिय शिक्षा नीति २०७६ को परिच्छेद ११.३ को बुदाँ ९३.३० समेत उल्लेख गरेको छ ।स्थानिय तहमा किशोरी शिक्षा लगायत अन्य अनौपचारिक शिक्षाका लागि विकास साझेदारहरु पनि सहयोग गरिहरेका छन । अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका चुनौतीहरू देहाय बमोजिम पहिचान गरिएको छः

१.अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको सहज र सर्वसुलभ पहुँच सुनिश्चित नहुनु।

२.साक्षरता, निरन्तर सिकाइ, आयमूलक सीपसँगै समय सापेक्ष सूचना प्रविधियुक्त साक्षरता कक्षा सञ्चालन नहुनु ।

३.मौलिक तथा परम्परागत सस्कृतिको पहिचान, संरक्षण प्रवर्धन।

४.सामुदायिक सिकाइ केन्द्रलाई समयसापेक्ष सिकाइ आवश्यकता सम्बोधन गर्न सक्ने बनाउनु।

५.अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ लागि मापदण्ड बनाउन नसक्नु ।

६.पाठ्यक्रम, पाठ्यपुस्तक तथा थप सिकाइ सामग्रीहरू विकास

७.व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र,घुम्ती पुस्तकालय स्थापना र प्रवर्धन गर्ने विषयलाई सामुदायिक सिकाइ केन्द्रसँग आवद्ध गर्ने।

८.सहजकर्ताको क्षमता विकास।

### ३.६.३ उद्देश्य

यस योजनाले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ सम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छ(

१.साक्षर जिराभवानीको रूपमा विकास गर्नु ।

२.साक्षरतालाई सीपसँग आवद्ध गरि रोजगारका अवसर प्रदान गर्नु ।

३.सामुदायिक सिकाइ केन्द्रको विकास र विस्तार गर्नु ।

### ३.६.४ रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्वन गरीनेछः

१.साक्षर नेपाल अभियान पूरा गर्न यस पालिकाले सामुदायिक सिकाइ केन्द्र, विद्यालय, विकास साझेदार,नागरिक समाज, टोल विकास, राजनैतिक दल सञ्चार माध्यम, अभिभावक र अन्य साझेदारहरू परिचालन गरिनेछ।

२.सामुदायिक तथा घुम्ती पुस्तकालय पहुँचको अभिवृद्धि गरिनेछ।

३.मौलिक एवम परम्परागत ज्ञान तथा सीपको पहिचान, संरक्षण, प्रवर्धन एवम हस्तान्तरण सम्वन्धी कार्यक्रमहरू सञ्चालन गरीनेछ।

४.स्थानीय तहले सञ्चालनमा रहेका सामुदायिक सिकाइ केन्द्रहरूको आवश्यकतानुसार समायोजन, पुनर्संरचना तथा पुनर्वितरण गरि स्थानीय आवश्यकताका आधारमा सिकाइ केन्द्र स्थापना तथा सञ्चालन गरिनेछ।

५.विज्ञ समूह निर्माण गरि अनौपचारिक तथा आजीवन सिकाइ सम्बन्धी अवधारणा पत्र तयार गरिने छ।

६.सामुदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधा सम्पन्न विद्युतीय पुस्तकालय बहुउद्देश्यीय संयन्त्रको रूपमा सुदृढीकरण गरि समावेशी एवम समतामा आधारित आजीवन सिकाइ थलो को रूपमा विकास गरिनेछ।

### ३.६.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धि**

१.सवै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त भएको हुने।

**ख) प्रमुख नतिजाहरू**

१.साक्षर जिराभवानीको रुपमा विकास हुने।

२.लक्षित बर्ग र समुदायमा सिकाइ अवसरहरूको सिर्जना हुने।

३.अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको व्यवस्थापनका लागि आवश्यक संरचनागत व्यवस्था तयार भई कार्य सञ्चालन हुने।

४.सामुदायिक सिकाइ केन्द्रको विकास र विस्तार हुने।

५.विज्ञ समूह निर्माण गरि अनौपचारिक तथा आजीवन सिकाइसम्बन्धी अवधारणा पत्र तयार हुने।

६.स्थानीय माग र आवश्यकताका आधारमा रोजगारीमूलक अनौपचारिक पाठ्यक्रम तयार हुने।

**ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| क.स. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य (५ बर्ष) | | | | | | भौतिक लक्ष्य (१० बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | निरक्षरहरूको तथ्याङ्क संकलन तथा खण्डिकृत डाटावेस तयारी | पटक | १ | | | | | १ | २ | |
| २ | साक्षरता तथा साक्षरोत्तर शिक्षा कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | सामूदायिक सिकाइ केन्द्र सञ्चालन | केन्द्र | २ | ३ | | | | ५ | ५ | |
| ४ | सामूदायिक सिकाइ केन्द्रलाई सामूदायिक पुस्तकालयका रूपमा सञ्चालन | पटक | | | २ | ३ | | ५ | ५ | |
| ५ | सामूदायिक सिकाइ केन्द्रको सुदृढीकरण | केन्द्र | | २ | ३ | | | ५ | ५ | |
| ६ | सरकारी तथा गैर सरकारी निकायसँग साझेदारी र सहकार्य | नियमित | | | | | | | | |
| ७ | मौलिक तथा परम्परागत ज्ञानमा आधारित सामग्री विकास | पटक | १ | १ | १ | १ | | ४ | ८ | |
| ८ | सूचना तथा सञ्चार प्रविधिको प्रयोग | पटक | | १ | | | | १ | २ | |
| ९ | सिकाइ सामग्री र सिकाइको प्रमाणीकरण | पटक | | १ | | १ | | २ | ५ | |
| १० | संस्थागत प्रबन्ध | पटक | १ | | | | १ | २ | ४ | |
| ११ | अनौपचारिक प्रौढ विद्यालय, खुला विद्यालय, र धामीक प्रकृतिका विद्यालयहरूलाई अनुदान | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १२ | पूर्णसाक्षर पालिका घोषणा | पटक | | १ | | | | १ | १ | |

## ३.७ प्राविधिक तथा व्यवसायिक शिक्षा

### ३.७.१ परिचय

विद्यार्थीलाई प्राविधिक तथा व्यावसायिक ज्ञान र सिप प्रदान गरी शिक्षालाई जीवनोपयोगी बनाउने उद्दश्यले नेपालमा वि.सं. २००४ मा आधार स्कुलबाट नै प्राविधिक तथा व्यावसायिक शिक्षाको सुरुवात भएको पाइन्छ। राष्ट्रिय शिक्षा योजना आयोगको प्रतिवेदन २०११ अनुसार आधारभूत विद्यालयलाई विस्थापन गरी बहुउद्देश्यीय विद्यालयको माध्यमबाट व्यावसायिक शिक्षा दिने व्यवस्था गरिएको थियो । बहुउद्देश्यीय माध्यमिक विद्यालय कार्यक्रम नयाँ भए तापनि पुरानै पद्धतिमा आधारित थियो। वि.सं.२०२८ मा सुरु भएको राष्ट्रिय शिक्षा पद्धितिको योजना २०२८-२०३२ ले देशका सवै साधारण माध्यमिक विद्यालयलाई व्यावसायिक विद्यालयको स्वरूप प्रदान गर्यो । यस योजनाले व्यावसायिक विषयलाई समेत अनिवार्य विषयको रूपमा पाठ्यक्रममा समावेश गर्यो ।

देशमा आधारभूत तथा मध्यमस्तरका प्राविधिक जनशक्ति उत्पादन गर्न प्राविधिक शिक्षालय नीति सन १९७९ देखि अवलम्बन गरियो । सन १९८० मा प्राविधिक शिक्षालय योजना लागु गरियो । सन १९८२ मा राष्ट्रिय प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम समिति गठन गरिएको थियो । प्राविधिक शिक्षालयको व्यवस्थापन

तथा प्रशासनिक कामकाजका लागि प्राविधिक तथा व्यावसायिक शिक्षा निर्देशनालय स्थापना गरिएकामा वि.सं. २०४५ मा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ऐन २०४५ पारित भई देशमा प्राविधिक तथा व्यावसायिक शिक्षाको विकास र विस्तारका लागि प्राविधिक तथा व्यावसायिक तालिम परिषद्को स्थापना भयो । हाल परिषद्का आङ्गिक शिक्षालय विभिन्न साझेदारीमा सञ्चालित कार्यक्रम सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम र निजी स्तरबाट सञ्चालित शिक्षण संस्थामार्फत विभिन्न प्राविधिक तथाव्यावसायिक शिक्षाका कार्यक्रम सञ्चालन भइरहेका छन ।सामुदायिक विद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षा वि.सं. २०७० बाट सञ्चालन हुन सुरु भएको थियो । शिक्षा मन्त्रालयले तत्कालीन शिक्षा विभागमार्फत सामुदायिक विद्यालयमा कक्षा नौबाट प्राविधिक शिक्षा सञ्चालन गर्ने निर्णय गरी विद्यालयमा प्राविधिक शिक्षाको पन पाठन प्रारम्भ भएको थियो ।

### ३.७.२ वर्तमान अवस्था

हाल मन्त्रालयअन्तर्गतका प्राविधिक धारमा इन्जिनियरिङतर्फ सिभिल, इलेक्ट्रिकल, कम्प्युटर र कृषि तथा पशु विज्ञानतर्फ बाली विज्ञान र पशु विज्ञानका कार्यक्रम सञ्चालनमा छन । हाल प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी) र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गत शिक्षालयमा छुट्टाछुट्टै पाठ्यक्रमका आधारमा प्राविधिक शिक्षा सञ्चालन हुँदै आएका छन । देशभरमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्अन्तर्गत ६३ ओटा आङ्गिक शिक्षालय, ४२ ओटा साझेदारी स्वरूपमा सञ्चालनमा रहेका शिक्षालय, ५७२ ओटा सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा, ४२९ ओटा लामो अवधिको कार्यक्रम सञ्चालन गर्न सम्बन्धन प्राप्त निजी शिक्षालय र १,३७० ओटा छोटो अवधिको तालिम सञ्चालन गर्न स्वीकृति लिएका निजी संस्थामार्फत विभिन्न प्राविधिक भइरहेका छन (प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद, २०७८) । ती संस्थामा कुल ३५,९५० विद्याथी भर्ना भएका छन । हाल देशभरका ७५३ स्थानीय तहमध्ये ६५५ स्थानीय तहमा प्राविधिक शिक्षाको पहुँच पुगेको छ । यस गाउँपालिकामा कुनैपनि विद्यालयमा प्राविधिक तथा व्यवसायिक शिक्षा सम्वन्धी कार्यक्रम रहेको छैन।

### ३.७.३ उद्देश्य

१.प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिप विकासमा पहुँच अभिवृद्धि गर्नु ।

२.प्राविधिक तथा व्यवसायिक शिक्षा तथा सिए विकासका अवसरहरुलाई सान्दर्भिक, उपयोगी र गुणस्तरीय बनाउनु ।

३.प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिप विकासका अवसर सृजना गर्ने संयन्त्र विकास गर्नु ।

### ३.७.४ रणनीतिहरू

१ स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपको अवसर सृजना गर्ने

२ वहुप्राविधिक शिक्षालय तालिम केन्द्रहरूको स्थापना, सञ्चालन तथा नियमन गर्ने

३ प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपको गुणस्तर प्रभावकारिता र पहुँच बढाउनको निम्ति सरोकारवालाहरूसंग समन्वय गर्ने

४ प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपको क्षेत्रमा सक्षम जनशक्ति तयार गर्ने

५ प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपमा व्यापार तथा उद्योग क्षेत्रको सहभागिता बढाउन प्रोत्साहन गर्ने

६ आयआर्जन गर्ने खालका क्रियाकलापको माध्यमबाट आत्मनिर्भर हुनको निम्ति संस्थागत क्षमता बढाउने

७ पिछडिएका भौगोलिक क्षेत्र, महिला, आदिवासी जनजाति, दलित, अगदगता भएका नागरिक एवम आर्थिक रूपले विपन्न समुदाय वर्गको पहुँच बढाउन आवश्यक कार्यक्रमहरुको व्यवस्था गर्ने

८ प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रहरू कृषि, ऊर्जा, पर्यटन, जनसात स्थानीय प्रविधि, सम्पदा र संस्कृति, खेलकूद जलवायु परिवर्तनलगायतकाहरूमा केन्द्रित गर्न पहल गर्ने

९ विद्याथीहरूलाई प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका अवसर उपलब्ध गराउनका लागि सम्वन्धित संस्थाहरूसंग समन्वय तथा सहकार्य गर्ने

१०स्थानीय तहमा सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपप्रदायक संस्थाहरूको संचालनमा आवश्यक सहयोग उपलब्ध गराउने ।

३.७.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धि**

१ उत्पादनशील जनशक्तिले आवश्यकताअनुसारका प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रहरूमा पर्याप्त दक्षता हासिल गरी उत्पादनशील, रोजगारी, स्वरोजगारी र जीविकोपार्जनका क्षेत्रबाट आर्थिक स्तर सुधार भएको हुनेछ ।

**ख) प्रमुख नतिजाहरू**

१ स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रमा उत्पादनशील जनशक्तिले आवश्यकता अनुसारका प्राविधिक तथा व्यावसायिक सिपका क्षेत्रहरूमा पर्याप्त अवसर प्राप्त गरेको हुने ।

२ स्थानीय तहमा बहुप्राविधिक शिक्षालय प्राबिधिक धारका माध्यमिक विद्यालयहरूको स्थापना भई सन्चालन हुने।

३ स्थानीय तहमा सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रमा सञ्चालित संस्थाहरूबाट सञ्चालन हुने कार्यक्रमहरुको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्धि हुने ।

४ प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रहरूलाई उत्पादन र आर्थिक उपार्जनसंग जोडिने

५ स्थानीय स्तरमा रहेका परम्परागत सिपहरूको पहिचान प्रमाणीकरण तथा प्रवर्द्धन हुने ।

६ वैदेशिक रोजगारीबाट हासिल गरेको अनुभव र सिपको खोजी प्रमाणीकरण तथा उपयोग हुने वातावरण सृजना हुने ।

७ खोज, नवप्रवर्तन तथा उद्यमशीलतामा अभिवृद्धि भएको हुने ।

८ उत्पादनशील राजगारी, स्वराजगारी र  जीविकोपार्जनका अवसरमा वृद्धि हुने ।

९ प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिपका क्षेत्रमा सार्वजनिक, निजी तथा सामुदायिक सहभागितामा लगानी अभिवृद्धि हुने ।

५४

## ग) प्रमुख क्रियाकलापहरु र लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य (५ बर्ष) | | | | | | भौतिक लक्ष्य ( १० बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | प्राविधिक धारका माध्यमिक विद्यालयहरू स्थापना र सञ्चालन | विद्यालय | | | १ | १ | | २ | ३ | |
| २ | प्राविधिक धार सञ्चालन भएका विद्यालयहरूको भौतिक पूर्वाधार विकास | विद्यालय | | | १ | १ | | २ | ३ | |
| ३ | बहुप्राविधिक शिक्षालय स्थापना, सञ्चालन तथा नियमन | पटक | | | | | १ | १ | १ | |
| ४ | छोटो अवधिका सिपमूलक तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | छात्रबृत्ति कार्यक्रम | विद्यार्थी | | ५ | ५ | ५ | ५ | २० | ५० | |
| ६ | स्थानीय स्तरमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका लागि आवश्यक नीति तर्जुमा | पटक | १ | | | | | १ | १ | |
| ७ | खोज तथा नवपर्वर्तनात्मक कार्यलाई प्रोत्साहन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ८ | स्थानीय स्तरमा रहेका परम्परागत सिपहरूको पहिचान, प्रमाणिकरण तथा प्रवर्द्धन कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ९ | वैदेशिक रोजगारीबाट हासिल गरेको अनुभव र सिपको खोजी, प्रमाणिकरण तथा उपयोग सम्बन्धि कार्यक्रम | पटक | | | १ | | १ | २ | ४ | |
| १० | उत्पादित जनशक्तिलाई उद्यमशीलताका लागि सहयोग | पटक | | १ | १ | १ | १ | ४ | १० | |

# परिच्छेद चार: अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरु

परिच्छेद तीनमा शिक्षा क्षेत्र अन्तर्गतका मुख्य उपक्षेत्रहरू प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ लगायत पाठ्यक्रम तथा मूल्याङ्कन र शिक्षक व्यवस्थापन तथा विकाससँग सम्वन्धित वर्तमान अवस्थाको विश्लेषणका आधारमा चुनौतीहरू पहिचान गरि यस योजनाका लागि उद्देश्य, रणनीतिहरू तथा प्रमुख नतिजा, क्रियाकलाप तथा लक्ष्यहरू सहितको योजनाको खाका प्रस्तुत गरिएको छ। परिच्छेद तीनका विभिन्न खण्डहरूमा ती खण्डहरूसँग सम्बन्धित विभिन्न अन्तर सम्वन्धित विषयहरू जस्तै: समता तथा समावेशीकरण, स्वास्थ्य, पोषण तथा दिवा खाजा, छात्रवृत्ति, आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षास विद्यालय भौतिक विकास, शिक्षामा सूचना तथा सञ्चार लगायतका कतिपय पक्षहरू समावेश गरिएका भए पनि यी अन्तरसम्बन्धित विषयलाई समग्रमा विश्लेषण गरि योजनामा प्राथमिकता प्रदान गर्न र विभिन्न उपक्षेत्रसँग सम्बन्धित गराउन सहयोग पुर्‍याउने उद्देश्यले यस परिच्छेदमा प्रस्तुत गरिएको छ।

यस परिच्छेदमा शिक्षामा समता तथा समावेशीकरणको अभिवृद्धि, विद्यालय स्वास्थ्य, पोषण तथा दिवा खाजा र छात्रवृत्ति जस्ता आवश्यकीय सेवाको सञ्चालन तथा व्यवस्थापन, आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षाका लागि तयारी, विद्यालय भौतिक विकास, र शिक्षामा सूचना तथा सञ्चार जस्ता अन्तर सम्वन्धित विषयहरू समावेश गरिएको छ। यसमा उल्लिखित प्रत्येक विषयको अवधारणा तथा विद्यालय शिक्षामा यसको आवश्यकता, विद्यमान अवस्थाको विश्लेक्षण गरि चुनौतीहरू पहिचान गरिएको छ भने यस योजनामा यस विषयका उद्देश्य, अपेक्षित नतिजा तथा योजना अवधिमा सञ्चालन गरिने मुख्य क्रियालाप तथा लक्ष्यहरू उल्लेख गरिएको छ।

## ४.१ शैक्षिक समता र समावेशीकरण

### ४.१.१ परिचय

शिक्षामा समावेशी र समता वर्तमान समयको नयाँ जल्दोवल्दो अवधारणा हो । यो अवधारणा नेपालमा समावेशी लोकतन्त्र संगै सुरुवात भएको पाइन्छ । शिक्षा प्राप्त गर्नु मानिसको मौलिक अधिकार भएकोले कानुन अनुसार सवैले शिक्षा प्राप्त गर्न पाउनु पर्दछ । कुनै पनि वालवालिकालाई शिक्षाको उज्यालो घामवाट वन्चित गर्न हुदैन भन्ने दृष्टिकोण यो समावेशी र समता शिक्षाले राख्दछ । समावेशी शिक्षा भन्नले विना भेदभाव कक्षा कोठामा विभिन्न जातजाति, धर्म, लिंग, वर्ग तथा क्षेत्रका वालवालिकाहरुलाई समान रुपले शिक्षा प्रदान गर्नु भन्ने वुझिन्छ । विभिन्न पृष्ठभुमिका वालवालिकालाई उपयुक्त शैक्षिक वातावरण तैयार गरी शैक्षिक अवसर प्रदान गर्नु नै समावेशी शिक्षा हो । नेपालको संविधान २०७२ अनुसार सवै वालवालिकाहरुलाई शिक्षाबाट बंन्चित नहोस भन्ने ध्येयले माध्यमिक तह सम्म शिक्षालाई निशुल्क किटानी गर्नुका साथै स्थानीय मातृभाषाद्धारा शिक्षा प्राप्त गर्न सकिने अधिकारलाई सुरक्षित गरेको छ। यो शिक्षाले शिक्षा प्रदान गर्दा सामाजिक न्यायको आधारमा शिक्षालाई अगाडि वढाइनु पर्दछ। त्यसको लागि देशको शिक्षाको नयाँ संरचना अनुसार संघ, प्रदेश र स्थानीय तिनै तहका सरकारहरुले कानुनमा

व्यवस्था भए अनुसार कक्षा व्यवस्थापन गर्न आवश्यक छ। यसो भएको अवस्थामा मात्र समावेशी शिक्षा नितिलाई कार्यान्वयन पक्षमा लैजान सहज हुन्छ।

सवै वाल वालिकाहरुलाई सामाजिक न्यायको आधारमा शिक्षामा पहुँच पुर्याइ शैक्षिक गुणस्तर वृद्धि गर्न आवश्यक छ। त्यसको लागि सवै वालवालिकाहरुलाई समान शैक्षिक अवसर प्रदान गर्न जरुरी हुन्छ। यसका अतिरिक्त विभिन्न वर्ग, तह, आर्थिक, सामाजिक स्तरमा पिछाडिएका समुदायका वालवालिकाहरुलाई समावेश गरी उचित शिक्षा प्रदान गर्न सक्नु पर्दछ। अन्ध, अपांग, सुस्त मनस्थिति, गरीव, पिछाडिएका, दलित, जनजाति, आदिवासी लगायतका सवै वालवालिकाहरुले शिक्षाको समान अवसर प्राप्त गर्न सक्नु पर्दछ जसलाई नै शिक्षामा समता भनिन्छ। शिक्षामा समता भन्नाले शिक्षामा सामाजिक न्यायको अवधारणालाई विकास गर्नु हो। त्यसको लागि कमजोर पृष्ठिभुमिका वालवालिकाहरुलाई अन्य वालवालिकाहरुको तुलनामा थप अवसर प्रदान गर्नु गराउनु र शिक्षामा समावेशी र समतालाई उच्च स्थान दिनु महत्वपुर्ण रहन्छ।

शिक्षामा समावेशीकरण र समता भन्नाले

- समावेशी लोकतन्त्रलाई सफल, पुर्ण र जीवन्त वनाउने एक प्रजातन्त्रिक अवधारणा जसमा सवै प्रकारका वालवालिकाहरुको समान शैक्षिक अवसर प्राप्त हुन्छ
- समावेशी र समता मुलक शैक्षिक पक्ष आफैमा आर्दश र सर्वहितकारी अवधारणा हो जसमा समान रुपमा वालवालिकाहरुको शैक्षिक क्षेत्रमा प्रतिनिधित्व रहन्छ
- आर्दश र लोकतान्त्रिक शैक्षिक प्रणालीको साधन र साध्यको रुपमा समावेशी र समतामुलक शिक्षालाई लिइन्छ
- शैक्षिक क्षेत्रमा सवैको पहुच विस्तार गरी समान सहभागिता र समान अवसर प्रदान गर्ने निति र कार्यक्रम समावेशी र समता हो
- शिक्षामा समावेशीकरणको निति विना समानुपातिक र समतामुलक शैक्षिक प्रतिनिधित्व हुन सक्दैन
- माथि उल्लेखित विषयहरुको अन्तर सम्वन्धको विकास जसले शिक्षाको देशव्यापी उदेश्यहरु पुरा गर्न सहयोग गर्दछ
- समन्यायिक, समतामुलक, सहभागितामुलक, सन्तुलित तथा दिगो शैक्षिक आधार तथा शैक्षिक लोकतन्त्रको दर्शन हो

शिक्षामा गुणस्तर अभिवृद्धिका लागि राज्यका तिनै तहका सरकारहरुले स्पष्ट निति, योजना, कार्यक्रमहरु ल्याई तिनलाई उदेश्य उन्मुख वनाउन आवश्यक रणनितिहरु तैयार गर्नु पर्दछ। त्यसका लागि जिराभवानी गा.पा.ले पनि विभिन्न पृष्ठभुमि भएका वालवालिकाहरुको समग्र विकास गरी समावेशी र समतालाई प्राथमिक चरणमा राख्न आवश्यक छ।

शिक्षामा समावेशीकरण तथा समताको संक्षिप्त गतिविधि यस्तो रहेकोछ

- शिक्षामा सवै जाति र वर्ग तहहरुलाई समावेश गराउनु पर्दछ भन्ने कुरा १८ औ शताब्दीतिर उठेको पाइन्छ

- नेपालको सर्न्दभमा यो समावेशी र समताको अवधारणा २०६२ को जनआन्दोलन पश्चात वहुचर्चित, वहुप्रचालित हुँदै आएको पाइन्छ
- वर्तमान नेपालको संविधानले शिक्षामा समावेशी र समताको विषयलाई उल्लेख गरी वाल वालिकाहरुको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चिता गरेको छ ।

जिराभवानी गाउँपालिका सामाजिक, आर्थिक, सास्कृतिक विविधता भएको स्थानीय तह हो। यहाँ विभिन्न भाषिक, सांस्कृतिक तथा जातजातिगत समुदायहरूको बसोवास छ। मधेशी समुदायको मुख्य वसोबास रहेको यस क्षेत्रमा ब्राहमण, जनजाति तथा दलित समुदाय छन। साक्षरताका आधारमा हेर्दा पुरुषको भन्दा महिलाको साक्षरता दर कम रहेको छ ।

४.१.२ वर्तमान अवस्था

नेपालको शैक्षिक क्षेत्रको सुधारको लागि विविध किसिमका आरोह र अवरोहहरु पार हुँदै आएका छन । वर्तमान एक्काइसौ सताब्दीको प्रविधि र सुचनाको युगमा प्रवेश गरेको विश्वको वर्तमान घडीमा विशेष गरी नेपालको सर्न्दभमा भन्नु पर्दा नेपाल वहुभाषि, वहुजाति तथा बहुधर्मी भएको मुलुक भएको तथा यहाँ विभिन्न वर्ग, तह, पिछाडिएका, गरीव तथा सुस्त, अपांग, दलित, सिमान्तकृत जातजातिहरुको वसोवास भएको तथा ति सम्पुर्ण नेपालीहरुको समग्र हितमा हुने किसिमका योजना निर्माण नहुने हो भने राज्यको शैक्षिक स्तर उकास्न समस्या पैदा हुने भएकोले यसमा राज्यका तिनै अंगहरुको महत्वपुर्ण स्थान हुन्छ । तसर्थ, नेपालको गरीवी, अशिक्षा लगायत विकासमा वाधा दिने सवै खालका चुनौतीहरुलाई हटाउनका लागि राज्यको माथिल्लो निकाय संघ, प्रदेश हुदै स्थानीय निकायहरुले सवै किसिमका वालवालिकाहरुलाई समावेश हुन सक्ने गरी समावेशीकरण र समतामा आधारित शिक्षा निति, योजना, कार्यक्रमहरु ल्याउनु पर्ने हुन्छ र तिनको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक वजेट व्यवस्थापन, जनशक्ति उत्पादन लगायतका क्षेत्रमा विशेष ध्यान पुग्न जरुरी रहन्छ । नेपालको सर्न्दभमा, समावेशी र समतामुलक शिक्षाको पहुच विस्तार हुने सर्न्दभमा लोकतन्त्रको प्रार्दुभाव हुन अगाडि त्यति सहज रुपमा यस सम्वन्धि योजना र कार्यक्रमहरु आएको देखिन्दैन । जव नेपालमा लोकतन्त्रको विकास हुदै आयो तव नेपालको संविधानमा नै यस सम्वन्धि स्पष्ट नितिहरु ल्याइ वाल अधिकार, वाल संरक्षण, वाल न्याय सम्वन्धि स्पष्ट रुपमा उल्लेख भएका छन । वाल अधिकार सम्वन्धि विभिन्न मंच तथा विभिन्न सरकारी तथा गैरसरकारी संघ, संस्थाहरुले समावेशी तथा समतामुलक शैक्षिक सहभागिताको लागि विशेष योगदानहरु हुदै आएका छन । नेपाल सरकार शिक्षा मंत्रालय, शिक्षा विभाग तथा यिनका सरोकार निकाय एवं सवै सरोकार पक्ष र तह तप्कावाट समावेशीकरण र समताको वैज्ञानिक सिद्धान्तलाई आत्मसात गरी यिनको उचित व्यवस्थापनलाई प्राथमिकिरणमा राखिएको छ । शिक्षाको अवसरवाट वन्चित हुन नदिने, दक्ष जनशक्तिको रुपमा तैयारी भइ सकेपछि यि जनशक्तिहरुलाई राज्यले उचित स्थान र महत्व दिनु पर्दछ र यस सम्वन्धि भएका व्यवस्थाहरुलाई उपयोग हुने र गरिने अवसरहरुको समेत समावेशी र समतामा आधारित सिद्धान्त प्रयोग गरी व्यवहारमा लागु भइ रहेका छन ।

समावेशी र समताको सर्न्दभमा यस क्षेत्रमा वसोवास भइ रहेका समुदायहरु विशेष गरी जनजाति, दलित आदि रहेकोले शिक्षामा पहुँच विस्तार आदिमा विशेष जोड दिनु आवश्यक छ । यहाँ लिंगको आधारमा महिलाको जनसंख्या पुरुषको भन्दा वढी छ । दलित वा अन्य जनजातिको शैक्षिक अवस्था तुलनात्मक

रुपमा कमजोर देखिन्छ । विद्यालयहरुमा छात्राहरुको सहभागीता उत्साहजनक रहेको छ । भाषिकरुपमा नेपाली भाषा बाहेकका अन्य मातृभाषा भएका बालबालिकाहरुमा भाषिक असक्षमता हुने र सिकाइ ढिलो हुने समस्या उत्पन्न हुन्छन ।

यस पालिकामा २०६८को जनगणना अनुसार लैङ्गिक अनुपात ९९.७३ रहेको छ। गाउँ कार्यपालिका, वडा समिति, गाउँ शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, सामाजिक परीक्षण समिति आदि तथा विभिन्न सङ्ध संस्थामा महिला र दलितको सहभागितात्मक उपस्थिति रहेको छ। फ्लैस रिपोर्ट २०७७ अनुसार आधारभूत तह कक्षा १- ५ मा १ कक्षा ६-८ मा ०.९१ र कक्षा ९-१० मा ०.९ लैङ्गिक समता सूचक रहेको छ। यसै गरि सामुदायिक विद्यालयमा बालविकास सहजकर्ता सहित महिला शिक्षक ५० प्रतिशत रहेका छन ।

इमिस रिपोर्ट २०७८ अनुसार सामुदायिक विद्यालयमा कुल ३ जना अपाङ्गता भएका बालबालिका रहेका छन । जसमध्ये कक्षा १ देखि ३ मा १ कक्षा ६ देखि ८ मा १ जना र कक्षा ९ देखि १० मा १ जना बालबालिका अपाङ्गता भएका छन । जनगणना २०६८ अनुसार अपाङ्गताको आधारमा यस गाउँपालिकाको जनसङ्ख्या विश्लेषण गर्दा अपाङ्गता भएको मध्ये पुरुष जनसङ्ख्या ५८.३प्रतिशत छ भने महिला ४१.७ प्रतिशत रहेको छ । कुलमा १ प्रतिशत जनसङ्ख्यामा अपाङ्गता रहेको छ र सो मुद्दालाई आगामी दिनमा सम्बोधन गर्न पर्ने टड्कारो आवश्यक देखिएको छ । शिक्षामा सवैको समाबेशी पहुँच सुनिस्चित गर्नका लागि दलितहरु को लागि छात्रवृति कार्यक्रम, अपाङ्गता छात्रवृत्ति दिदै आएको छ । विद्यालय बाहिर रहेका, विचैमा विद्यालय छाडी तह पुरा नगर्ने, अपेक्षित शैक्षिक उपलब्धि हासिल गर्न नसकेकाहरुलाई सम्बोधन गरी समता र समावेशिता अभिवृद्धि गर्नु आवश्यक देखिएको छ ।

विविधताको सम्मान गर्दै शिक्षामा सवैको पहुँच पुर्‍याई सहभागितामुलक सिकाइ सुनिश्चित गर्नका लागि सबै बालबालिकाहरुलाई शिक्षामा समान र समतामा आधारित अवसर कसरी उपलब्ध गराउने भन्ने विषयहरुलाई सम्बोधन गर्नको लागि यो योजना केन्द्रित रहेको छ । गाउँपालिका अर्न्तगतमा रहेका शिक्षा निकाय विशेष गरी विद्यालय तथा सरोकारवाला संघ, संस्था लगायत विविध क्षेत्रमा समावेशी तथा समतालाई प्राथमिक चरणमा राखी अगाडि बढाउनआवश्यक देखिन्छ। शैक्षिक समता र समावेशीकरण सम्बन्धमा देहाय वमोजिमका चुनौतीहरू पहिचान गरिएको छ:

१. लैङ्गिक मूलप्रवाहीकरणमा महिलाको सहभागिता सुनिश्चित गर्नु।

२. विद्यालयहरूमा लैङ्गिक र अपाङ्गमैत्री भौतिक तथा शैक्षिक वातावरण निर्माण गर्ने।

३. लक्षित समूहको शिक्षामा समतामूलक पहुँच पुर्‍याउनु ।

४.विद्यालयमा विभेदरहित बालमैत्री वातावरण बनाउनु।

५. अपांगता भएका बालबालिकाको शैक्षिक अधिकार सुनिश्चित गर्नु ।

**४.१.३ उद्देश्यहरू**

१.शिक्षाको मूल धारबाट वञ्चित रहेका व्यक्तिहरूलाई शिक्षामा पहुँच पुर्‍याई गुणस्तर सुनिश्चित गर्नु।

२.शैक्षिक सुशासन कायम गर्नु ।

३.विद्यालयलाई लैङ्गिकमैत्री, अपाङ्गतामैत्री तथा बालमैत्री बनाउनु ।

४.१.४ रणनीतिहरू

१.विद्यालय बाहिर रहेका बालबालिकाहरुको अवस्था र आवश्यकता पहिचान गरि सोअनुसार प्रबन्ध मिलाइने छ।

२.विद्यालयहरूमा लैङ्गिक तथा अपाङ्गतामैत्री भौतिक अवस्था तथा शैक्षिक वातावरणको विकास गरिने छ।

३.आवासीय विद्यालय मार्फत आवश्यकतानुसार पोशाक, स्टेसनरी तथा सिकाइ सामग्रीका लागि छात्रवृत्ति उपलब्ध गराइने छ।

४.विभेदरहित बालमैत्री वातावरण सिर्जना गरिने छ।

५.आधारभूत तहमा मातृभाषामा सिकाइको अवसर प्रदान गरिनेछ।

६.लैङ्गिकमैत्री, अपाङ्गतामैत्री तथा बालमैत्री भौतिक संरचना निर्माण गर्ने।

७.किशोरी शिक्षा तथा मनोसामाजिक परामर्श प्रदान गरिने छ।

८.हरेक कार्यालय तथा विद्यालयमा लैङ्गिक सम्पर्क व्यक्ति व्यवस्था गर्ने।

४.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धि**

१. विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षा निश्चित भएको हुने।

**ख) नतिजा**

१.विद्यालय बाहिर रहेका बालबालिकाहरुको अवस्था र आवश्यकता पहिचान गरि सबै बालबालिकाहरूलाई शिक्षा प्राप्त गर्ने अवसर प्रदान गर्ने।

२.लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि गरि गुणस्तर सुधार हुने।

३.विद्यालयमा भेदभाव रहित बालमैत्री वातावरण सिर्जना हुने।

४.विद्यालयहरूमा अपाङ्गतामैत्री र लैङ्गिकमैत्री वातावरण सिर्जना हुने।

५.किशोरी शिक्षा तथा मनोसामाजिक परामर्श प्रदान गरिने।

६.मातृभाषामा सिकाइको अवसर प्रदान गरिने।

**ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| क्र.स. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य (५ बर्ष) | | | | | | भौतिक लक्ष्य ( १० बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विद्यालय बाहिर रहेका बालबालिकाहरुको अवस्था र आवश्यकता पहिचान गरी सहभागिता | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | वगीय आधारमा छात्रवृत्ति वितरण | निरन्तर | १ | १ | १ | १ | १ | ५ | १० | |
| ३ | दलित र पिछडिएका समुदायमा घरदैलो अभियान | पटक | १ | १ | १ | १ | १ | ५ | १ | |
| ४ | विद्यालयहरूमा वालमैत्री, अपाङ्गतामैत्री र लैङ्गिकमैत्री भौतिक संरचना निर्माण | संख्या | | ४ | ४ | ४ | ४ | १६ | २२ | |
| ५ | मातृभाषामा सिकाइको अवसर प्रदान गरिने। | विद्यालय | २२ | २२ | २२ | २२ | २२ | २२ | २२ | |
| ६ | मनोसामाजिक परामर्श | निरन्तर | | | | | | | | |
| ७ | लैङ्गिक सम्पर्क व्यक्तिको क्षमता विकास | पटक | | १ | | | १ | २ | ४ | |
| ८ | निर्देशिका अनुसार छात्रवृत्तिका लागि विद्यार्थी छनोट तथा छात्रवृत्ति वितरण (अपागंता भएका तथा विभिन्न किसिमका आवासीय छात्रवृत्ति समेत) | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

## ४.२ दिवा खाजा सहित स्वास्थ्य तथा पोषण कार्यक्रम

### ४.२.१ परिचय

नेपालमा सन १९७४ देखि छानिएका जिल्लाका छानिएका प्राथमिक विद्यालयमा विश्व खाजा कार्यक्रमको खाद्यान्न अनुदानमा आधारित दिवा खाजा कार्यक्रम प्रारम्भ भएको थियो। नेपालको संविधान,२०७२ ले

प्रत्याभूत गरेको निःशुल्क र अनिवार्य आधारभूत शिक्षा कार्यान्वयनका लागि बनेको निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा ऐन २०७५ एवम नियमावली,२०७७ ले दिवा खाजाको प्रावधानलाई कानूनी रुपमा स्थापित गरेको छ । यो विषयलाई विद्यालय क्षेत्र विकास कार्यक्रम, पन्ध्रौं योजनाको आधार पत्र,एकीकृत स्वास्थ्य रणनीति जस्ता नेपालका शिक्षा र स्वास्थ्य सम्बन्धी नीतिगत दस्तावेजहरुले उच्च महत्व दिएको अवस्था छ । "स्वस्थ शरीरमा स्वस्थ मष्तिस्कको निर्माण हुन्छ" भन्ने मान्यतालाई आत्मसात गर्दै बालबालिकाको वृद्धि,विकास र सिकाइका लागि पौष्टिक खाना तथा खाजाको व्यबस्था नेपाल सरकारले आ.व.२०७७-७८ देखि देशभरका सबै सामुदायिक विद्यालयमा अध्ययन गर्ने प्रारम्भिक बाल विकासदेखि पाँच कक्षासम्मका सबै विद्याथीका लागि दिवा खाजा व्यबस्थापन गर्न बजेटको व्यबस्था गरेको छ। दिवा खाजा कार्यक्रमलाई सफल व्यबस्थापन गर्न सबै सरोकारवालाहरुको समन्वय, सहकार्य र साझेदारीबाट मात्र सम्भव हुनसक्छ । नेपाल सरकारले दिवा खाजामा विगत केही वर्षदेखि लगानी विस्तार गर्दै आई आर्थिक वर्ष २०७७-७८ मा यो लगानी करिब ८ अरब पुगेको छ। विद्यालय दिवा खाजाले विद्याथीमा नियमितता भई सिकाइ स्तरमा समेत प्रगति हुने अवस्था देखिएको हुनाले यस कार्यक्रमलाई महत्वका साथ निरन्तरता दिनु आवश्यक देखिएको छ।यस कार्यक्रमलाई विद्याथीको समग्र पोषणको अवस्थाको सुदृढिकरण गरी एकीकृत तथा सम्बन्धित गर्नु पर्ने छ ।

**विद्यालय स्वास्थ्य र पोषण**

विद्याथीको स्वास्थ्य तथा पोषणको अवस्थाले उनीहरूको संज्ञानात्मक क्षमता, शैक्षिक उपलब्धि, गुणस्तरीय जीवन तथा समाजका लागि विभिन्न पक्षमा योगदान गर्ने क्षमतालाई प्रभाव पार्ने भएकाले उनीहरूको स्वास्थ्य तथा पोषणको अवस्था राम्रो बनाइनु पर्दछ। वार्षिक स्वास्थ्य परीक्षण, अर्धवार्षिक रूपमा जुकाको औषधि, किशोरीका लागि फोलिक एसिड तथा आइरन चक्की वितरण कार्यक्रम स्वास्थ्य क्षेत्रबाट सञ्चालन हुने गर्दछन ।

सन २००६मा शिक्षा र स्वास्थ्य तथा जनसँख्या मन्त्रालयले सयुक्त रुपमा विद्यालय स्वास्थ्य तथा पोषण रणनीति तयार गरीएको थियो त्यसका आधारमा सन २००८ मा यस सम्बन्धि सँयुक्त कार्य योजना तयार गरेको थियो । सन २००८ देखि १२ का लागि जाइकाको सहयोगमा स्यान्जा र सिन्धुपाल्चोक जिल्लाका केही प्राथमिक विद्यालयमा सन्चालन गरीएको पाइलट परियोजनाले परियोजना सँचालन भएका स्थानमा स्वास्थ्य सम्बन्धि ब्यबहारमा सकारात्मक परिवर्तन गर्न र Intestinal worm Infestations घटाउन सहयोग गरे पनि कार्यान्वयन समन्वय भने प्रभावकारी भएको देखिएन यो कार्यक्रम समाप्त पछि ज्यापलाई अध्यावधिक गरी सन २०१४/०१५देखि सन २०१९/२०२० सम्म ५ बर्षका लागि तयार गरीएको JAPमा विद्यालय स्वास्थ्य तथा पोषणको न्यूनतम प्याकेज पनि तयार गरीएको थियो ।सो अन्तरगत बार्षिक स्वास्थ्य परीक्षण जुकाको औषधि वितरण आबश्यकता अनुसार प्रतिस्थापन हुने ब्यवस्था सहित सबै प्राथमिक विद्यालयका लागि प्राथमिक उपचार सामाग्रीको बाकस, कक्षा ६-१०का बालबालिकाहरुका लागि आइरन चक्की छात्राछात्रका लागि अलग अलग शौचालय, व्यबस्थापन समितिको सक्षमतामा सुधार बालक्लवको गठन र परिचालन रहेकाछन । बार्षिक स्वास्थ्य परीक्षण अर्धबार्षिक रुपमा जुकाको औषधि वितरणका कार्यक्रम, प्राथमिक विद्यालयका लागि प्राथमिक उपचार सामाग्रीको बाकस र यसको प्रतिस्थापन र आइरन चक्कीवितरण स्थानीय स्वास्थ्य सँस्थाबाट हुने गर्दछन जसका कारण सेवा प्रवाहमा विविधता देखिएको छ

। त्यसकारण स्वास्थ्य तथा पोषण नीति २००६ परिमार्जन तथा स्थानीय सरकार तथा स्वास्थ्य सँस्था एवम अभिभावक विद्यालयको समेत क्षमता विकास तथा जिम्मेवारी बारे सान्दर्भिकरण गराउन आबश्यक देखिएको छ ।

दिवाखाजा लगायतका वाल स्वास्थ्य तथा पोषणलाई नेपालका विभिन्न कानून तथा नीतिहरुमा समाबेश गरीएको छ ।यस क्रममा नेपालको पन्ध्रौं योजनाले एकएक विद्यालय एक स्वास्थ्य कार्यकर्ताको व्यवस्था गरीने उल्लेख छ । ।यस योजनाले बालबालिकाको स्वास्थ्य तथा पोषणमा तथा स्वच्छता खाद्य सम्प्रभुता लाई नीतिगत प्राथमिकता दिए पनि कसरी विद्यालयहरुसँग जोडने भनने रणनीतिहरुले स्पस्ट पारेको देखिदैन राष्टिय योजना आयोगको  सँयोजकत्वमा तयार गरीएको बहुक्षेत्रीय पोषण योजन दोस्रो,सन २०१८-२०२२ ले विभिन्न क्षेत्रबीचका कार्यक्रम एकीकृत गर्ने, यस सम्बन्धि नीत तथा रणनीति निर्माण र कार्यक्रममा समन्वय सँयन्त्र बनाए पनि एकातिर क्षेत्रगत उत्तरदायित्वमा रहने हुनले समन्वयात्मक कार्य प्रभावकारी हुन सकेको देखिदैन भने विद्यालय सँग यस बहुक्षेत्रीय पोषण योजनाको भरपदी सम्बन्ध स्थापित हुनसकेको छैन । यसले पोषणमा बढी महत्व दिने हूँदा वालबालिकाको स्वास्थ्य पोषण ,दिवाखाजा र सरसफाइ एवम स्वच्छतालाई अन्तर सम्बन्धित तथा आवश्यकताका आधारमा एकीकृत गर्न प्रयाप्त हुने देखिदैन। विद्यालय क्षेत्र विकास कार्यक्रमले बालवालिकाको स्वास्थ्य तथा पोषणमा सुधार गरी सिकाइमा सुधार गर्नका लागि जुका नियन्त्रण सुक्ष्म पोषक तत्व, तथा दृष्टि, श्रवणको जाँच स्वास्थ्य तथा पोषण शिक्ष प्राप्त गरी विद्यालयका सवै विद्याथीहरुको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार गर्ने उदेश्य राखी विभिन्न रणनीतिहरु प्रस्ताब गरीएका थिए। यि उदेश्य प्राप्तीका लागि सञ्चालन गरीने हूँदा कार्यक्रमको नतिजामा एकरुपकता देखिएको छैन विशेषतःविद्यालय र स्थानीय सरकार एवम स्वस्थ्य सँस्थाको सक्रियता स्वेच्छिक सहकार्यमा यी कार्यक्रमको प्रभावकारीता निर्भर भएको देखिन्छ ।

**सरसफाइ तथा स्वच्छता**

विद्यालयमा हुने सरसफाइ र सूवच्छताको अभ्यास तथा शिक्षाले बाचलबालिकाको स्वास्थ्यमा सकारात्मक प्रभाव पार्ने स्पष्ट देन्छि । यसले बालबालिकाको भावी जीवनकालागि सरसफाइ तथा तथा स्वच्छताको अभ्यासमा सहयोग गर्नकालागि साथै परिवारतथा समुदायमा पनि सकारात्मक प्रभाव पार्दछ । बालबालिकाको स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँच हुनु उनीहरुको सँधिान प्रदत्त हक पनि हो भने दिगो विकास लक्ष्य नँ. ४ र ६ अर्न्तगत सबै विद्यालयहरुमा सुरक्षित तवरले  ब्यबस्थित खानेपानी, सरसफाइ र स्वच्छताको प्रावधान हुनु पर्ने गरी सुचकाँकहरु पनि तोकिएका छन । तत्कालिन शिक्षा विभागले २०७४ मा तयार गरी २०७६मा परिमार्जन गरीएको विद्यालयहरुमा शुद्ध खानेपानी, सरसफाइ तथा स्वच्छता सम्वन्धि कार्यविधि २०७४ले उल्लेख गरे अनुसार सवै विद्यालयहरुमा हुनुपर्ने माथि उल्लेख गरीएका सुविधाहरु साथमा छात्रा छात्रका सँख्याको आधारमा अलग अलग सौचालय, हरियाली स्वच्छता वातावरणका साथमा अपांगता तथा फरक क्षमताका सवै बालबालिकाहरुलाई सहज हुने गरी ब्यबस्थापन हुनु पर्ने, विद्यालयमा महिनावरी स्वच्छता ब्यबस्थापन शिक्षाको प्रबन्ध पनि अनिबार्य हुनुपर्ने छ । स्वच्छता लगायतका माथि उल्लेखित सुविधाहरुमा गुणस्तरीयता दिगोपना  विद्यालयहरुमा ब्यबस्थापन भएका र भविष्यमा ब्यबस्थापन गरीने सबै कार्य विधि २०७४को पुनरावलोकन गरी तदनुकुलको सँस्थागत ब्यबस्था आबश्यक देखिन्छ । सबैतहका विद्यालयहरुमा छात्र र छात्राका लागि अलग अलग सौचालय निर्माण गर्ने कार्य विगत केही बर्ष देखि लागु भएको हो ।  अधिकाँस विद्यालयमा अझै अपाडग मैत्री भएका छैनन

।विद्यालयमा महिनावरीको समयमा सुरक्षित तथा सहज रुपमा स्यानीटेरी प्याडक
अलगअलग कोठाहरु छैनन भने धैरै विद्यालयहरुमा महिनावारी स्वच्छता सर्म्बा
दिने गरीएको छैन फेरि सबै विद्यालयहरुमा यस पालिका भित्र बातावरणीय सरसफा
स्वच्छताको सुविधा प्रदान गर्न सकिएको छैन ।

४.२.२ वर्तमान अवस्था

गाउँपालिकाले विद्यालयको प्रारम्भिक बाल विकासदेखि कक्षा ६ सम्म अध्ययनरत ब ...हरुलाई स्वास्थ्य तथा पोषणको ख्याल गरी दिवा खाजा व्यवस्थापन गर्न सकेको अवस्थामा बालबालिकाले भोकको अनुभव गर्न नपाई उनीहरुले सिकाइलाई प्रभावकारी ढंगबाट अगाडि बढाउन सक्नेछन।

सबै विद्यालयमा दिवा खाजाको लागि आवश्यक भाडाको व्यवस्थापन भईसकेको सन्दर्भमा स्थानिय स्तरमा पनि विभिन्न तरकारी खेती, कुखुरा पालन आदि भईरहेकोले स्थानिय उत्पादनलाई प्रोत्साहन दिन सकिने अवसर रहेको छ । पालिकाबाट नियमित रुपमा विद्यालयमा स्यानेटरी प्याड वितरण लगायतको कार्य भईरहेको छ । दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रम निम्नलिखित चुनौतीहरू पहिचान गरीएको छ -

१.दिवा खाजा, स्वास्थ्य तथा पोषण र सरसफाइ तथा स्वच्छताका प्रभावकारितालाई व्यवस्थित गर्न ।

२.सबै विद्यालयमा स्वास्थ्य कमीको व्यवस्था नभएको।

३.विद्यालय खाजाका लागि उपयुक्त स्वरूप निर्धारण गरी पौष्टिक तथा स्वस्थकर विद्यालय खाजा सुनिश्चित नभएको ।

४.सचित्र पोषण पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्नु।

५.विद्यालय दिवा खाजा कार्यक्रमलाई स्थानीय कृषि तथा व्यापारसँग नजोडिएको ।

६.सरसफाइ तथा स्वच्छताका लागि मापदण्ड विकास गरि कार्यान्वयन गर्ने।

४.२.३ उद्देश्य

१. प्रत्येक विद्यालयमा बालबालिकालाई स्वस्थकर तथा पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु।

२. विद्यालयमा बालबालिकाको स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छताका सेवामा सुधार गर्नु।

३. सरोकारवालाहरूको समन्वय तथा सहभागितामा सुदृढ गरी बालबालिकाको पोषण,स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु।

४.२.४ रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्वन गरीनेछ ।

१.शिक्षा, स्वास्थ्य र कृषि क्षेत्रलाई समेत समेटी गरी विद्यालय स्वास्थ्य तथा पोषण रणनिति तयार गरिने।

२.बालबालिकाको लागि विद्यालयमा नै सफा ताजा र पोषिलो खाजा तयार गरी समूहमा हात धुने बानी विस्तार गरिनेछ।

३.सबै विद्यालयमा User Manual समेतको प्राथमिक उपचार बाकस प्रदान गर्ने तथा आधारभूत प्राथमिक उपचारको तरिका सम्बन्धमा समय सापेक्ष अद्यावधिक गरिने ।

४.अभिभावक आमा समूह मार्फत सचित्र पोषण पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने।

५.सरसफाइ तथा स्वच्छताका लागि मापदण्ड विकास गरि कार्यान्वयन गर्ने।

४.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धि**

१.विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार भएको साथै स्वच्छ पिउने पानी तथा सरसफाइप्रति सचेत भएको हुने।

**ख) प्रमुख नतिजाहरू**

१.विद्यालय दिवा खाजा कर्यविधि निर्माण तथा प्रभावकारिताका साथ कार्यान्वयन भएको हुने।

२.सबै माध्यमिक विद्यालयमा एक विद्यालय एक स्वास्थकमी परिचालन हुने।

३.सबै विद्यालयमा प्राथमिक उपचार बाकस प्रदान गर्ने तथा आधारभूत प्राथमिक उपचारको तरिका सम्वन्धमा समय सापेक्ष अद्यावधिक गरीएको हुने।

४.स्थानीय पाठ्यक्रममा किशोरी शिक्षा सम्वन्धी विषय समावेश हुने।

५.सरसफाइ सम्बन्धी आवश्यक पूर्ण पूर्वाधार विकास भएको हुने।

६.स्थानीय उत्पादनमा चक्रिय पोषणयुक्त दिवा खाजा सुनिश्चितता हुने

**ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| क.स. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य (५ बर्ष) | | | | | | भौतिक लक्ष्य (१० बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विद्यालय दिवा खाजा कार्यविधि निर्माण र परिमार्जन | पटक | १ | १ | | | | २ | ५ | |
| २ | माध्यमिक विद्यालय एक स्वास्थकर्मि | संख्या | | | २ | | | २ | २ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | सबै विद्यालयमा प्राथमिक उपचार बाकस वितरण | पटक | | | १ | | | १ | २ | |
| ४ | स्थानीय पाठ्यक्रममा किशोरी शिक्षा | पटक | | | १ | | | १ | १ | |
| ५ | सरसफाइ सम्बन्धी आवश्यक पूर्ण पूर्वाधार विकास | संख्या | | | ५ | ५ | ५ | १५ | २२ | |
| ६ | स्थानीय उत्पादनमा चक्रिय पोषणयुक्त दिवा खाजा | विद्यालय | २२ | २२ | २२ | २२ | २२ | २२ | २२ | |
| ७ | विद्यालयमा पोषण कर्नर निर्माण | संख्या | ५ | ५ | ५ | ७ | | २२ | २२ | |
| ८ | अभिभावक आमा समूह बैठक | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

## ४.३ आपतकालीन तथा संकटपुर्ण अवस्थामा शिक्षा

### ४.३.१ परिचय

आपतकालीन अवस्थामा शिक्षा भन्नाले युद्ध, द्वन्द्व, महामारी तथा प्रकोपको अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपाय सहितको शैक्षिक कार्यक्रमलाई लिने गरिन्छ। यसको मुख्य उद्देश्य विभिन्न कारणले उत्पन्न संकटकालीन अवस्थामा बालबालिका लगायत शिक्षासँग सम्बद्ध व्यक्ति, परिवार तथा समुदायको जीवन रक्षा, प्रकोपबाट सिर्जित संकटको व्यवस्थापन, सामाजिक द्वन्द तथा हिंसा र दुरुपयोगवाट बालबालिकालाई शुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाध रूपमा क्रियाशील हुने गरी शैक्षिक कार्यक्रमहरूको तयारी तथा सञ्चालन गर्नु हो। यस अवधारणा अन्तर्गत सम्भावित जोखिमको पूर्व तयारी, आपतकालीन अवस्थामा क्षति कम हुने गरी तत्कालको व्यवस्थापन गर्ने आपतकाल पश्चात क्षतिको आपूरण गर्ने कार्यढाँचा समेटिएको हुनु पर्दछ।आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षाको अवधारणा बाल अधिकारको रूपमा स्वीकार गरीएपछि यसलाई थप प्रभावकारी बनाउने कार्य प्रारम्भ भएको हो। अधिकारका क्षेत्रमा भएका अन्तर्राष्ट्रिय कानुनहरू, विश्वव्यापी घोषणाहरू, अन्तर्राष्ट्रिय एवम क्षेत्रीय घोषणा तथा प्रतिवद्धताहरूबाट परिलक्षित यस अवधारणालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न विभिन्न राष्ट्रहरूले आ(आफ्नो नीति, कानुन तथा योजनाहरूमा आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षालाई समावेश गर्ने गरेका छन । विशेषत: लामो द्वन्दको परिवेशमा शिक्षा क्षेत्रमा परेको प्रभाव, २०७२ को विनाशकारी भूकम्प तथा विभिन्न समय र स्थानमा घटेका प्राकृतिक प्रकोपका घटनाहरूका साथै कोभिड-१९ लगायतका महामारीहरूका प्रभावका कारण बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारमा पुगेको अवरोधबाट पाठ सिकी यस शिक्षा क्षेत्रको योजना मा यस पालिकाले आगामी १० वर्षका लागि नीति तथा कार्यक्रमिक प्राथमिकता र कार्यान्वयन ढाँचा समावेश गरिएको छ।

### ४.३.२ वर्तमान अवस्था

नेपालको संविधान २०७२, ले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा तथा सुविधाविहीन तथा अपाङ्गहरूका लागि निःशुल्क उच्च शिक्षाको सुनिश्चितताका साथै बालबालिका माथि हुने विभेद, सजाय र दुराचारलाई निषेध गरेको छ। अनिवार्य तथा निःशुल्क शिक्षा ऐन (२०७५) र अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली (२०७७) ले छात्रवृत्ति, दिवाखाजा, सुविधा विहिनहरूका लागि विशेष सहयोग, मातृभाषामा शिक्षा सहित कुनै पनि अवस्थामा बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको छ।

यस पालिकामा पनि विभिन्न समयमा विपद तथा संकट आइपर्दछन यस्तो अवस्थामा शिक्षण सिकाइ क्रियाकलापलाई निरन्तरता दिन तथा विपद तथा संकटको घडिमा पनि विचलित नभइ सो को व्यवस्थापन र न्यूनीकरण गर्न योजनाबद्ध रुपमा शिक्षा प्रदान गरीदै आएको छ जस्तै कोभिडका कारणबाट अस्त व्यस्त भएको शैक्षिक सत्र २०७७ लाई विद्यालयको संयुक्त सहयोगमा फोन तथा  टोल सिकाइ योजना बनाएर बालबालिकाको सिक्ने अधिकारलाई सुनिश्चित गरी सिकाइलाई निरन्तरता दिएको सर्वविविदै छ  यसै सन्दर्भमा माध्यमिक विद्यालयहरुले अनलाईन कक्षाहरु संचालन गरेका थिए भने तल्लो कक्षाका विद्यार्थीहरुको लागि शिक्षक टोलमै पुगी सिकाई सहजीकरण समेत गरेका थिए । प्रारम्भिक कक्षा पढाई कार्यक्रमको प्राविधिक सहयोगमा यस पालिकामा गृह विद्यालय कार्यक्रम संचालन भईरहेको छ । यसबाट कक्षा १ देखि ३ सम्मका विद्यार्थीहरु आफनो घर टोलमै पढन र सिक्न अवसर पाएका छन । विपद्का लागि सहयोगार्थ यस पालिकामा प्रतिकार्य समिति, नेपाल रेडक्रस सोसाइटी उपशाखा रहेको छ। विद्यालयमा रहेको बालक्लब तथा जुनियर रेडक्रस सर्कलहरुले पनि विपदप्रति सचेतना जगाउदै आएका छन । स्थानीय पाठ्यक्रमको पाठयक्रम निर्माण गरिने समयमा तल्लो कक्षा  देखिनै विपद जोखिम न्युनीकरणका विषयवस्तु समावेश गरिने छ ।

शिक्षाको अवधारणा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा बालअधिकारको रुपमा स्वीकार गरिएको परिप्रेक्षमा नेपालको संविधानले अनिवार्य निःशुल्क शिक्षा आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षा तथा सुविधाविहीन, अपाङ्गता भएकाहरुको लागि निःशुल्क उच्च शिक्षाको सुनिश्चितताका साथै बालबालिका माथि हुने विभेद , सजाय, दुराचार निषेध गरेको छ । शिक्षासँग सम्वन्धित विभिन्न निर्देशिका, राष्ट्रिय प्रारुप,कार्यविधि, शिक्षा ऐन, नियामवलीले निर्वाध रुपमा बालबालिकाहरुले स्वच्छा, भेदभावरहित शैक्षिक वातावरणमा अनिवार्य तथा निःशुल्क शिक्षा प्रदान गर्नु पर्ने कानुनी एवं नीतिगत व्यवस्था गरेको छ ।प्राकृतिक प्रकोप, सामाजिक द्वन्द, युद्ध, महामारी जस्ता प्रकोपका कारणले बालवालिकाहरुको शिक्षाको अधिकार कुन्ठित भएको अवस्था छ । विभिन्न काल खण्डमा भएका अन्तरिक द्वन्द, विनाशकारी भुकम्पले हजारौ विद्यालयहरु विनाश भए ती बिनाश भएका भौतिक संरचना निर्माण गर्न धेरै समय, श्रम र समय खर्चिनु परेको छ जसले गर्दा बालवालिका विद्यालय गएर शिक्षा पाउने अधिकारबाट बन्चित भएको अवस्थामा  शैक्षिक जनशक्ति विकास केन्द्रले भर्चुअल कक्षा संचालन गरी विद्यालय तहका  केही कक्षाहरु अनलाइनबाट सञ्चालन गर्न शुरु गरेतापनि यसको पहुँच सवै बालबालिकासँग थिएन । त्यस्तै विश्वव्यापी महामारीले  संसार आक्रन्त भएको अवस्थामा नेपाल पनि अछुटो रहन सकेन। यसले नेपालमा सामाजिक, तथा आर्थिक जीवनमा साह्रै नराम्रो प्रभाव पुऱ्यायो । वि.सं. २०७६ चैत्र ४ गते देखि हाम्रो देश पनि

सम्पुर्ण शैक्षिक संस्थाहरु बन्द गरी शिक्षाका सम्पूर्ण शैक्षिक कार्यक्रमहरु स्थागित गरिएको थियो । हालसम्म पनि शैक्षिक संस्थाहरु नियमित रुपमा पूर्ण सञ्चालनमा आइसकेको अवस्था छैन यसले बालबालिकाहरुले नियमित पठन पाठनमा पूर्ण अवरोध सिर्जना गरेको छ । यस्ता विविध आपतकालिन तथा संकटपूर्ण अवस्थामा बालबालिकाहरुको शिक्षाको अधिकारलाई सुनिश्चित गर्न चुनौतीको विषय हो । यस्ता परिस्थितिहरुमा यी वैकल्पिक सिकाइका अवसरहरुको सवैमा पहुँच पुऱ्याउन तथा वैकल्पिक माध्यमबाट सिकाइ आवश्यकतालाई पुरा गर्न यसलाई प्रभावकारी बनाउनु पर्ने देखिन्छ। आपतकालीन तथा संकटपूर्ण अवस्थामा बालबालिकामा शिक्षाको अधिकारलाई सुनिश्चित गर्न सम्भावित योजना,नीति, कार्यक्रम तर्जुमा गरी औपचारिक शिक्षाका वैकल्पिक उपायहरु यसका लागि आवश्यक भौतिक पूर्वाधार, स्रोत साधन, व्यवस्थापन गर्नु पर्ने देखिन्छ ।

शिक्षण सिकाइमा परेको असरलाई कम गरी बालबालिकाले सिक्न पाउने अवसरलाई वैकल्पिक माध्यमबाट निरन्तरता दिन केही नीतिगत व्यवस्था र कार्यक्रमहरु हुदैं आएका छन । हाल शिक्षा विकास तथा मानव स्रोत विकास केन्द्रद्धारा विद्यालय तहका पाठ्यक्रममा समाबेश विभिन्न विषयहरुको शिक्षण सिकाइका अनलाइन, अफलाइन, भर्चुअल कक्षाहरु तयार गरी वेभसाइटमा राखेको छ । ती सामाग्रीहरु विभिन्न सञ्चार माध्यमबाट प्रसारण गरी बालवालिकाको वैकल्पिक माध्यमबाट सिकाइलाई निरन्तरता दिन प्रयास गरिएको छ । आपातकालिन तथा संकटपुर्ण अवस्थामा शिक्षाका चुनौतीहरू निम्न रहेका छन ।

१. आपतकालीन अवस्थाको शिक्षालाई छुट्टै विधाको रूपमा सम्बोधन गर्ने।

२. प्रकोप र सोको जोखिमको विषयमा सावधानी अपनाउनु।

३. संकटको क्षेत्र पहिचान गर्नु।

४. क्षेत्र पहिचान गरी योजना निर्माण गर्नु।

५. योजना निर्माणको प्रक्रिया र सहभागिता।

६. विपद सम्बन्धी पुर्वतयारी तथा अल्पीकरणका काम गर्न ।

४.३.३ उद्देश्यहरू

१. सङ्कटको सम्भावित जोखिम पहिचान गरी शिक्षाको माध्यमबाट पूर्व सावधानी र तयारीको वातावरण तयार गर्ने।

२. सूचना तथा संञ्चार प्रविधिको विकास गर्ने।

३. विपद व्यवस्थापन प्रतिकार्य संयन्त्र र कार्यढाँचा विकास गर्नु ।

४. आपातकालीन अवस्थामा वैकल्पिक सिकाईका विधिहरु प्रयोग गरी बालबालिकाहरुको सिक्न पाउने अधिकारको सुनिश्चित गर्नु ।

५. विद्यालयमा बृहत विद्यालय सुरक्षा कार्यान्वयन गर्नु ।

### ४.३.४ रणनीतिहरू

१. स्थानीय सरकारले संकटको पहिचान मूल्याङ्कन का आधारमा पूर्वानुमान तथा प्रतिकार्यको बृहत योजना र विद्यालयहरूले आ(आफ्ना विद्यालयको योजना तयार गर्ने छन ।

२. विपद् प्रतिरोधी भौतिक पूर्वाधारको निर्माण तथा पुनर्स्थापन गरिने छ।

३. विद्याथी, शिक्षक ,अभिभावकलाई प्रकोप रोकथाम, र पुनर्स्थापनाका लागि क्षमता विकास गरिनेछ।

४. विपद्मा सेवा प्रवाहको संयन्त्र विकास गरिनेछ।

५. विद्यालय शान्ति क्षेत्र कायम गरी यसप्रति सरोकारवाला लाई जिम्मेवार बनाइनेछ।

### ४.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

१.हरेक परिस्थितिमा बालबालिकाको सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकारको सुनिश्चितता भएको हुने।

**ख) नतिजा**

१.विद्यालयमा प्रकोप व्यवस्थापनका लागि पूर्वतयारीको योजना तथा क्षमता विकास हुने।

२.स्रोतको व्यवस्थापनसहित विद्यालय तथा शिक्षा प्रणाली सक्रिय हुने।

३.महामारीको समयमा स्वास्थ्य मापदण्ड तथा  उपचार सहित सिकाइ निरन्तरता हुने।

४.विपद व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास भएको हुनेछ ।

**ग) प्रमुख क्रियाकलापहरु र लक्ष्य**

| क.स. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य (५ बर्ष) | | | | | | भौतिक लक्ष्य (१० बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विपद तथा प्रकोप व्यवस्थापन नीति तथा मापदण्ड पुनरावलोकन तथा निर्माण | पटक | १ | | | | | १ | २ | |
| २ | स्थानीय तह र विद्यालयको क्षमता विकास | पटक | १ | | | | १ | २ | ४ | |
| ३ | विपद पुर्वतयारी, प्रतिकार्य, पुनर्लाभ तथा उत्थानशीलताका लागि सचेतना कार्यक्रम | विद्यालय | ५ | ५ | ५ | ७ | | २२ | २२ | |
| ४ | शिक्षक तथा विव्यस तालिम | पटक | | १ | | | १ | २ | ५ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | संकटासन्नता मुल्यांकनको आधारमा योजना निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | विपद प्रतिरोधी विद्यालय भवन निर्माण | विद्यालय | | २ | २ | २ | २ | ८ | १५ | |

## ४.४ छात्रवृत्ति

### ४.४.१ परिचय

विद्यालय शिक्षामा विद्याथीहरुको सहभागिता वृद्धि गरि सिकाइलाई निरन्तरता दिन तथा विद्यालय वाहिर रहेका सामाजिक, आर्थिक रुपले पिछडिएका वर्गहरुलाई विद्यालय शिक्षामा सुनिश्चित गर्न अगाडि सारिएको उत्प्रेरणामूलक कार्य छात्रवृत्ति हो। जसले लक्षित समुदायहरु गरीब, सुविधाविहिन, अपाङ्गता तथा कठिन परिस्थितिमा रहेका बालबालिकाहरुलाई विद्यालयमा टिकाइ राख्न मद्दत गर्दछ। छात्रवृत्ति लगायत विद्याथीलाई प्रदान गरिने सहयोगले न्यून आय भएका परिवार,सुविधाविहिन तथा कठिन परिस्थितिमा रहेका बालबालिकाहरूलाई विद्यालय शिक्षामा पहुँच तथा सहभागिताका लागि सहयोग गरि समता तथा समावेशिताको अवस्था सुधारमा योगदान गर्दछ। यस्तो सहयोगले आर्थिक अभावका कारणले विद्यालय पोशाक, स्टेसनरी लगायतका सामग्रीहरू, दिवा खाजा इत्यादि उपलब्ध हुन नसकी विद्यालयमा हुने विद्याथीको अनुपस्थिति र विद्यालय छाड्ने दर घटाउन सहयोग गर्दछ। यसवाट सबै बालबालिकालाई विद्यालय तहको शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गर्न र आधारभूत तहमा अनिवार्य शिक्षा कार्यान्वयनमा सहयोग पुग्दछ। त्यसै गरि यसबाट विद्यालयमा उपस्थित हुन र सिकाइमा सक्रियतापूर्वक सहभागी हुन उत्प्रेरणा प्राप्त हुने भएकाले बालबालिकाको सिकाइ सुधार गरि शिक्षाको गुणस्तर सुधार गर्नमा पनि योगदान हुन्छ। विद्यालय शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गर्नका लागि प्रदान गरिने यस्ता छात्रवृत्ति तथा प्रोत्साहनहरू मूलतः गरीबी केन्द्रित हुन आवश्यक छ।

### ४.४.२ वर्तमान अवस्था

नेपाल सरकारले सामुदायिक विद्यालयमा अध्ययनरत विद्याथीहरुका लागि विभिन्न किसिका छात्रवृत्तिहरु प्रदान गर्दै आएको छ। यस पालिका अन्तर्गत आधारभूत तह कक्षा १-८ मा अध्ययनरत ५७१ जना दलित छात्रा ५८४ दलित छात्र र ४९४ जना अन्य छात्रा गरी शैक्षिक सत्र २०७७ मा १६४९ जनाले यो सुविधा लिएका छन । यस पालिकामा विभिन्न विद्यालयमा अध्यनरत वार्षिक परीक्षामा उत्कृष्ट नतिजा ल्याउने विद्याथीहरुलाई विभिन्न दाता तथा संघ सस्थाले प्रोत्साहन स्वरुप छात्रवृत्तिहरु प्रदान गर्दै आइरहेका छन।

विभिन्न किसिमको छात्रवृतिको लागि केन्द्र सरकारबाट सशर्त अनुदानको रुपमा छात्रवृतिको रकम स्थानिय तहमा प्राप्त भईरहेको तथा विद्यालयहरुले पनि नियमित रुपमा इमिस अपडेट गर्न थालेकोले विद्यार्थीको तथ्यांक सहि रुपमा पालिकालाई प्राप्त भईरहेको अवसर छ तथापि छात्रवृत्ति सम्वन्धी निम्नलिखित चुनौतीहरू पहिचान गरीएको छ ।

१.छात्रवृत्तिको रकम ज्यादै न्यून हुनु।

२.जात र लिङ्गलाई महत्व दिइ छात्रवृत्ति वितरण गर्नु।

३.छात्रवृत्ति सहित सामुदायिक आवासीय विद्यालय व्यवस्थापन गर्नु।

४.छात्रवृत्ति वितरण र प्रभावकारिताको अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउनु।

४.४.३ उद्देश्य

१.लक्षित वर्ग पहिचान गरि बालबालिकाहरूलाई सिकाइमा सहभागिता र उपलब्धि बढाउनु ।

२.विद्यालय शिक्षामा समानता र समता वृद्धि गरी समावेशी बनाउनु ।

४.४.४ रणनीतिहरू

१.लक्षित वर्ग पहिचान गरी छात्रवृत्ति वितरण गरिनेछ।

२.विद्यालय र समुदायको सहभागितामा प्रत्येक विद्यालयमा छात्रवृत्ति व्यवस्थापन समिति र दिवा खाजा व्यवस्थापन समिति गठन गरिनेछ।

३.स्थानीय तहले कक्षा १० का मेधावी विद्याथी पहिचान गरी नि:शुल्क प्राविधिक उच्च शिक्षाको अवसर प्रदान गर्ने।

४.नि:शुल्क प्राविधिक उच्च शिक्षाको अवसर पाएका विद्यार्थीले अध्ययन पश्चात ५ वर्ष आफ्नो क्षेत्रमा रोजगारीको अवसर प्रदान गर्ने।

४.४.५ उपलब्धि,नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

१. आर्थिक अभावका कारणले कुनैपनि बालबालिका शिक्षाको अवसरबाट बञ्चित नहुने।

**ख) प्रमुख नतिजाहरु**

१.लक्षित वर्ग पहिचान गरि एकीकृत छात्रवृत्ति प्रणालीको विकास र कार्यान्वयन हुने।

२.आर्थिक रुपमा पिछडिएका वर्गलाई छात्रवृत्ति वितरण गरिने।

३.सामुदायिक आवासीय विद्यालय छात्रवृत्ति सहितको हुने।

**ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| क.स. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य (५ बर्ष) | | | | | | भौतिक लक्ष्य ( १० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | छात्रवृत्ति छनोट र वितरण कार्यविधि विकास | पटक | | १ | | | | १ | २ | |
| २ | छात्रवृत्ति व्यवस्थापन समिति गठन | संख्या | | २२ | | | | २२ | १४ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | कक्षा ८ र SEE मा उत्कृष्ठ नतिजा ल्याउने विद्यार्थीलाई छात्रवृति वितरण | संख्या | ६ | ६ | ६ | ६ | ६ | ३० | ६० | |
| ४ | विपन्न विद्यार्थीका लागि विशेष छात्रवृति हरेक बर्ष वितरण गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | उच्च शिक्षा अध्ययन गर्न चाहने विपन्न र दलित समुदायका बालबालिकाको लागि छात्रवृति | संख्या | | १० | १० | १० | १० | ४० | १०० | |

## ४.५ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.५.१ परिचय

शिक्षा नियमावली २०५९ अनुसार एक विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी बन्न प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तह तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्गमिटर बराबरको क्षेत्रफल तोकिएको छ। बालबालिका विद्यालयमा भर्ना हुनका लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, शौचका लागि शौचालय, सफाइ र पिउनका लागि खानेपानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन। राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवन लगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद जोखिममुक्त बनाउदै सबै विद्यालयलाई सुरक्षित एवं बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्थापन गरेको छ।

यस खण्डमा विद्यालयको भौतिक पूर्वाधार विकासको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौतीहरू पहिचान गरी आगामी दश वर्षका लागि विद्यालयको भौतिक पूर्वाधार विकासका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ।

### ४.५.२ वर्तमान अवस्था

यस पालिकामा कूल विद्यालय ३० वटा सामुदायिक विद्यालय छन। सामुदायिक विद्यालय तर्फ ३० वटा पक्की भवन छन जसमा साममुदायिक तर्फ १२२ वटा कक्षाकोठा पक्की छन। सामुदायिक विद्यालयमा छात्रा शौचालय भएका विद्यालयहरु ४, छात्र शौचालय ४ तथा महिला शिक्षक शौचालय २ वटा छन। सबै विद्यालयमा आफ्नै खानेपानीको श्रोत रहेको छ। पालिका भरमा २ वटा विद्यालयमा पुस्तकालय, २ वटा विद्यालयमा विज्ञान प्रयोगशाला, २ विद्यालयमा कम्प्युटर प्रयोगशाला र २ वटा विद्यालयमा इन्टरनेट पुगेको छ। विद्यालयको वातावरण तर्फ फर्केर हेर्दा २ विद्यालयमा स्टाफ कोठा, २ विद्यालयमा स्टोर कोठा, १ विद्यालयमा खेलकुद कोठा साथै १५ विद्यालयमा पर्याप्त खेल मैदान रहेका छन। अधिकांस विद्यालयमो घेराबारा भएको छ भने केही विद्यालयमा प्रवेश गेट निर्माण समेत भएका छन।

विद्यालयमा भौतिक पुर्वाधार निर्माण तथा मरम्मत सम्भारको लागि केन्द्रबाट नियमित रुपमा सशर्त अनुदान लगायतबाट अनुदान प्राप्त भईरहेको तथा राष्टपति शैक्षिक सुधार कार्यक्रमबाट समेत अनुदान प्राप्त भईरहेको अवसर भए पनि विद्यालय पूर्वाधार विकाससँग सम्बन्धित निम्नलिखित चुनौतीहरू रहेका देखिन्छन:

१.भौतिक पूर्वाधारको विकास र विस्तारमा स्थानीय तहको प्रभावकारी भुमिका नहुनु।

२.पूर्वाधार विकास कार्यलाई गुणस्तरीय पारदशी एवं जवाफदेही बनाउनु।

३.सुरक्षित विद्यालय पूर्वाधार विकास एवम विस्तारका लागि मापदण्ड अनुसारको गुरु योजना विकास गर्नु।

४.आवश्यक स्रोतको व्यवस्थापन गर्नु।

५.पूर्वाधारहरूलाई बालमैत्री, अपाङ्गता र लैङ्गिक मैत्री वनाउनु।

४.५.३ उद्‌देश्य

१.सुरक्षित विद्यालय पूर्वाधारको आवश्यक मापदण्ड विकास र कार्यान्वयन गर्नु ।

२.पूर्वाधारहरूलाई पारदशी एवं जवाफदेहीताका आधारमा बालमैत्री, अपङ्गता र लैङ्गिकमैत्री बनाउने ।

४.५.४ रणनीतिहरू

१.पूर्वाधार विकासका लागि विद्यालयको तह र विद्याथी सङ्ख्याको आधारमा मापदण्ड विकास गरिनेछ।

२.विद्यालय पूर्वाधार विकासका लागि विभिन्न संघसंस्था एवं सरोकारवालाहरूसँग लागत साझेदारी गरिनेछ

३.विद्यालयहरू निर्माण गर्दा कक्षाकोठा, शिक्षक, प्रधानाध्यापक तथा प्रशासनिक कक्ष, पानी, शौचालय , भान्सा वा खाजा घरलगायत सबैको योजना समावेश गरी डिजायन गरिनेछ ।

४.प्रकोपको सिकार भएका विद्यालय भवनलाई तुरून्त वैकल्पिक व्यवस्था गरी स्तरोन्नती गरिनेछ ।

५.पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय निर्माणका लागि संस्थागत क्षमता अभिवृद्धि गरीने छ ।

६.पूर्वाधार विकासकालागि विद्यालयको भौतिक सूचक तयार गरिनेछ ।

७.आंसिक रुपमा क्षति भएका विद्यालका संरचनाको मर्मत सम्भार गरिनेछ ।

४.५.५ उपलब्धि, नतिजा तथा प्रमुख क्रियाकलापहरु र लक्ष्य

**क) उपलब्धि**

१.सवै विद्याथीहरूलाई शुरक्षित र उपयुक्त भौतिक वातावरणमा अध्ययन गर्ने अवसर हुने।

**ख) नतिजा**

१.माग र  आवश्यकताका आधारमा विद्यालय पूर्वाधार विकास एवम विस्तारका लागि मापदण्ड अनुसारको १० वर्षे गुरु योजना तयार हुने।

२.पूर्वाधार विकासका लागि विद्यालयको तह र विद्याथी  सङ्ख्याको  आधारमा मापदण्ड विकास गरिनेछ।

३.पूर्वाधार विकासको लागि स्रोत र जिम्मेवारीको विन्यास सहित कार्यान्वयन प्रारूप विकास हुने।

४.पालिकाका सबै विद्यालयहरुमा आवश्यक भौतिक पूर्वाधार विकास र विस्तार हुने।

५.पूर्वाधार विकासका लागि विद्यालयको भौतिक सूचक तयार हुने।

६.विद्यालयमा अपाङ्गमैत्री, बालमैत्री तथा लैङ्गिक मैत्री भौतिक पूर्वाधार हुने।

७.सबै विद्यालयको क्षेत्रभित्र घेराबारा र प्रवेश गेट निर्माण भएको हुने।

**ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| क्र.स. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य (५ बर्ष) | | | | | | भौतिक लक्ष्य ( १० बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विद्यालय भवन निर्माण | पटक | | १ | १ | १ | १ | ४ | ८ | |
| २ | विद्यालयहरुको सबलीकरण | विद्यालय | २ | ३ | ३ | ३ | ३ | १४ | २२ | |
| ३ | विद्यालयहरुमा बनेका संरचनाको संबर्द्धन तथा मर्मत सम्भार र फर्निचर व्यवस्थापन समेत | विद्यालय | ४ | ४ | ४ | ५ | ५ | २२ | २२ | |
| ४ | छात्रा र छात्रलाई अलग्गै शौचालय तथा पानी तथा सरसफाईको प्रवन्ध | विद्यालय | | ५ | ५ | ५ | ७ | २२ | २२ | |
| ५ | प्रारम्भिक बालविकासका लागि पानी तथा सरसफाईका साथै अलग्गै शौचालय | विद्यालय | | ३ | ३ | ३ | ३ | १२ | २२ | |
| ६ | अपांगतामैत्री संरचना निर्माण | पटक | | १ | | १ | | २ | ५ | |
| ७ | बृहत विपद जोखिम व्यवस्थापन तथा उत्थानशीलता योजना कार्यान्वयन | विद्यालय | २२ | २२ | २२ | २२ | २२ | २२ | २२ | |

## ४.६ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

### ४.६.१ परिचय

सूचना प्रविधि भन्नाले ध्वनी, तस्विर, अक्षर तथ्यांकको रुपमा सूचनाहरुलाई विद्युतीय यन्त्रहरु कम्प्युटर तथा दुरसञ्चारको प्रविधिको प्रयोग गरि भण्डारण, सम्पादन, सम्प्रेषण संग्रह र प्रवाहलाई चिनिन्छ। २१ औ शताव्दीको युग सूचना र प्रविधिको युगमा परिभाषित भइसकेको छ। अबको शिक्षा विश्वव्यापिकरण, प्रतिस्पर्धात्मक तथा आधुनिकताले भरिपूर्ण हुन जरुरी छ। विश्वका शक्तिशाली राष्ट्रहरु विश्व बजारमा आफ्नो मानव संसाधनलाई कसरी शुरक्षित राख्ने र आफ्नो प्रविधिलाई कसरी विश्व बजारसामू अग्रपंक्तिमा पुर्याउने भन्ने होडमा रहेका छन ।

हालको कोभिड-१९ को विषम परिस्थितिमा सूचना प्रविधिको महत्व अझ बढेको छ। नेपाल सरकार शिक्षा मन्त्रालयले मिति २०७७/०२/१८ मा जारी गरेको वैकल्पिक प्रणालीबाट विद्याथीको सिकाइ सहजीकरण निर्देशिका, २०७७ का अनुसार वैकल्पिक प्रणाली भन्नाले कोभिड-१९ वा यस्तै प्रकारको विपद् वा महामारी जस्ता कारणले पठनपाठन गर्न कठिन भएको वा हुने अवस्थामा रेडियो, टेलिभिजन, अनलाइन, अफलाइन, परियोजना पाठहरु, स्वअध्ययन, दुर तथा खुल्ला शिक्षा लगायतका वैकल्पिक माध्यम वा पद्धतिबाट अध्ययन अध्यापन सुचारु राख्ने विधि र प्रक्रियालाई सम्झनु पर्दछ। यस निर्देशिकाले पनि सूचना प्रविधिलाई विशेष जोड दिएको छ। वैकल्पिक प्रणालीबाट सिकाइ गर्न सूचना प्रविधिको अहम भूमिका रहेको होला।

शिक्षाको राष्ट्रिय नीति २०७६ को ४८ मा सूचना तथा संचार प्रविधिलाई शिक्षा प्रणालीको अंगको रुपमा एकीकृत गर्दै विद्यालय तथा शिक्षण संस्थामा प्रविधिको पूर्वाधार विकास गर्ने र शिक्षण सिकाइ प्रक्रियालाई सूचना प्रविधिमैत्री बनाउने नीति ल्याइएको छ।

शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्याथीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुंयाइ डिजिटल भिन्नता कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइ सुधार गर्ने, सबैका लागि शिक्षामा पहुँच पुंयाउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभूतिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई बढावा दिनु पर्दछ।

### ४.६.२ वर्तमान अवस्था

विज्ञान र प्रविधिको उच्चतम्म प्रयोगलाई वर्तमान अवस्थामा विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास र प्रयोगको अवस्थाको विश्लेषण गर्दा आवश्यकीय नीति कानून तथा रणनीतिहरुको अवस्था र तिनको कार्यान्वयन, शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी गुरु योजना निर्माण गरी यसको कार्यान्वयन गर्दै विद्यालयहरुलाई सूचना र प्रविधिको प्रयोगमा सक्षम र सबल बनाउदै लानुपर्ने देखिन्छ ।

नेपाल सरकारकाले २०७६ मा स्वीकृत राष्ट्रिय शिक्षा नीति र विज्ञान तथा प्रविधि प्रवर्धन नीतिमा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धी नीतिहरु उल्लेख गरिएको छ । उक्त शिक्षा नीतिमा सबै विद्यालय तथा शिक्षण संस्थाहरुमा सूचना तथा प्रविधि सम्वन्धी संरचना तयार गर्ने, कनेक्टिभिटी पुऱ्याउने, तालिम, शिक्षण सिकाइ तथा व्यवस्थापनमा आधुनिक प्रविधिको प्रयोग गर्नका लागि आवश्यक

सामग्रीको व्यवस्था गर्ने र दक्ष जनशक्ति तयार गर्ने कुरा उल्लेख गरिएको, शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी गुरु योजनाले दश हजार भन्दा बढी विद्यालयहरुमा सिकाइका लागि इन्टरनेट कनेक्टिभिटी समित सूचना प्रविधिको विकास गर्ने, शिक्षक तथा शिक्षा क्षेत्रको अन्य जनशक्तिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने, निरन्तर सिकाइको प्रबन्ध गर्ने, सूचना प्रविधि विषय पाठ्यक्रममा समावेश गर्ने,अन्तरक्रियात्मक डिजिटल सामग्री तयार गर्ने शैक्षिक सूचना तथा व्यवस्थापन प्रणालीलाई डिजिटलाइज, शिक्षक र विद्याथीको पहुँच उक्त प्रविधिमा सहजरुपमा पुऱ्याउने कार्य गर्नु आजको आवश्यकता रहेको छ ।यसै गरी विद्यालय क्षेत्र विस्तार कार्यक्रममा पनि सूचना तथा प्रविधिका क्रियाकलाप समेत समावेश गरिएको छ। जसमा सिकाइमा सूचना तथा प्रविधिको प्रयोगका लागि आवश्यक सामग्री विद्यालयलाई उपलब्ध गराउने, विज्ञान गणित र अङ्गेजी विषयमा विद्युतिय सामग्री निर्माण गर्ने, पूर्वधार विकास शिक्षण सिकाय सामग्री प्रदान गर्ने। नमूना विद्यालयहरुमा सूचना तथा प्रविधिको सिकाइ केन्द्र स्थापन गर्ने साथै एकीकृत लेखा सफ्टवेयर  कार्यान्वयन गर्ने र एकिकृत शैक्षिक सूचना प्रणाली विकास गर्ने कार्यहरु रहेको पाइन्छ ।  उल्लिखित नीतिहरु तथा योजनाले लक्षित गरेका कार्यहरुको प्रगति र वर्तमान अवस्थालाई र एकिकृत शैक्षिक व्यवस्थापन तथा  सूचना प्रणाली(IEMIS) web मा आधारित बनाइएको छ । तथापि धेरै जसो विद्यालयमा कम्प्युटर लगायतका सूचना प्रविधि सम्बन्धी सामग्री तथा इन्टरनेटको अभावले यसलाई पूर्ण बनाउन सकिएको छैन यसै गरी विद्यालय प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम र उच्च शिक्षाका अलग अलग शैक्षिक सूचना पद्धति भएकाले तिनीहरु बीच सम्बन्ध स्थापित गर्न जटिल भएको छ। हाल अधिकाशंमा सामुदायिक विद्यालयहरुमा कम्प्युटर सम्बन्धी सामग्रीहरु उपलब्ध गराइए पनि नेट इन्टरनेटको पहुँच भने कम भएको पाइन्छ। अर्को तिर यि सुविधाहरुको सिकाइमा प्रयोग गर्ने विद्यालयहरुको संख्या न्यून नै छ । तसर्थ एकातिर साधन र संरचना बढाउन आवश्यक छ भने अर्को तिर यसको प्रभावकारी प्रयोग गर्नु पर्ने देखिन्छ। शिक्षण सिकाइमा प्रविधिको प्रयोगका लागि डिजिटल सामग्रीहरु पर्याप्त नहुनु एक समस्याकै रुपमा देखिन्छ। विद्यालय क्षेत्र विकास कार्यक्रम अन्तरगत पाठ्यक्रम विकास केन्द्रले कक्षा ६-८ का लागि गणित विज्ञान रअङ्गेजी विषयमा केहि डिजिटल सामग्रीहरु तयार गरेको छ। कोभिड १९ को महामारीले उब्जाएका समस्यालाई मध्यनजर गर्नै डिजिटल सामग्रीलाई बेग्लै web पोर्टल बनाइ सबैको पहुँच हुने गरी राखिएको छ । यस्तो महामारीको अवस्थामा सिकाइलाई निरन्तरता दिन यसका अतिरिक्त विभिन्न भर्चुअल माध्यमबाट पनि केहि विद्यालयहरुमा कक्षा सञ्चालन हुँदै आएता पनि विद्युत, नेट, इन्टरनेटका कारण तथा ग्रामीण बस्तीका विद्याथीहरुको आर्थिक अवस्थाको समस्याले गर्दा खासै प्रभावकारी शिक्षण सिकाइ भएको छैन ।

माथि उल्लेखित भएका उपलब्धि तथा अवसरहरुको आधारमा गत २०७६(०७७ को अन्त्यबाट कोभिड १९ को प्रभाव मुलुक भरका सबै विद्यालयहरुमा ६ महिना भन्दा बढी बन्द रहन गएको अवस्थामा शिक्षा मन्त्रालयले जारी गरेको कोभिड महामारी अवस्थामा हुन सक्ने निशेधाज्ञाको प्रकृति अनुरुप शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसँग सम्बन्धित कृयाकलापहरुको कार्यान्वयन सम्बन्धी कार्ययोजना २०७८ तयार गरी जारी गर्दै सोहि आधारमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रले सरकारी तवरबाट प्रयास गरेको र अन्य सरोकारवाला साथै विभिन्न निकायको समन्वयमा विद्याथी सिकाइलाई निरन्तरता दिनका लागि अवस्था अनुकूल विभिन्न वैकल्पिक सिकाइका विधिहरुको विकास,व्यवस्थापन तथा सञ्चालन मध्ये प्रविधिमा आधारित विधिहरु नै प्रमुख रहेका छन । यस्ता विधिहरुमा मुख्य गरी छापाका शिक्षण सिकाइ सामग्री रेडियो, टि भिबाट प्रसारित सामग्रीहरु विद्युतिय माध्यमबाट प्राप्त सामग्रीहरु CDC को इ पुस्तकालय

साथै अन्य नीजि तथा सरकारी तवरबाट भर्चुअल माध्यमको प्रयोग गरी सिकाइका विधिहरुको अबलम्वन गरिएको छ । यस अवधिमा गरेका क्रियाकलापको आधारमा हेर्दा १३ प्रतिशत विद्यालयहरुले मात्र web मा आधारित सामग्री प्रयोग गरेको देखिन्छ भने बाँकी विद्यालयहरुले अन्य वैकल्पिक विधिहरुको प्रयोग गरेको पाइन्छ ।

शैक्षिक व्यवस्थापनमा सूचना र प्रविधिको व्यवस्थापन गर्ने क्रममा एकिकृत शैक्षिक व्यवथापन सूचना प्रणाली (IEMIS) को स्थापना गरी स्थानिय सम्म एकिकृत संचितकोष व्यवस्थापन प्रणाली विकास गरी अनलाइन पद्दतिको विकास गरिएको छ ।विद्यालयको लेखा प्रणाली परीक्षा संग सम्बधित कार्य गर्नकालगि अनलाईन प्रणालीलाई थप व्यवस्थित गर्नुपर्ने देखिन्छ । विद्यालय क्षेत्र विकास योजना SSDP कार्यान्वयनको हाल सम्मको अवस्था हेर्दा संरचनामा रहेका २८,८३३ सामुदायिक विद्यालयहरु मध्ये ५०.२ प्रतिशत विद्यालयमा विद्युत र १८.७ प्रतिशत विद्यालयमा इन्टरनेटको सुविधा उपलब्ध भएको देखिन्छ भने ४१.९ प्रतिशत विद्यालयमा कम्प्युटरको सुविधा छ तर ३७ प्रतिशत विदालयमा मात्र शिक्षण सिकाइ प्रयोजनमा कम्प्युटरको प्रयोग भएको पाइन्छ । प्रशासनिक कार्यमा कम्प्युटरको प्रयोग गर्ने विद्यालयको संख्या ३६ प्रतिशत रहेको हुदाँ कतिपय विद्यलयमा कम्प्युटर पनि प्रयोग नभएको अवस्था छ । तर वि.स. २०७६ देखि नेपाल दुरसंचार विकासकोष मार्फत केहि विद्यालयहरुलाई प्रस्ताव आह्वान गरी कनक्टिभिटी र अन्य संरचना सहयोग गरिरहेको छ ।

यस पालिकाले आ.ब. २०७७/०७८ मा इन्टरनेट जडान भएको विद्यालयमा रकम निकासा गरेको छ । हाल मल्टिमिडिया समेतको सुविधा भएका २ छ भने कुनै पनि विद्यालयमा स्मार्ट वोर्ड छैन। जिराभवानी गाउँपालिकामा २२ वटै विद्यालयमा विद्युतको पहुँच छ भने मा.वि. २ वटा विद्यालयमा विज्ञान प्रयोगशाला, कम्प्युटर प्रयोगशाला तथा इन्टरनेट सुविधा छन । यस पालिकामा २ वटा विद्यालयका ६ जना शिक्षक कर्मचारीले शिक्षण सिकाइमा प्रविधिको प्रयोग गरेका छन भने प्राय अधिकांस शिक्षकहरु प्रविधिको पहुँच भन्दा टाढा रहेको देखिन्छ। शैक्षिक व्यवस्थापनमा सूचना र प्रविधिको व्यवस्थापन गर्ने क्रममा एकिकृत शैक्षिक व्यवथापन सूचना प्रणाली (IEMIS) नियमित रुपमा अद्यावधिक हुन थालेको छ भने केही विद्यालयमा कम्पयुटर पनि वितरण गरि प्रयोगमा रहेको पाइएको छ भएपनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्वन्धी निम्नलिखित चुनौतीहरू पहिचान गरिएको छ -

१.सबै विद्यालयहरूमा प्रविधिसम्बन्धी आधारभूत संरचना विस्तार गर्न।

२.ई-पुस्तकालय स्थापना गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्न।

३.शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका लागि एकीकृत प्रणालीको विकास गर्न।

४.प्रविधिसम्बन्धी उपकरणको व्यवस्था त्यसको सञ्चालन र प्रयोगका लागि क्षमता विकास गर्न।

५.सबै विद्यालयलाई सहज हुने गरी शैक्षिक व्यवस्थापन सूचना प्रणाली तथा लेखा प्रणाली व्यवस्थित गर्न।

६.एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली मार्फत तथ्याङ्क अद्यावधिक गर्न।

७.स्थानीय स्तरमा अडियो भिडियो सहितको अनलाइन तथा अफलाइन कक्षा सञ्चालन गर्न सरोकारवालको सक्रियाता बढाउने।

४.६.३ उद्देश्यहरू

१.विद्यालय शिक्षालाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्नु ।

२.अपाङ्गता भएका व्यक्तिहरू लगायत सबैमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षामा पहुँच पुँयाउनु ।

३.विद्यालयको व्यवस्थापन तथा तथ्याङ्क पद्धतिलाई पेपर लेस बनाउनु ।

४.६.४ रणनीतिहरू

१.सबै विद्यालयहरूमा प्रविधिसम्बन्धी आधारभूत संरचना विस्तार गरी उपकरणको प्रवन्ध गरिने।

२.शिक्षकहरूको क्षमता विकास गरी स्वयम् सेवक शिक्षक सेवा प्रवेशका लागि आधारभूत सूचना तथा सञ्चार प्रविधिको सीप अनिवार्य गरिनेछ।

३.विभिन्न कक्षा र विषयका लागि अन्तरक्रियात्मक डिजिटल सामग्री विकास गरीनेछ।

४.सवै विद्यालयहरूमा सि।सि। क्यामरा तथा विद्युत्तीय हाजिरी जडान गरिनेछ।

५.सूचना तथा सञ्चार प्रविधमा आधारित अनुगमन तथा मूल्याङ्कन पद्दतिको विकास गरिनेछ।

६.अपाङ्गता भएका व्यक्तिहरूलगायत सवैमा सूचना तथा सञ्चार प्रविधमा आधारित शिक्षामा पहुँच पुंयाउने।

७.विद्यालयको समग्र व्यवस्थापन तथा तथ्याङ्क पद्धतिलाई पेपर लेस वनाउने।

८.एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई मासिक रुपमा अद्यावधिक गरिनेछ।

९.विद्युत्तीय पुस्तकालय लाई वार्षिक रुपमा अद्यावधिक गरिनेछ।

१०.सामुदायिक सिकाइ केन्द्रमा सूचना तथा सञ्चार प्रविधको विकास गरिनेछ।

४.६.५ उपलब्धि, नतिजा तथा प्रमुख क्रियाकलापहरु र लक्ष्य

**क) उपलब्धि**

१३. समुदाय तथा विद्यालयमा सूचना तथा सञ्चार प्रविधि मैत्री बातावरण निर्माण भइ विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार ल्याइ सुशासन प्रवर्धन हुने।

**ख) नतिजा**

१.शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका लागि अगुवा विद्यालय विकास गरि एक पूर्णकालीन ICT शिक्षक व्यवस्थापन, डिजिटल ल्याव स्थापना र सञ्चालन हुने।

२.विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भई सबैको पहुँच पुग्ने।

३.स्थानीय स्तरमा अडियो भिडियो सहितको अनलाइन तथा अफलाइन कक्षा सञ्चालन हुने।

४.विद्यालयको तथ्याङ्क पद्धति पूर्ण पेपर लेस हुने।

५.प्रत्येक वडामा एक फ्रि वाई-फाई चौतारी निर्माण गर्ने।

६.शिक्षकहरूको क्षमता विकास गरी स्वयमसेवक शिक्षक सेवा प्रवेशका लागि आधारभूत सूचना तथा सञ्चार प्रविधिको सीप अनिवार्य गरिनेछ।

७.सामुदायिक सिकाइ केन्द्रमा सूचना तथा सञ्चार प्रविधको प्रयोगमा विस्तार हुने।

८.सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन हुने।

**ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| क.स. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य (५ बर्ष) | | | | | | भौतिक लक्ष्य ( १० बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विद्यालयमा ICT संरचना विस्तार | विद्यालय | ४ | ४ | ४ | ५ | ५ | २२ | २२ | |
| २ | प्रत्येक विद्यालयमा Internet Connectivity को व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ३ | शिक्षकहरुको क्षमता विकास | पटक | | १ | | | १ | २ | ४ | |
| ४ | अन्तर्रक्रियात्मक विद्युतीय सामग्रीको उपलब्धता | विद्यालय | | २ | २ | ३ | ३ | १० | २२ | |
| ५ | IEMIS व्यवस्थापन | विद्यालय | २२ | २२ | २२ | २२ | २२ | २२ | २२ | |
| ६ | सामुदायिक सिकाई केन्द्रहरुको क्षमता विकास | पटक | १ | | | | | १ | २ | |

# परिच्छेद पाँच: सुशासन र व्यवस्थापन

## ५.१ संस्थागत क्षमता विकास

### ५.१.१ परिचय

शासन राज्यसँग सम्बन्धित हुन्छ । सुशासन त्यो शासन व्यवस्था हो जहाँ जनताको हित र कल्याणलाई सर्वोपरी मानिन्छ । पारदर्शिता, उत्तरदायित्व, सहभागिता र भविष्य परकतालाई सुशासनका अपरिहार्य तत्वका रुपमा लिइन्छ। सुशासनमा प्रभावकारिता, सक्षमता, मितव्ययिता, लोकतन्त्र, राजनैतिक, स्वतन्त्रता, समानता र अधिकार जस्ता सिद्धान्त सुशासनका पक्षमा प्रतिपादित सिद्धान्त हुन ।

शिक्षामा स्थानीय सरकार, विद्यालय, समुदाय, गैर सरकारी संघ संस्था तथा विकास साझेदारहरुको भूमिका रहने भएकाले भूमिका अनुसार सुशासन अपरिहार्य मानिन्छ । विद्यालय क्षेत्रको योजनाका सन्दर्भमा शासकीय प्रवन्ध अन्तरगत योजनाको प्रभावकारी ढङ्गले तथा कुशलतापूर्वक कार्यान्वयन गरी बालबालिकाहरुको सहभागिता र सिकाइमा सुधार गर्न आवश्यक संरचना, भूमिका तथा कार्य प्रक्रिया समावेश गरिएका हुन्छन । यस्ता संरचना तथा कार्य प्रक्रियाहरुले सहभागिता तथा सहमतिमा निर्णय कार्यान्वयन गर्नु, निश्चित दृष्टिकोण र उद्धेश्यमा आधारित हुनु, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायी हुनु, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्नु, विद्यार्थीको सिकाइ प्रति जवाफदेही भई  पारदर्शी हुनु र विधिको सर्वोच्चता तथा समतालाई प्रोत्साहन गरी सुशासनको प्रत्याभूति गर्नुपर्दछ ।शिक्षा क्षेत्रको योजना कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापना गर्नु पर्दछ । सुशासन र व्यवस्थापन सम्बन्धी योजनाका उद्धेश्य, अपेक्षित नतिजा र कार्यक्रमको स्वरुप संबैधानिक प्रावधान अनुसारको संघिय संरचनामा विभिन्न तहका सरकारको दायित्व तथा ज्ञान, प्रविधि, मूल्य, मान्यता र दृष्टिकोणमा आएको परिवर्तनलाई विचार गर्नु पर्ने हुन्छ । योजनाको कार्यान्वयन तथा व्यवस्थापनमा सूचना तथा संचार प्रविधिको प्रयोग, समता र समावेशीताको प्रवर्द्धन, नतिजाको प्रवर्द्धन गरी शिक्षा क्षेत्रमा यस दश वर्षे योजना कार्यान्वयनबाट अपेक्षित नतिजा हासिल गर्नका लागि आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयन समग्र व्यवस्थाको अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणाली सम्बन्धमा वर्तमान अवस्थाको समिक्षा गरिएको छ ।

बदलिँदो परिवेश अनुसार  शासकीय संरचना, प्रक्रिया र क्षमता सुधार गरिएमा शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले संघिय संरचना अनुसार स्थानीय सरकारका अधिकार तथा दायित्व, शिक्षामा भएको सङ्ख्यात्मकविस्तार, ज्ञान, प्रविधि र संचारमा भएको विकास, सामाजिक सचेतनामा आएको परिवर्तन लगायतका विविध पक्षहरुलाई समेत विचार गरी संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्द्धन गर्नु आवश्यक देखिएको छ ।

यस योजनाका प्रारम्भिक बालविकास शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा र उच्च शिक्षामा सबैको पहुँच र  सहभागिता सुनिश्चित गरी गुणस्तरमा सुधार, अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरुको विस्तार, प्रकोप तथा महामारीको अवस्थाको सिकाइ तथा समावेशीताको प्रवर्द्धन सहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्धेश्यले आवश्यक पर्ने जनशक्ति तथा क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ ।

शिक्षा राज्य व्यवस्थाको एउटा महत्वपूर्ण विषय क्षेत्र भएकाले शैक्षिक सुशासनले विद्यालय शिक्षा क्षेत्रमा राखेका लक्ष्य हासिल गर्नका लागि सबैले आ-आफ्नो तह र क्षेत्रबाट सहज रुपमा जिम्मेवारी निर्वाह गरी उपलब्धि वा लक्ष्य हासिल गर्ने अवस्थालाई बुझाउँछ । तसर्थ शिक्षामा सुशासनले सम्वद्ध संवेगात्मक क्षेत्रमा सरोकारवालाहरुको शैक्षिक, भौतिक, आर्थिक, सामाजिक र व्यवस्थापनमा सकारात्मक सहभागिता जनाउने प्रक्रियालाई समेट्छ । यसले स्थानीय शिक्षा विकासका निम्ति सङ्गठित गर्ने, नियमन गर्ने, नीति नियम तर्जुमा एवम शैक्षिक, सामाजिक, आर्थिक एवम संस्थागत र प्रणालीगत सम्बन्ध कायम गर्ने प्रक्रिया नै शिक्षामा समतामूलक सक्षमता गर्नुपर्ने विद्यालय सुशासन हो ।

संविधानमा व्यवस्था भएको शिक्षाको मौलिक हक, विद्यालय शिक्षा सम्बद्ध संवैधानिक नीतहरु, शैक्षिक सुशासन कायम गर्नका लागि मार्गनिर्देशन नै मुख्य आधार हुनेछ । शिक्षा ऐन तथा नियमावलीमा रहेका विभिन्न तहगत एवम निकायगत समितिका काम, कर्तव्य र अधिकारहरु, समिति बोर्डमा रहने पदाधिकारीहरुको नीतिगत, कानुनीगत योग्यता, सेवा सर्त एवम् छनौटका प्रक्रिया, शैक्षिक संस्थाहमा अनुदान व्यवस्थापनका प्रावधानले शिक्षामा सुशासन कायम हुनेछ । त्यसै गरी विद्यालय व्यवस्थापन जिम्मा लिने प्रावधान, तोकिएको कार्य, जिम्मेवारी पुरान गरेको अवस्थामा दण्डित गर्ने व्यवस्था, अनुमति स्वीकृति खारेजीको व्यवस्था, शिक्षा क्षेत्रमा कार्य गर्ने जनशक्तिको पदीय आचारण सम्बन्धी व्यवस्थापन लगायत पालन गर्नुपर्ने आचारसंहिता र दण्ड/पुरस्कारका विषयहरु यस गाउँपालिकाका नीतिगत/व्यवस्थापकीय प्रयासका साथै सुशासन ऐन, २०६४ र सुशासन नियमावली २०६५ विद्यालय सुशासन र व्यवस्थापनका लागि मूल आधार हुनेछ । विद्यालय/गाउँ शिक्षामा सुशासन र व्यवस्थापनका पक्षमा शैक्षिक उपलब्धि लगायत प्रवाह हुने सेवा, सुविधा, नीति, कार्यक्रम, शिक्षा बजेट लगायत समग्र पक्षको झलक दिलाइने/विकास हुनेछ ।

शिक्षा पद्धतिमा निणर्य तथा कार्यान्वयनको समग्र प्रक्रियाले शासकीय प्रबन्धलाई जनाउँदछ। शासकीय प्रवन्धमा संरचना तथा प्रक्रिया दुवै पर्दछन । विद्यालय क्षेत्रको यो योजनाका सन्दर्भमा शासकीय प्रवन्ध अन्तर्गत योजनाको प्रभावकारी ढङ्गले तथा कुशलतापूर्वक कार्यान्वयन गरि बालबालिकाको सहभागिता र सिकाइमा सुधार गर्न आवश्यक संरचना, भूमिका तथा कार्य प्रक्रिया समावेश हुन्छन । यस्ता संरचना तथा कार्य प्रक्रियाहरूले सहभागिता तथा सहमतिमा निणर्य गर्नु तथा निणर्य कार्यान्वयन गर्नु, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित हुनु, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायी हुनु, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्नु, विद्याथीको सिकाइप्रति जवाफदेही भई पारदशी हुनु र विधिको सर्वोच्चता तथा समतालाई प्रोत्साहन गरि सुशासनको प्रत्याभूति गर्नुपर्दछ। शिक्षामा स्थानीय सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारहरूको भूमिका रहने भएकाले भूमिका अनुसार सुशासन कायम गर्न यी सबैको योगदान रहेको छ।

शिक्षा क्षेत्रको योजना कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचना सहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु पर्दछ। सुशासन तथा व्यवस्थापन सम्बन्धी योजनाका उद्देश्य, अपेक्षित नतिजा र कार्यक्रमको स्वरूप, संवैधानिक प्रावधान अनुसारको संघीय संरचनामा विभिन्न तहका सरकारको दायित्व तथा ज्ञान, प्रविधि, मूल्यमान्यता र दृष्टिकोणमा आएको परिवर्तनलाई विचार गर्नु पर्दछ। नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तह गरि तीन तहका सरकारका एकल र साझा अधिकारका सूची सहित शिक्षाको शासकीय

प्रवन्ध तथा व्यवस्थापन हुने व्यवस्था भएको छ। यस सन्दर्भमा संविधानमा संघीय एकाइहरूका लागि एकल र साझा अधिकार तथा दायित्वको रूपमा विषयहरू प्रस्तुत भएका सन्दर्भमा एकल अधिकार मूल रूपमा प्रभावी भई साझा अधिकार परिपूरक वा सम्पूरक भएर आउँछ भन्ने विषयलाई ध्यान दिनका साथै शिक्षामा विशिष्टीकृत प्रकृतिका कार्यको सञ्चालन तथा व्यवस्थापनका लागि विशेष प्रबन्धको आवश्यकतालाई पनि विचार गर्नु पर्दछ। त्यसै गरि योजना कार्यान्वयन तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग, समता र समावेशिताको प्रवर्धन, नतिजा प्रतिको जिम्मेवारी र उत्तरदायित्व जस्ता पक्षहरूलाई प्राथमिकता दिनु पर्दछ। यस परिच्छेदमा सुशासन प्रवर्धन गरी शिक्षा क्षेत्रमा यस १० वर्षे शिक्षा क्षेत्रको योजना कार्यान्वयनबाट अपेक्षित नतिजा हासिल गर्नका लागि आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीका सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरीएको छ। वर्तमान अवस्थाको समीक्षाका आधारमा यस योजनाका अपेक्षित नतिजा प्राप्तिका लागि प्रस्तावित कार्यक्रमहरूको कुशल तथा प्रभावकारी कार्यान्वयन गर्नका लागि आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको स्वरूप प्रस्तुत गरिएको छ।

यसमा योजनाका प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तरमा सुधार, अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार, प्रकोप तथा महामारीको अवस्थामा सिकाइ र समता तथा समावेशिताको प्रवर्धनसहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्ने प्रयास गरिएको छ भने त्यसका लागि आवश्यक पर्ने जनशक्ति तथा क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ। यस खण्डमा सुशासन प्रवर्धन गरी शिक्षा विकासका कार्यक्रमहरू कार्यान्वयनका लागि विद्यमान पद्धतिको समीक्षा गरी यस विद्यालय क्षेत्रको योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना, क्षमता र प्रक्रियामा देखिएका चुनौतीहरू पहिचान गरिएको छ। पहिचान गरीएका चुनौतीहरू सामना गरी सुशासन प्रवर्धन गर्नका लागि आवश्यक संरचना, क्षमता र प्रक्रियाको विकास तथा परिवर्तनको लागि तयार गरिएको छ।

### ५.१.२ वर्तमान अवस्था

गाउँपालिकाले विद्यालय सुशासनको एउटा आधारभूत र महत्वपूर्ण उपक्षेत्रका रुपमा शिक्षा अवलम्बन गरेको छ र आधुनिक राज सञ्चालन, व्यवस्थापनमा शिक्षालाई महत्वपूर्ण बहुआयामिक प्रभाव भएको क्षेत्रका रुपमा मानिनेछ । वर्तमान सन्दर्भमा सुशासनको सम्वोधन गर्ने प्रमुख दस्तावेज नेपालको संविधान (२०७२) हो । यसैका मातहतमा रही सुशासन ऐन, २०६४, सुशासन नियमावली २०६५, विद्यालय ऐन, २०२८ (संशोधित), शिक्षा नियमावली २०५९, स्थानीय स्वायत्त शासन नियमावलीबाट सुशासनको सम्बोधनका पक्षमा पारदर्शिता, सहभागिता, उत्तरदायित्व, भविष्यपरकता, अपनत्व कानुनी शासन जस्ता सैद्धान्तिक पक्षलाई सम्वोधन गरिएको छ । संविधानको प्रस्तावनामा संघीय लोकतान्त्रिक, गणतन्त्रात्मक शासन व्यवस्थाका माध्यमबाट दिगो शान्ति, सुशासन, विकास र समृद्धिप्रतिको नेपाली जनताका आकाङ्क्षा पुरा गर्न संविधान जारी गरिएको कुरा उल्लेख छ । संविधानको निर्देशक सिद्धान्त र नीतिमा अंगिकार गर्दै यस गाउँपालिका मातहतका विद्यालय र शिक्षालाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदशी, भ्रष्टाचारमुक्त, जनउत्तरदायि र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने शिक्षाको भौतिक, आर्थिक सेवा सुविधामा

समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने गरिएको छ । शिक्षामा स्थानीय सरकार, विद्यालय, समुदाय, गैर सरकारी संघ संस्था तथा विकास साझेदारहरुको भूमिका रहने भएकाले भूमिका अनुसार सुशासन अपरिहार्य मानिन्छ । विद्यालय क्षेत्रको योजनाका सन्दर्भमा शासकीय प्रबन्ध अन्तरगत योजनाको प्रभावकारी ढङ्गले तथा कुशलतापूर्वक कार्यान्वयन गरी बालबालिकाहरुको सहभागिता र सिकाइमा सुधार गर्न आवश्यक संरचना, भूमिका तथा कार्य प्रक्रिया समावेश गरिएका हुन्छन । यस्ता संरचना तथा कार्य प्रक्रियाहरुले सहभागिता तथा सहमतिमा निर्णय कार्यान्वयन गर्नु, निश्चित दृष्टिकोण र उद्धेश्यमा आधारित हुनु, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायी हुनु, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्नु, विद्यार्थीको सिकाइ प्रति जवाफदेही भई पारदर्शी हुनु र विधिको सर्वोच्चता तथा समतालाई प्रोत्साहन गरी सुशासनको प्रत्याभूति गर्नुपर्दछ । शिक्षा क्षेत्रको योजना कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापना गर्नु पर्दछ । सुशासन र व्यवस्थापन सम्बन्धी योजनाका उद्धेश्य, अपेक्षित नतिजा र कार्यक्रमको स्वरुप संवैधानिक प्रावधान अनुसारको संघिय संरचनामा विभिन्न तहका सरकारको दायित्व तथा ज्ञान, प्रविधि, मूल्य, मान्यता र दृष्टिकोणमा आएको परिवर्तनलाई विचार गर्नु पर्ने हुन्छ । योजनाको कार्यान्वयन तथा व्यवस्थापनमा सूचना तथा संचार प्रविधिको प्रयोग, समता र समावेशीताको प्रवर्द्धन, नतिजाको प्रवर्द्धन गरी शिक्षा क्षेत्रमा यस दश वर्षे योजना कार्यान्वयनबाट अपेक्षित नतिजा हासिल गर्नका लागि आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयन समग्र व्यवस्थाको अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणाली सम्वन्धमा वर्तमान अवस्थाको समिक्षा गरिएको छ । यस योजनाका प्रारम्भिक बालविकास शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा र उच्च शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तरमा सुधार, अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरुको विस्तार, प्रकोप तथा महामारीको अवस्थाको सिकाइ तथा समावेशीताको प्रवर्द्धन सहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्धेश्यले आवश्यक पर्ने जनशक्ति तथा क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ । शिक्षा क्षेत्रको विकासका लागि हाल संघमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ। मन्त्रालय अन्तर्गत केन्द्रीय तहमा विभागीय रुपमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन । त्यसैगरी स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग क्रियाशील रहेका छन । यसैगरी प्रदेश तहमा सामाजिक विकास मन्त्रालय मार्फत शिक्षा, शिक्षा विकास निर्देशनालय र प्रत्येक प्रदेशमा शिक्षा तालिम केन्द्र रहेका छन भने स्थानीय तहमा शिक्षा विकास तथा समन्वय इकाइ, प्रत्येक पालिकामा शिक्षा शाखाको व्यवस्था रहेको छ। पालिका स्तरमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐनले तोकिए बमोजिमको २३ ओटा कार्यहरु कार्यान्वयनमा रहेका छन । बदलिदो परिवेश अनुसार शासकीय संरचना, प्रक्रिया र क्षमता सुधार गरिएमा शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले संघीय सरचना अनुसार स्थानीय सरकारका अधिकार तथा दायित्वस शिक्षामा भएको सङ्ख्यात्मक विस्तार, ज्ञान, विज्ञान, प्रविधि र सञ्चारमा भएको विकास, सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूलाई समेत बिचार गरेर संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्नु आवश्यक देखिएको छ।सुशासन तथा व्यवस्थापन सम्वन्धी निम्नलिखित चुनौतीहरू पहिचान गरिएको छ –

१.नीतिगत र प्रणालीगत संयन्त्रको विकास नहुनु ।

२.शिक्षामा सुशासन व्यवस्था गर्नका लागि पारदर्शिता, जवाफदेहीता, नियमको पालना अपेक्षित नहुनु ।

३.विद्यालयका दक्ष जनशक्ति व्यवस्थापनका लागि पेशागत योग्यता र तालिमको व्यवस्था नहुनु ।

४.संस्थागत व्यवस्थाका लागि आवश्यक भौतिक पूर्वाधार, जनशक्ति, वित्त व्यवस्थापन र नीति नियमको अभाव हुनु ।

### ५.१.३ उद्देश्य

यस योजनामा सुशासन तथा व्यवस्थापनका लागि संस्थागत संरचना र क्षमता विकाससम्बन्धी उद्देश्यहरू निम्नअनुसार रहेका छन:

१.विद्यार्थीको सिकाइ उपलब्धिको न्यून नतिजा सम्बोधनको लागि स्थानीय तहमा गुणस्तर अभिवृद्धि गर्न संरचना र जनशक्तिको व्यवस्था गर्नु

२.विद्यालय शिक्षा क्षेत्रका शैक्षिक गतिविधिहरुको समन्वय, सहअस्तित्व र सहकार्यको प्रत्याभूतिका लागि संयन्त्र र संस्थागत व्यवस्था गर्नु

३.समता तथा समावेशितालाई प्रोत्साहन गरी शिक्षामा सुशासन व्यवस्था गर्नु

४.विद्यालयमा जनशक्ति, संरचना र संयन्त्रको क्षमता अभिवृद्धि गर्नु

५.नीतिगत तथा संरचनागत पक्षमा सुधार गर्नु

६.जनशक्तिको व्यवस्थापन र विकास गर्नु

७.शिक्षण संस्थाको व्यवस्थापनमा सुधार गर्नु

८.वित्तीय व्यवस्थापन र पारदर्शिता गर्नु

९.उत्तरदायित्व र जिम्मेवारीको बोध गर्नु

१०.सेवा प्रवाहमा विश्वसनीय गुणस्तर कायम हुने ।

११.नीतिगत व्यवस्थालाई कार्यन्वयन गर्नु ।

### ५.१.४ रणनीतिहरू

१.विद्यार्थीको सिकाइ उपलब्धिको न्यून नतिजा सम्बोधनको लागि स्थानीय तहमा गुणस्तर अभिवृद्धि गर्न भौतिक तथा सांगठनिक संरचनाको सुधार गर्ने र पर्याप्त र तालिम प्राप्त जनशक्तिको व्यवस्थापनमा जोड दिने

२.विद्यालय शिक्षा क्षेत्रका शैक्षिक गतिविधिहरुको समन्वय, सहअस्तित्व र सहकार्यको प्रत्याभूतिका लागि नीतिगत र प्रणालीगत संयन्त्रको विकास र कार्यान्वयन गर्ने र संस्थागत व्यवस्थाका लागि आवश्यक भौतिक पूर्वाधार, जनशक्ति, वित्त व्यवस्थापन र नीति नियम निर्माण गरी कार्यान्वयन गर्ने

३.समता तथा समावेशितालाई प्रोत्साहन गर्नका लागि आवश्यक पर्ने नीतिगत तथा कानूनी व्यवस्था गरी कार्यान्वयनमा ल्याउने र शिक्षामा सुशासन व्यवस्था गर्नका लागि पारदर्शिता, जवाफदेहीता, नियमको पालना, कुशल नेतृत्व तथा सूचना सम्प्रेषणका लागि पद्धतिको विकास गरी कार्यान्वयन गर्न जोड दिने

४.विद्यालयका दक्ष जनशक्ति व्यवस्थापनका लागि पेशागत योग्यता र तालिमको व्यवस्था गर्नुका साथै भौतिक तथा सांगठनिक संरचनाको निर्माण गर्ने र संयन्त्रको क्षमता अभिवृद्धि गर्नमा जोड दिने

५.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धि**

१. शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीमा विकास भएको हुने।

**ख) प्रमुख नतिजाहरू**

१. स्थानीय तहको शिक्षाको शासकीय तथा व्यवस्थापकीय कार्यका लागि संयन्त्र, संरचना र जनशक्ति तयार हुने

२. स्थानीय सरकार, शिक्षाको शासकीय स्वरुप र विद्यालयको जिम्मेवारी, भूमिका, कर्तव्य, दायित्व र अधिकार सुनिश्चित हुने

३. शैक्षिक निकाय र जनशक्तिको दक्षता प्रवर्धन गर्ने संयन्त्र निर्माण हुने र उक्त संयन्त्रले क्षमता सुधार गर्ने

४. शिक्षा सेवा प्रवाह सहभागितामूलक, कार्यसम्पादनमुखी, शिक्षाथीको सिकाइप्रति जवाफदेही, समतमूलक तथा समावेशिताको सिद्धान्तमा कार्यसम्पादन उद्देश्यमूलक र प्रभावकारी हुने

**ग) प्रमुख क्रियाकलाप र लक्ष्य**

| क.स. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य (५ बर्ष) | | | | | | भौतिक लक्ष्य ( १० बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | आवश्यक कानूनी प्रवन्ध तथा मापदण्ड विकास | पटक | | १ | | | | १ | २ | |
| २ | संस्थागत संरचना निर्माण तथा क्षमता विकास | पटक | | १ | | | १ | २ | ४ | |
| ३ | प्रतिवेदन तथा तथ्याङ्क प्रणालीको सुदृढीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | कार्यसम्पादन करार गरी सबैलाई नतिजाप्रति जिम्मेवार बनाउने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | शिक्षक तथा समग्र विद्यालय शिक्षा प्रणालीलाई सिकाइप्रति उत्तरदायी बनाउने पद्धति विकास गरी कार्यान्वयन | पटक | १ | | | | | १ | २ | |
| ६ | स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना तथा सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ७ | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइसम्बन्धी संयन्त्र विकास गर्ने | पटक | १ | | | | | १ | २ | |
| ८ | विद्यालय स्वास्थ्य तथा पोषण, सरसफाइ तथा स्वच्छता, विपद् तथा महामारी सम्बन्धी सेवा तथा समन्वयका लागि संयन्त्र विकास गर्ने | विद्यालय | | १ | | | | १ | २ | |

### ५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

#### ५.२.१ परिचय

कुनै पनि योजनाको प्रभावकारी कार्यान्वयनको निमित्त व्यवस्थित, नीतिगत, प्रणालीगत र वैज्ञानिक प्रवन्धको खाँचो पर्दछ। योजना निर्माण, संगठन, नियन्त्रण, निर्देशन, नेतृत्व प्रदान जस्ता तत्वहरुले योजना कार्यान्वयनको प्रवन्धमा महत्वपूर्ण भूमिका खेल्दछन । यसै गरी शिक्षा क्षेत्रको योजना कार्यान्वयन गर्न पनि उल्लेखित तत्वहरुले प्रभाव पार्दछन । शिक्षा क्षेत्रको योजना कार्यान्वयनको प्रवन्ध प्रभावकारी भएमा अपेक्षित उपलब्धि प्राप्त गर्न सकिन्छ।अपेक्षित नतिजा तथा उपलब्धि हासिल गर्न कार्यान्वयनको उपयुक्त व्यवस्था हुनु आवश्यक छ। योजना कार्यान्वयन प्रबन्धमा सङ्गठन, निर्देशन, नियन्त्रण, संयन्त्र, जनशक्ति, नीति नियम ,कानुन तथा मापदण्ड सहितको जिम्मेवारी र उत्तरदायित्व रहन्छन । नेपालमा संघीय व्यवस्था अनुसार संघ, प्रदेश र स्थानीय तहको संरचना तयार भई स्थानीय तहमा केही कानुनी प्रबन्ध सहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारण गरीएको छ। त्यसैले कार्यान्वयन प्रबन्ध र सम्पादनका लागि आवश्यक संयन्त्रको विकास हुनु जरुरत छ। कार्यान्वयन प्रवन्ध तयार गर्दा दीगोपन, कार्यकुशलता, प्रभावकारितामा ध्यान दिनु पर्दछ। कार्यान्वयन प्रबन्धको समग्र पक्षलाई समावेश गरी स्थानीय तह र विद्यालय अन्तर्गत योजना कार्यान्वयनको प्रबन्धको प्रक्रिया इङ्गित गरिएको छ।

#### ५.२.२ वर्तमान अवस्था

मुलुक संघीय संरचनाको ढाँचामा रुपान्तरण भएसँगै नयाँ चिरावाट योजना कार्यान्वयनको प्रवन्ध गर्नु पर्ने कानूनी व्यवस्था छ। शिक्षा क्षेत्रमा पनि यसै अनुसार संरचनात्मक रुपान्तरण गर्नुपर्ने हुन्छ। संघमा रहेको

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले समग्र शिक्षा नीति तथा योजना तर्जुमा, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय तथा अन्य विषयगत मन्त्रालय, विकास साझेदारहरूसँग समन्वय तथा सहकार्य गर्दछ। स्थानीय तहमा शिक्षा महाशाखा/शाखा रहेका छन विद्यालयमा विद्यालय व्यवस्थापन समिति रहनुका साथै शिक्षक मध्ये एक जनालाई प्रधानाध्यापक नियुक्त गरी विद्यालय सञ्चालनको जिम्मेवारी दिइएको छ।

स्थानीय तहमा कार्यसम्पादन गर्नका लागि परिवर्तन गरीएको उल्लिखित सङ्गठन संरचना तथा जनशक्ति व्यवस्थापन विद्यालय शिक्षामा सुशासन कामय गरी कुशल व्यवस्थापनका लागि पर्याप्त नदेखिएको सन्दर्भलाई विचार गर्दा यस योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि वर्तमान प्रबन्धमा परिमार्जन तथा सुधार आवश्यक देखिएको छ । हालको संरचनामा देखिएका केही समस्या तथा चुनौतीहरू निम्न अनुसार छन:

१.स्थानीय शिक्षक सहायता पद्धति विकास गर्नु

२.शिक्षक तालिमको क्षमता विस्तार गर्नु।

३.स्थानीय तहमा जनशक्ति अभावले विद्यालयका लागि सहयोग तथा अनुगमन प्रणाली व्यवस्थित गर्न र सङ्गठन तथा दरवन्दी पुनरावलोकन गर्नु।

४.विद्यालय शिक्षाका सन्दर्भमा स्थानीय तहको भूमिका तथा कार्य विवरण स्पष्ट गर्नु पर्ने

५.संघ, प्रदेश र स्थानीय तहको बजेटलाई एकीकृत गरी स्थानीय तहमा शिक्षा योजना निर्माण गर्नु।

६.संघ, प्रदेश तथा स्थानीय तहहरूवीच समन्वय र सहकार्य सुदृढ गर्ने,

५.२.३ उद्देश्य

शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु ।

५.२.४ रणनीतिहरु

योजनाको कार्यान्वयनको मुख्य थलो विद्यालय भएकाले विद्यालयमा कार्यान्वयनको उपयुक्त प्रवन्धका साथै स्थानीय तहले विद्यालयको क्रियाकलापहरुमा नियमित अनुगमन तथा कार्यान्वयनमा आवश्यकता अनुसार सहयोग, समन्वय र सहकारी गर्नु पर्दछ। स्थानीय तहमा शिक्षा क्षेत्रको समग्र योजना कार्यान्वयन प्रक्रियाका लागि निम्न लिखित प्रवन्ध गरिनेछ ।

**स्थानीय तह**

१. जिराभवानी गाउँपालिकाले संघीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरण मार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको वजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने।

२. जिराभवानी गाउँपालिकाको शिक्षा शाखाको क्षमता विकास गरी कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार समितिहरू निर्माण गर्ने।

३.जिराभवानी गाउँपालिकाले कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने छन ।

४. कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार जिराभवानी गाउँपालिकाले कानुन, मापदण्ड र निर्देशिका विकास गर्ने।

५. जिराभवानी गाउँपालिकाले एकीकृत शैक्षिक सूचना व्यवस्थापन मार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने, योजना निर्माणको आधारका रूपमा प्रयोग गर्ने र संघीय तथा प्रदेशमा समेत आवश्यक विवरण सहजै प्राप्त हुने सुनिश्चितता गर्ने।

६. जिराभवानी गाउँपालिकाले शिक्षण सिकाइमा आवश्यक सहयोग तथा आदान प्रदानका लागि पालिका स्तरमा शिक्षक तथा विज्ञ समूह सम्मिलित शिक्षक सहायता प्रणाली विकास तथा सञ्चाल गर्ने।

**विद्यालय**

१.विद्यालयले विद्यालय सुधार योजना तयार गरी सालवसाली अद्यावधिक गर्ने।

२.संघ, प्रदेश, स्थानीय तह र विद्यालयको आफ्नै आम्दानीबाट प्राप्त बजेट समावेश गरी निर्धारित वार्षिक कार्यक्रमलाई विद्यालय व्यवस्थापन समितिले कार्यान्वयन गर्ने।

३.व्यवस्थापन तथा निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाइने।

४.विद्यालयले वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, अभिलेखीकरण, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चितता सम्वन्धी आवश्यक मापदण्ड तयार गरी लागू गर्ने।

५.विद्यालयले अभिभावक र सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने।

६.स्थानीय सरकारका सम्बन्धित इकाइहरू, समुदाय र गैरसरकारी संस्थाको सहकार्यमा बालबालिकाका लागि पौष्टिक आहार, सरसफाइ र विपत्तिको व्यवस्थापन समबन्धी सीप प्रदान गर्न क्रियाशील संरचना तयार गर्ने।

७.विद्यालयले विद्यार्थीलाई विषयगत सिकाइ, अतिरिक्त क्रियाकलाप, सामुदायिक कार्यमा सहभागिताका लागि आवश्यक जिम्मेवारी तथा कार्ययोजना तयार गर्ने।

५.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

## क) उपलब्धि

१. शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुनेछ ।

### ख) प्रमुख नतिजा

१. शिक्षाका सबै निकाय तथा विद्यालयहरुमा सुशासन प्रवर्द्धन भई बालबालिकाको सिकाई प्रति उत्तरदायी प्रणालीको विकास हुनेछ ।

### ग) प्रमुख क्रियाकलापहरु र लक्ष्य

| क.स. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य (५ बर्ष) | | | | | | भौतिक लक्ष्य ( १० बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | वार्षिक बजेट तथा कार्यक्रम निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | आवश्यक कानुन निर्देशिका तथा कार्यविधिको विकास | पटक | १ | | | | | १ | २ | |
| ३ | कानुन निर्देशिका मापदण्डको प्रवोधिकरण | पटक | १ | | | | | १ | २ | |
| ४ | विद्यालय सुधार योजना निर्माण एवं अद्यावधिक | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | एकीकृत शैक्षिक सूचना प्रणाली सुदृढीकरण | विद्यालय | २२ | २२ | २२ | २२ | २२ | २२ | २२ | |
| ६ | शैक्षिक गुणस्तर सुधार सम्बन्धी अन्तर्रक्रिया | पटक | | १ | | | १ | २ | ४ | |
| ७ | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइ सम्बन्धी कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ८ | सामाजिक परीक्षणको प्रतिवेदनका आधारमा विद्यालयहरुलाई थप सहजीकरण | विद्यालय | २२ | २२ | २२ | २२ | २२ | २२ | २२ | |

## ५.३ अनुगमन तथा मूल्याङ्कन

### ५.३.१ परिचय

शैक्षिक कार्यक्रमहरुको स्रोत तथा साधानको विनियोजित खर्च सही ठाउँ तथा प्रतिफल दिने खालको भएको छ कि छैन भनी अनुगमन तथा मुल्यांकन गर्न जरुरी छ । यसले कार्यक्रमहरुको वर्तमान अवस्था

र प्रगतिको स्थितिको बारेमा जानकारी दिन्छ । अनुगमन तथा मुल्यांकनले शैक्षिक कार्यक्रममा भएको लगानीलाई पारदर्शि, नतिजामुखी, जवाफदेही र उत्तरदायी बनाउन सहयोग गर्दछ । शैक्षिक कार्यक्रमहरूमा स्रोत साधनको विनियोजन,वितरण,लगानीको प्रवाह,कार्यक्रम कार्यान्वयन प्रक्रिया,शैक्षिक क्रियाकलापहरू कार्य तालिका अनुसार कार्यान्वयन,लक्षित प्रतिफल प्राप्ति जस्ता विषयका बारेमा नियमित वा आवधिक रूपमा निगरानी,निरीक्षण, पुनर्निरीक्षण,पर्यवेक्षण एवम जाँचबुझ गर्ने गराउने कार्य अनुगमन हो। यसले कार्यक्रमको प्रगति र वर्तमान स्थितिको बारेमा जानकारी गराउँदछ।

शैक्षिक कार्यक्रमहरूको औचित्यता,सान्दर्भिकता,उपयुक्तता,दक्षता र प्रभावकारिताको सन्दर्भमा व्यवस्थित र उद्देश्यपूर्ण ढङ्गले जाँचबुझ तथा लेखाजोखा गरी मूल्य प्रदान गर्नु मूल्याङ्कन हो। मूल्याङ्कन प्रतिफल र प्रभावसँग बढी केन्द्रित हुन्छ। अनुगमन सामान्यत: कार्यक्रम कार्यान्वयनको चरणमा मात्र गरिन्छ भने मूल्याङ्कन कार्यक्रम सञ्चालनका चरणका साथै कार्यक्रम सम्पन्न भए पश्चात पनि गरिन्छ। अनुगमन र मूल्याङ्कनले शैक्षिक कार्यक्रमहरूमा भएको लगानीलाई पारदशी, नतिजामुखी, जवाफदेही र उत्तरदायीपूर्ण बनाउन सहयोग गर्दछन ।

### ५.३.२ वर्तमान अवस्था

शैक्षिक अनुगमन तथा मूल्याङ्कन कार्य संघीय तहमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्र लगायतका निकायहरूबाट, प्रदेश तहमा सामाजिक विकास मन्त्रालय र प्रदेश शिक्षा विकास निर्देशनालयबाट, जिल्ला स्तरमा शिक्षा विकास तथा समन्वय एकाइबाट र स्थानीय स्तरमा स्थानीय शिक्षा शाखाबाट हुँदै आएको छ। दीगो विकासको शिक्षा सम्बन्धी लक्ष्य नं ४ कार्यान्वयनका लागि तयार गरीएको कार्य ढाँचा, विद्यालय क्षेत्र विकास योजना, चालु आवधिक योजना, नेपाल सरकारको नीति, कार्यक्रम तथा बजेटका लक्ष्य मापनका लागि विकास गरीएका सूचक, जिराभवानी गाउँपालिकाका शिक्षा सम्बन्धि नीति, योजना तथा कार्यक्रमका आधारमा अनुगमन तथा मल्याङ्कन गरीने गरिएको छ। वार्षिक कार्यक्रम कार्यान्वयनको लागि मन्त्रालयद्वारा तयार गरिएको कार्यक्रम कार्यान्वयन पुस्तिकामा वार्षिक कार्यक्रमको अनुगमन सम्बन्धी प्रबन्ध गरिएको छ। विद्यालय, विद्याथी, शिक्षक, कक्षाकोठा तथा पूर्वाधार सम्बन्धी मुख्य सूचना प्राप्तिको आधारको रूपमा शैक्षिक व्यवस्थापन सूचना प्रणाली लाई लिइएको छ। विद्यार्थीको शैक्षिक उपलब्धि, शिक्षक तथा विद्यार्थीको सामाजिक तथा भाषिक पृष्ठभूमि लगायतको विषयमा पनि तथ्याङ्क सङ्कलनको कार्य शुरू गरिएको छ।

शैक्षिक कार्यक्रमहरुमा स्रोत साधनको विनियोजन र वितरण के कसरी भइरहेको छ, लगानीको प्रवाह समुचित ढङ्गले भएको छ वा छैन, कार्यान्वयन प्रक्रियामा त्रुटिहरु छन वा छैनन, शैक्षिक क्रियाकलापहरु निर्धारित कार्य तालिका अनुसार समयमै कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्ति तर्फ उन्मुख भएका छन वा छैन भन्ने कुरा निश्चित गर्न व्यवस्थापनबाट कार्यक्रम कार्यान्वयनको लक्ष्य र प्रगति बारेमा नियमित वा आवधिक रुपमा निगरानी, निरीक्षण, पुनर्निरीक्षण, पर्यवेक्षण गर्ने गराउने कार्य अनुगमन हो । यसले कार्यक्रमको प्रगति र वर्तमान स्थितिको बारेमा जानकारी गराउँदछ । शैक्षिक कार्यक्रमहरुको सान्दर्भिकत, उपयुक्तता, दक्षता प्रभावकारिताको सन्दर्भमा सुव्यवस्थित एवम उद्देश्यपूर्ण ढङ्गले जाँचबुझ तथा लेखाजोखा गर्ने कार्य मूल्याङ्कन हो । मूल्याङ्कन प्रतिफल र प्रभावसँग बढी केन्द्रित हुन्छ । अनुगमन सामान्यत: कार्यक्रम कार्यान्वयनको चरणमा मात्र गरीन्छ भने मूल्याङ्कन कार्यक्रम सञ्चालनका चरणका

साथै कार्यक्रम सम्पन्न भए पश्चात पनि गरीन्छ। विद्यालय र पालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा शैक्षिक योजना निर्माण, कार्यान्वयन तथा समीक्षाको लागि शैक्षिक व्यवस्थापन सूचना प्रणालीको उपयोग गरिएको छ। यसका लागि हाल प्रयोगमा रहेको शैक्षिक सूचना प्रणालीमा सुधार गरी एकीकृत सूचना प्रणालीका माध्यमबाट स्थानीय सरकारले आवश्यक सूचना प्राप्त गर्न सक्ने बनाउनु आवश्यक छ। अनुगमन तथा मूल्याङ्कनका नतिजाका आधारमा कार्यक्रममा सुधार गर्ने परिपाटीलाई व्यवस्थित गर्नु जनि उत्तिकै आवश्यक छ। उल्लिखित विश्लेषणका आधारमा प्रमुख यस योजनामा अनुगमन तथा मूल्याङ्कन सम्बन्धी निम्नलिखित चुनौतीहरू पहिचान गरिएको छ।

१. प्रभावकारी अनुगमन प्रणाली विकास गर्नु।

२. अनुगमन तथा मल्याङ्कन प्रणालीलाई नतिजामुखी बनाउनु।

३. योजना कार्यान्वयनका क्रममा देखिएका चुनौतीहरूलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु

### ५.३.३ उद्देश्य

१. शैक्षिक अनुगमन तथा मूल्याङ्कनका लागि स्थानीय मापदण्डको विकास गरि मापनयोग्य सूचकहरूको निर्धारण र निर्माण गर्ने दक्ष जनशक्ति तथा अनुगमन कर्ताको विकास गर्नु।

२. अनुगमनलाई योजनाबद्ध, नियमित र एकरूपता कायम गरी पर्याप्त साधन स्रोतको प्रबन्ध गर्नु

३. अनुगमन र मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणको उपयोग गर्ने पद्धति विकास र अनुगमनको प्रतिवेदन व्यवस्थित गर्नु।

४. शासकीय संरचना फेरिएसँगै विद्यालय निरीक्षण र सुपरीवेक्षणको काम संगठित गर्नु।

५. तीनै तहका सरकारबिच अनुगमन र मूल्याङ्कनमा सहकार्य र समन्वय गरी एकीकृत प्रतिवेदन प्रणालीको विकास गर्नु।

६. सामूहिक अनुगमन तथा मूल्याङ्कन प्रणालीको सुनश्चितता गर्दै यसमा सूचना तथा प्रविधिको उपयोगमा व्यापकता दिनु।

७. अनुगमन तथा मूल्याङ्कन कार्यलाई निष्पक्ष, भरपदी र विश्वासनीय बनाउनु।

८. योजनाको प्रारम्भदेखि प्रभाव तहसम्मको मूल्याङ्कन गर्न सहयोग गर्नु।

### ५.३.४ रणनीतिहरु

१. अनुगमन तथा मूल्याङ्कन को संयन्त्र निर्माण गरी उपयोग गर्ने

२. अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन कार्यलाई व्यवस्थित र प्रभावकारी वनाउन प्रविधिको प्रयोग र सञ्जालीकरण गर्ने

३. शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई थप सुदृढीकरण गरी आवश्यक सूचकसहित स्वचालित बनाउने

४. स्थानीय सूचकहरूलाई राष्ट्रिय सूचना प्रणालीमा आवद्ध गर्ने प्रणालीको विकास गर्ने

५. शिक्षाका सबै कार्यक्रम, योजना, परियोजनाहरुको अनुगमन मूल्याङ्कन प्रतिवेदन वेभसाइटमा आधारित एकीकृत शैक्षिक सूचना प्रणाली सञ्चालनमा ल्याउने

६. विद्यार्थी उपलब्धि परीक्षण र विद्यालय कार्य सम्पादन परीक्षणलाई व्यवस्थित र नियमित गरीने

७. सहभागितामूलक र नतिजामुखी अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यान्वयन गरीने

८. शैक्षिक योजना तथा कार्यान्वयनहरुको नियमित, आवधिक, मध्यावाधिक र अन्तिम मूल्याङ्कन प्रणाली कायम गर्ने

९. सिकाइको अनुगमन, सुपरीवेक्षण तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउन कार्य स्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरीवेक्षण र प्रतिवेदन प्रणालीको विकास गर्ने

५.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धि**

१. प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनका समस्या तथा चुनौतीहरु सम्वोधन गरि अपेक्षित उपलब्धि हासिल हुने र आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त भएको हुने।

**ख) प्रमुख नतिजा**

१. अनुगमन तथा मूल्याङ्कनका आधारमा नतिजा सुधार, संस्थागत संरचना र क्षमता विकास, कार्य सम्पादन परीक्षण व्यवस्थित एवम प्रभावकारी र कार्यक्रमहरुको उपलब्धि तथा प्रभावको आवधिक मूल्याङ्कन हुने ।

**ग) प्रमुख क्रियाकलापहरु र लक्ष्य**

| क.स. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य (५ बर्ष) | | | | | | भौतिक लक्ष्य ( १० बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | अनुगमन तथा मुल्यांकन संयन्त्र निर्माण | पटक | १ | | | | १ | २ | ३ | |
| २ | अनुगमन तथा मुल्यांकन मार्गदर्शन निर्माण | पटक | १ | | | | | १ | २ | |
| ३ | मार्गदर्शन प्रवोधीकरण | पटक | १ | | | | | १ | २ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | नतिजामा आधारित अनुगमन तथा मुल्यांकन प्रणाली कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरु तयार तथा अद्यावधिक गर्ने | पटक | १ | | १ | | १ | ३ | ५ | |
| ६ | स्थानीय तहले आफुले कार्यान्वयन गरेका कार्यक्रमहरुको अनुगमन गर्ने | पटक | २ | २ | २ | २ | २ | १० | २५ | |
| ७ | कार्यक्रम कार्यान्वयनको चौमासिक तथा बार्षिक समिक्षा तथा प्रतिवेदन तयार गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ८ | स्थिति प्रतिवेदन तयार गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ९ | विद्यालय कार्यसम्पादन एवम् स्वमुल्यांकन गर्ने, गराउने । | विद्यालय | २२ | २२ | २२ | २२ | २२ | २२ | २२ | |

# परिच्छेद छः लगानी र स्रोत व्यवस्थापन

## ६.१ परिचय

आर्थिक तथा सामाजिक परिवर्तनका लागि शिक्षाको भूमिका अहम हुन्छ। सभ्य समाज र समृद्ध राष्ट्र निर्माणका लागि व्यक्ति, समुदाय र सरकारले बालवालिकाको शिक्षामा प्राथमिकताका साथ लगानी गर्नु आवश्यक छ। दक्ष, सीपयुक्त र गुणस्तरीय मानव संसाधनको विकास गर्न नै शिक्षामा लगानी गरिएको हो। शिक्षामा गरिने लगानीले व्यक्ति, समाज र राष्ट्रको दीर्घकालीन विकासका लागि सहयोग गर्दछ।

राष्ट्रिय आकांक्षालाई मध्यनजर गर्दै नेपाल सरकार र समुदायबाट विगत केही दशकदेखि शिक्षा क्षेत्रमा लगानीलाई विस्तार गरीएको छ। शिक्षामा गरीने लगानीले समाजको आकांक्षा, आवश्यकता, मान्यता र दीगो विकासको लक्ष्यका लागि कार्य गर्नु पर्दछ। संवैधानिक व्यवस्था वमोजिम विद्यालय शिक्षा सञ्चालनको मूल जिम्मेवारी स्थानीय तहको भए तापनि शिक्षा साझा सूचीको विषय रहेकोले शिक्षाको वित्तीय व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तहका साथै समुदाय र नीजिक्षेत्रको समेत साझेदारी आवश्यकता पर्दछ।यस सन्दर्भमा शिक्षा क्षेत्रको यो योजना कार्यान्वयनका लागि लगानी तथा स्रोत व्यवस्थापन सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरी यसमा देखिएका चुनौतीहरू उल्लेख गरीएको छ। पहिचान गरीएका चुनौतीहरूको सामना गर्दै वित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि यसका उद्देश्य तथा रणनीतिहरू प्रस्तुत गरी स्रोतको आकलन तथा लगानीका क्षेत्र र लागत अनुमान गरिएको छ।

## ६.२ वर्तमान अवस्था

जिराभवानी गाउँपालिकाको आ.व. २०७७/७८ को कूल बजेट मध्ये करिब २ प्रतिशत शिक्षा क्षेत्रमा कार्यक्रम तथा परियोजना अन्तर्गतको बजेट विनियोजन गरेको छ। शिक्षामा लगानी बढाउनु पर्छ भन्ने विषयमा सैद्धान्तिक रूपमा राजनीतिक तहमा र नेपालका नीतिगत दस्तावेजहरूमा सहमति देखिन्छ। सबैको धारणा लगानी बढाउने कुरामा एकै हुनुलाई लगानी वृद्धि गर्ने प्रयासको महत्वपूर्ण आधार मान्न सकिन्छ।नेपालका सबैजसो राजनीतिक दलको राष्ट्रिय तहको चुनावी घोषणापत्रमा कूल राष्ट्रिय बजेटको कम्तीमा २० प्रतिशत शिक्षामा लगानी गरीने कुरा उल्लेख गरिएको छ।

### शिक्षामा राज्यको लगानीको अवस्था

नेपालमा वि. सं. २०४९/५० मा शिक्षामा राज्यको लगानी कूल राष्ट्रिय बजेटको करिब ८.५ प्रतिशत मात्र रहेकोमा सबैको लागि शिक्षा अभियान (सन १९९० को दशक) सँगै आ.व. २०६७/६८ मा आइपुग्दा यो प्रतिशत १७.१ पुगेको थियो।कूल गार्हस्थ उत्पादनसँग शिक्षा क्षेत्रको बजेट तुलना गर्दा वि सं. २०५५ देखि २०७५ सम्मको अवधिमा नेपाल सरकारको शिक्षामा लगानी कूल गार्हस्थ उत्पादनको औसत ३.७ प्रतिशत रहेको थियो। विगत एक दशक अवधिमा सरकारबाट कूल राष्ट्रिय बजेटको औसत १३.२ प्रतिशत बजेट शिक्षा क्षेत्रमा लगानी भएको पाइन्छ। नेपालमा शिक्षाको लगानीमा वैदेशिक सहायताको पनि महत्त्वपूर्ण अंश रहेको छ। विगत ५ वर्षमा शिक्षा क्षेत्रको बजेट तथा उक्त बजेटमा वैदेशिक सहायताको अवस्था हेर्दा कूल शिक्षा बजेटको औसत १०.६८ प्रतिशत वैदेशिक सहायताको रहेको छ। विगत ५ वर्षको शिक्षा क्षेत्रको बजेट देहायअनुसार रहेको छ ।

| आ.व. | शिक्षा बजेट | बैदेशिक सहायता रकम | बैदेशिक सहायता प्रतिशत | वार्षिक बजेट बृद्धि प्रतिशत | शिक्षा बजेटमा गार्हस्थ उत्पादनको प्रतिशत | कुल संघीय बजेटमा शिक्षा जेटको अंश |
|---|---|---|---|---|---|---|
| २०७३/७४ | ११,६३६ | १०३४ | ८.८८ | १७.९६ | ४.१ | ११.१ |
| २०७४/७५ | १२,६६४ | १०९६ | ८.६५ | ८.८४ | ४.२ | ९.९ |
| २०७५/७६ | १३,४५१ | १२८७ | ९.५७ | ६.२१ | ४.१ | १०.२ |
| २०७६/७७ | १६,३७६ | १७४६ | १०.६६ | २१.७४ | ४.४ | १०.६ |
| २०७७/७८ | १७१७१ | २४५१ | १४.२८ | ४.८६ | ४.३ | ११.७ |

## शिक्षामा निजी लगानी

नेपालमा निजी क्षेत्रबाट सञ्चालित संस्थागत विद्यालमा पढ्ने विद्याथी सङ्ख्या कूल विद्याथी सङ्ख्याको २५ प्रतिशतभन्दा वढी रहेको छ। प्रारम्भिक बालविकास शिक्षामा ५० प्रतिशत भन्दा बढी बालबालिका निजी क्षेत्रबाट सञ्चालित विद्यालयमा रहेका छन । निजी क्षेत्रबाट सञ्चालित शिक्षण संस्थामा सरकारी लगानी प्रत्यक्ष रूपमा नभए पनि प्रशासनिक र व्यवस्थापकीय कार्यमा सहयोग तथा सहजीकरण र नियमनका पक्षमा सरकारको भूमिका रहेको छ।

नेपालमा प्रति विद्यार्थी लगानीको तुल्नात्मक अवस्था (स्रोत: NCE Nepal)

| शिक्षाको तह | प्रति विद्यार्थी लगानी रु. | | कैफियत |
|---|---|---|---|
| | सार्वजनिक | नीजि | |
| बालविकास शिक्षा | ३६०२ | १७,३३६ | |
| प्राथमिक तह (१-५) | ११,५३६ | २०,२५४ | |
| आधारभूत तह (६-८) | ११,२५१ | १९,९८४ | |
| माध्यमिक तह (९-१०) | १०,६८१ | ३१,६९६ | |
| माध्यमिक तह (११-१२) | १६,५५६ | ३५,७५२ | |

शिक्षामा आवश्यक पर्ने वित्तीय स्रोत जुटाउने, स्रोतको विनियोजन गर्ने, विनियोजित स्रोतको प्रवाह गर्ने र उपलब्ध स्रोतको उपयोग गर्ने भन्ने विषयमा ध्यान पुग्दछ। उल्लिखित जानकारी तथा विश्लेषणको आधारमा देहाय बमोजिमका चुनौतीहरू पहिचान गरीएको छ -

१.शिक्षासम्बन्धी अन्तर्राष्ट्रिय परिवेश, स्थापित मल्य र मान्यता, संवैधानिक प्रत्याभूति, राज्यले अख्तियार गरेका नीतिलाई उचित रूपमा सम्वोधन गर्न विद्यालय शिक्षा क्षेत्रमा लगनी वृद्धि र दीगो स्रोत व्यवस्थापन गर्ने।

२.संघीय संरचनाअनुसार संघ, प्रदेश र स्थानीय तह विचको शिक्षाको लगानी मापदण्ड र वित्तीय स्रोत हस्तान्तरणको उपयुक्त माध्यम निर्धारण गरी तीनै तहका सरकारलाई शिक्षामा लगानीको लागि जिम्मेवार बनाउने।

३.संवैधानिक मार्गदर्शन तथा नीति अनुरूप निजी क्षेत्रबाट शिक्षामा गरीने लगानीको व्यवस्थापन र स्वरूप निर्धारण गरी सार्वजनिक सेवा, सामाजिक दायित्व वा सेवामूलक व्यवसायको रूपमा विकास गर्ने।

४.प्राविधिक तथा व्यावसायिक शिक्षामा विद्यार्थी अनुपात बनाउने सरकारको प्रतिवद्धता कार्यान्वयन गर्न आवश्यक पर्ने वित्तीय स्रोत पहिचान र परिचालन पद्धति सुनिश्चित गर्ने।

५.वैदेशिक सहायतता प्राप्ति, परिचालन, घट्दै गएको वैदेशिक सहायतालाई बढाउन र त्यसको दीगोपना सुनिश्चित गर्ने।

६.आधुनिक प्रविधि विशेष गरी सूचना तथा सञ्चार प्रविधिमैत्री शिक्षण सिकाइ सञ्चालन गर्न आवश्यक स्रोतको व्यवस्था गर्ने।

७. शिक्षा क्षेत्रका विभिन्न उपक्षेत्रहरू: प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, उच्च शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा र अनौपचारिक तथा निरन्तर शिक्षामा सरकारी लगानीको संरचना (प्राथमिकता र प्रतिशत) निर्धारण गर्ने।

८.विद्यार्थीको सिकाइ तथा कुशलतामा केन्द्रित भई गुणस्तर अभिवृद्धि गर्न आवश्यक पर्ने गरी लगानी गर्न स्रोत व्यवस्थापन गर्ने।

९.शिक्षामा समता तथा समावेशिता सुधार गरी आर्थिक रूपले विपन्न, सुविधाविहिन, विभिन्न कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूको पहुँच, सहभागिता र गुणस्तरीय सिकाइ सुनिश्चित गर्न पर्याप्त लगानी प्राप्त गर्ने।

१०.गैरसरकारी क्षेत्रको लगानी, सामुदायिक सहभागिता र अभिभावकको लगानीलाई अभिलेखीकरण र प्रोत्साहन गर्ने

११.वित्तीय व्यवस्थापनक कार्यकुशल बउनाउन व्यक्ति, संस्था र पद्धतिको क्षमता विकास गर्ने

१२.वित्तीय गतिविधिलाई पारदशी, जवाफदेही, सरलीकृत गरी वित्तीय सुशासन कायम गर्न।

**६.३ उद्देश्य**

योजनाको वित्तीय व्यवस्थापनका प्रमुख उद्देश्यहरू देहायअनुसार रहेका छन :

१. योजना अवधिका लागि विद्यालय शिक्षामा आवश्यक स्रोतको प्रक्षेपण गर्नु।

२. विद्यालय शिक्षा सम्बन्धी पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु।

३. उपलब्ध सम्भावित स्रोतका आधारमा पहिचान गरीएका कार्यक्रमको प्राथमिकता निर्धाण गरी कार्यक्रमगत वजेट निर्धारण गर्नु।

४. खर्चको प्रक्रिया, तीनै तहका सरकारको भूमिका र दायित्व स्पष्ट गर्नु।

५. लगानीको उपयोगको अवस्था जानकारी लिने विधि र प्रक्रिया उपयुक्त (प्रतिवेदन पद्धति) प्रस्तुत गर्नु र जवाफदेहिता स्पष्ट गर्नु।

## ६.४ रणनीतिहरू

योजनाको वित्तीय व्यवस्था सम्बन्धी रणनीतिहरू देहाय बमोजिम हुनेछन ।

१. विद्यालय शिक्षाको लागि कानूनमा तोकिए अनुसारको आर्थिक दायित्व तीनै तहका सरकारहरू विचको लागत साझेदारीमा हुनेछ। यसका लागि कम्तीमा संघीय सरकारको शिक्षा क्षेत्रको लगानीको अनुपातमा प्रदेश तथा स्थानीय सरकारले आ आफ्नो स्रोतबाट थप लगानी हुने अपेक्षा गरिने।

२. शिक्षामा सरकारी अनुदान खर्चको जिम्मेवारी स्थानीय तहको भएकोले आफ्नो तह भित्रको लक्षित शैक्षिक पहुँच र सहभागिता एवम गुणस्तर सुनिश्चित गर्न स्थानीय तहलाई जवाफदेही हुने पद्धति विकास गर्ने।

३. सरकारबाट प्रदान गरीने स्रोतको उपयोग गर्ने प्रमुख एकाइ विद्यालय भएकाले लक्षित गुणस्तर सुनिश्चित गर्ने जवाफदेहिता विद्यालयको हुनेछ।

४. शिक्षामा सार्वजनिक लगानी वृद्धि गरी कूल गार्हस्थ उत्पादनको ७ प्रतिशत र तिनै तहका सरकारबाट कूल बजेटको वार्षिक रूपमा २० प्रतिशत पुर्‍याइने छ।

५. नेपालको वैदेशिक सहायता नीतिअनुरुप शिक्षाको बजेटमा हुने न्यूनता पूरा गर्नका लागि निश्चित लक्ष्य हासिल गर्न बाह्य स्रोतको परिचालन गरिनेछ।

६. उपागम को अवधारणा अनुसार कार्यक्रम खर्च तथा नतिजामा आधारित खर्च गरिनेछ।

७. सार्वजनिक सेवा ,सामाजिक दायित्व वा सेवामूलक व्यवसायका रूपमा विकास गरिनेछ।

८. मापदण्डका आधारमा शिक्षामा निजी तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रवर्धन गरीने छ भने निजी क्षेत्रले सार्वजनिक सेवा ,सामाजिक दायित्त्व वा सेवामूलक व्यवसायका रूपमा रहने गरी विद्यालय शिक्षा सञ्चालन गर्न व्यवस्था गरिनेछ।

९. अवस्था र आवश्यकताका आधारमा समानीकरण, समपुरक, शसर्त र विशेष अनुदानको अवलम्वन र उपयोग गरिनेछ।

१०. मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्वन गरिनेछ।

## ६.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

### उपलब्धि

शिक्षामा स्रोतको दिगो व्यवस्थापन भै शैक्षिक पहँच, समता, गुणस्तर र क्षमता विकासमा उल्लेख्य प्रगति भएको हुनेछ । वित्तीय व्यवस्थापनमा क्षमता सुधार भई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ हनेछ ।

**नतिजा**

१. योजना अवधिका लागि विद्यालय शिक्षामा आवश्यक स्रोतको व्यवस्थापन हुनेछ ,

२. विद्यालय शिक्षा सम्बन्धी पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोतको पहिचान भइ कार्यान्वयन हुनेछ

३. उपलब्ध सम्भावित स्रोतका आधारमा पहिचान गरिएका कार्याक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत बजेट निर्धारण हुनेछ

४. खर्च कार्यान्वयन प्रक्रियामा स्थानीय तहको भूमिका र दायित्व स्पष्ट हुने

**प्रमुख क्रियाकलापहरु र लक्ष्य निर्धारण**

क. संघीय सरकारबाट विद्यालय शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट

| क्र. स. | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक बर्ष | | | | | ५ बर्षको जम्मा | १० बर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | | |
| १ | प्रारम्भिक बाल विकास र शिक्षा | ५८.४ | ६५ | ७२ | ७५ | ८० | ३५०.४ | ७००.९ |
| २ | आधारभूत शिक्षा | ३१५ | ३५० | ३६५ | ३७५ | ३८५ | १७९० | ३५८० |
| ३ | माध्यमिक शिक्षा | ६० | ७५ | ८६ | ९५ | ९५ | ४११ | ८२२ |
| ४ | पाठ्यक्रम तथा मूल्याङ्कन | ३०.६ | ३५ | ३७ | ३८ | ४० | १८०.६ | ३६१.१ |
| ५ | शिक्षक व्यवस्थापन र विकास | | २५ | ३० | ३६ | ४२ | १३३ | २६६ |
| ६ | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइ | | २० | २० | २० | २० | ८० | १६० |
| ७ | प्राविधिक तथा व्यवसायिक शिक्षा | | १० | १२ | १५ | १५ | ५२ | १०४ |
| ८ | शैक्षिक समता र समावेशीकरण | ९.९ | १० | १० | १२ | १५ | ५६.९ | ११३.८ |
| ९ | दिवा खाजा सहित स्वास्थ्य तथा पोषण कार्यक्रम | ९५.९ | १०० | ११० | ११५ | १२० | ५४०.९ | १०८१.७ |
| १० | आपतकालिन तथा संकटपुर्ण अवस्थामा शिक्षा | ४ | ४ | ४ | ५ | ५ | २२ | ४४ |
| ११ | छात्रवृत्ति | १३.५ | १५ | १६ | १६ | १७ | ७७.५ | १५५ |
| १२ | विद्यालय भौतिक पूर्वाधार विकास | | १०० | १०० | १०० | १०० | ४०० | ८०० |
| १३ | विद्यालयमा सूचना तथा संचार प्रविधि | २१ | २२ | २३ | २५ | २५ | ११६ | २३१.९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १४ | संस्थागत क्षमता विकास | ३९.८ | ४० | ४० | ४२ | ४५ | २०६.८ | ४१३.५ |
| | जम्मा रु.लाखमा | ६४८ | ८७१ | ९२५ | ९६९ | १००४ | ४४१७ | ८८३४ |

ख. प्रदेश सरकारबाट विद्यालय शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट

| क्र.स. | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक बर्ष | | | | | ५ बर्षको जम्मा | १० बर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | | |
| १ | प्रारम्भिक बाल विकास र शिक्षा | २ | ३ | ३ | ५ | ५ | १८ | ३६ |
| २ | आधारभूत शिक्षा | ५ | १० | १० | १० | १२ | ४७ | ९४ |
| ३ | माध्यमिक शिक्षा | ५ | १० | १२ | १४ | १५ | ५६ | ११२ |
| ४ | पाठ्यक्रम तथा मूल्याङ्कन | ५ | ६ | ६ | ७ | ७ | ३१ | ६२ |
| ५ | शिक्षक व्यवस्थापन र विकास | ५ | ५ | ६ | ६ | ६ | २८ | ५६ |
| ६ | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइ | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० |
| ७ | प्राविधिक तथा व्यवसायिक शिक्षा | | ५ | ५ | ५ | ८ | २३ | ४६ |
| ८ | शैक्षिक समता र समावेशीकरण | १ | १ | २ | २ | २ | ८ | १६ |
| ९ | दिवा खाजा सहित स्वास्थ्य तथा पोषण कार्यक्रम | ५ | ८ | ८ | १० | १२ | ४३ | ८६ |
| १० | आपतकालिन तथा संकटपुर्ण अवस्थामा शिक्षा | २ | ३ | ३ | ३ | ३ | १४ | २८ |
| ११ | छात्रवृत्ति | २ | २ | २ | २ | २ | १० | २० |
| १२ | विद्यालय भौतिक पूर्वाधार विकास | १० | १५ | १५ | १५ | १५ | ७० | १४० |
| १३ | विद्यालयमा सूचना तथा संचार प्रविधि | ३ | ३ | ४ | ४ | ५ | १९ | ३८ |
| १४ | संस्थागत क्षमता विकास | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० |
| | जम्मा रु.लाखमा | ५१ | ७७ | ८२ | ८९ | ९८ | ३९७ | ७९४ |

ग. स्थानीय तहबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट

| क्र.स. | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक बर्ष | | | | | ५ बर्षको जम्मा | १० बर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | | |
| १ | प्रारम्भिक बाल विकास र शिक्षा | ४५ | ५० | ५० | ५० | ५५ | २५० | ५०० |
| २ | आधारभूत शिक्षा | ५ | ५ | ६ | ८ | १० | ३४ | ६८ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | माध्यमिक शिक्षा | ४ | ५ | ५ | ६ | ७ | २७ | ५४ |
| ४ | पाठ्यकम तथा मूल्याङ्कन | २ | ३ | ४ | ५ | ५ | १९ | ३८ |
| ५ | शिक्षक व्यवस्थापन र विकास | २५ | २७ | २८ | ३० | ३० | १४० | २८० |
| ६ | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइ | | ५ | ५ | ५ | ५ | २० | ४० |
| ७ | प्राविधिक तथा व्यवसायिक शिक्षा | | १० | १० | १५ | १५ | ५० | १०० |
| ८ | शैक्षिक समता र समावेशीकरण | | ५ | ५ | ५ | ५ | २० | ४० |
| ९ | दिवा खाजा सहित स्वास्थ्य तथा पोषण कार्यकम | | ५ | ५ | ६ | ६ | २२ | ४४ |
| १० | आपतकालिन तथा संकटपुर्ण अवस्थामा शिक्षा | ३ | ४ | ४ | ४ | ५ | २० | ४० |
| ११ | छात्रवृत्ति | ५ | ७ | ७ | ८ | ८ | ३५ | ६९ |
| १२ | विद्यालय भौतिक पूर्वाधार विकास | ४० | ५० | ५० | ९५ | १०० | ३३५ | ६७० |
| १३ | विद्यालयमा सूचना तथा संचार प्रविधि | | ३ | ३ | ३ | ४ | १३ | २६ |
| १४ | संस्थागत क्षमता विकास | ५ | ५ | ५ | ५ | ६ | २६ | ५१ |
| जम्मा रु.लाखमा | | १३४ | १८४ | १८७ | २४५ | २६१ | १०१० | २०२० |

घ. अन्य संघ संस्थाहरुबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट

| क्र.स. | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक बर्ष | | | | | ५ बर्षको जम्मा | १० बर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | | |
| १ | प्रारम्भिक बाल विकास र शिक्षा | २ | २ | ५ | ५ | ५ | १९ | ३८ |
| २ | आधारभूत शिक्षा | ३ | ५ | ५ | ५ | ५ | २३ | ४६ |
| ३ | माध्यमिक शिक्षा | | २ | २ | २ | २ | ८ | १६ |
| ४ | पाठ्यकम तथा मूल्याङ्कन | | १ | २ | २ | २ | ७ | १४ |
| ५ | शिक्षक व्यवस्थापन र विकास | | १ | १ | १ | १ | ४ | ८ |
| ६ | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइ | | | २ | २ | २ | ६ | १२ |
| ७ | प्राविधिक तथा व्यवसायिक शिक्षा | | | २ | २ | २ | ६ | १२ |
| ८ | शैक्षिक समता र समावेशीकरण | २ | २ | २ | २ | २ | १० | २० |
| ९ | दिवा खाजा सहित स्वास्थ्य तथा पोषण कार्यकम | | | ३ | ३ | ३ | ९ | १८ |
| १० | आपतकालिन तथा संकटपुर्ण अवस्थामा शिक्षा | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ११ | छात्रवृत्ति | | २ | २ | २ | २ | ८ | १६ |
| १२ | विद्यालय भौतिक पूर्वाधार विकास | | | | | | ० | ० |
| १३ | विद्यालयमा सूचना तथा संचार प्रविधि | २ | २ | २ | २ | २ | १० | २० |
| १४ | संस्थागत क्षमता विकास | | १ | १ | १ | १ | ४ | ८ |
| जम्मा रु.लाखमा | | १२ | २१ | ३२ | ३२ | ३२ | १२९ | २५८ |

# परिच्छेद सातः मुख्य उपलब्धि सूचकहरु

## ७.१ परिचय

शिक्षा क्षेत्रको योजनाले लिएको दूरदृष्टि, दीर्घकालीन सोच, उद्देश्य तथा रणनीतिहरूका आधारमा योजनाको प्रभाव वा गन्तव्य पहिचान गरेको छ। यस योजनामा गन्तव्यमा पुग्नका लागि आवश्यक उपलब्धि तथा यसका सूचकहरू निर्धारण गरी पहिलो पाँच वर्षका लागि प्रत्येक वर्षको नतिजा आकलन गरीएको छ भने दश वर्षमा हुने नतिजाको पनि प्रक्षेपण गरीएको छ। नतिजा खाकामा उपलब्धि, उपलब्धि सूचकहरू तथा तिनको सङ्ख्यात्मक मान, सूचना प्राप्त हुने स्रोत तथा जिम्मेवारी समेत उल्लेख गरिएको छ।

नतिजा खाका आवधिक योजनाको उपलब्धि मापन गर्ने सङ्ख्यात्मक साधन हो। जसबाट योजनाका समग्र तथा उपक्षेत्रगत उपलब्धि मापन गर्न सकिन्छ। यसले वार्षिक योजना निर्माणका लागि आधार सिर्जना गर्नका साथै अनुगमन तथा मूल्याङ्कनको मापदण्ड निर्धारण गर्न सहयोग गर्दछ। यसबाट योजनाका अपेक्षित उपलब्धिका लागि पृष्ठपोषण प्राप्त भई नतिजा प्राप्तिलाई सहयोग पुग्दछ। नतिजा खाकाले विद्यालय तथा समस्त विद्यालय शिक्षा प्रणालीलाई नतिजाप्रति जवाफदेही बनाउन सहयोग गर्दछ।यस परिच्छेदमा योजनाको समग्र खाकाअन्तर्गत अपेक्षित प्रभावको आँकलन, उपलब्धिहरू तथा उपलब्धिका सूचकहरू समावेश गरीएको छ। त्यसै गरी यसमा मुख्य कार्यसम्पादन सूचकहरू तथा कार्यक्रम नतिजा ढाँचा पनि प्रस्तुत गरिएको छ।

## ७.२ योजनाको समग्र नतिजा खाका

शिक्षा क्षेत्रको योजनाको कार्यान्वयनवाट अपेक्षा गरिएका समग्र नतिजा खाका अन्तर्गत देशको आर्थिक तथा सामाजिक विकासमा यसको प्रभाव वा गन्तव्य उल्लेख गरिएको छ। त्यसै गरी योजनाको तत्कालीन, मध्यकालीन र दीर्घकालीन तथा उपलब्धिहरू उल्लेख गरीएको छ भने उपलब्धिका नतिजाका सूचकहरू तथा नतिजा सत्यापनका स्रोत तथा तरिकाहरू पनि उल्लेख गरिएको छ। यस पछिका दुई तालिकामा (तालिका ७.१ र ७.२) नतिजाका प्रमुख सूचकहरूका मुख्य कार्यसम्पादन सूचकहरू र कार्यक्रम नतिजा सूचकहरू समावेश गरिएको छ।

### तत्कालीन उपलब्धि

तालिका ७.१ योजनाको समग्र नतिजा, नतिजा खाका अपेक्षित प्रभाव तथा उपलब्धिहरू

| क्र.सं. | उपलब्धि | नतिजा सूचक | स्रोत तथा तरिका |
|---|---|---|---|
| १ | निशुल्क तथा अनिवार्य आधारभूत शिक्षाको पूर्ण कार्यान्वयन | • प्रमुख कार्य सम्पादन सूचकहरु,<br>• कार्यक्रम नतिजा सूचकहरु | • एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली,<br>• वार्षिक स्थिति, अनुगमन, प्रगति प्रतिवेदन, |
| २ | पोषणयुक्त दिवा खाजा | | |
| ३ | घुम्ती पुस्तकालय सञ्चालन | | |
| ४ | स्थानीय पाठ्यक्रम कार्यान्वयन | | |
| ५ | निरक्षरहरुको विवरण संकलन | | |

| | | | |
|---|---|---|---|
| ६ | विद्यालयमा सूचना तथा संचार प्रविधिको विकास | | • वार्षिक परीक्षको नतिजा विश्लेषण |
| ७ | विद्यालयको मर्मत सम्भार | | |
| ८ | इपुस्तकालय अद्यावधिक र विस्तार | | |

**मध्यकालीन उपलब्धि**

| क्र.सं. | उपलब्धि | नतिजा सूचक | स्रोत तथा तरिका |
|---|---|---|---|
| १ | प्राविधिक धारको स्तर उन्नती | • प्रमुख कार्य सम्पादन सूचकहरु,<br>• कार्यक्रम नतिजा सूचकहरु | • एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली,<br>• वार्षिक स्थिति, अनुगमन, प्रगति प्रतिवेदन,<br>• वार्षिक परीक्षको नतिजा विश्लेषण |
| २ | स्वयम सेवक शिक्षक तयारी | | |
| ३ | जीवनपर्यन्त सिकाइका लागि सामग्री विकास | | |
| ४ | वगीय आधारमा छात्रवृत्ति वितरण | | |
| ५ | प्राथमिक उपचार वाकस | | |
| ६ | विद्यालयमा सूचना तथा संचार प्रविधिको विकास | | |

**दीर्घकालीन उपलब्धि**

| क्र.सं. | उपलब्धि | नतिजा सूचक | स्रोत तथा तरिका |
|---|---|---|---|
| १ | सबै वालवालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक वालविकास तथा शिक्षाको अवसर सुनिश्चित गरीने। | • प्रमुख कार्य सम्पादन सूचकहरु,<br>• कार्यक्रम नतिजा सूचकहरु | • एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली,<br>• वार्षिक स्थिति प्रतिवेदन,<br>• बार्षिक अनुगमन प्रतिवेदन, |
| २ | अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा प्रविधियुक्त पहुँच, सहभागिता र गुणस्तर अभिवृद्धि हुने। | | |
| ३ | माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने। | | |
| ४ | सुरक्षित र उपयुक्त भौतिक पूर्वाधार सहितको उच्च शिक्षामा अध्ययन गर्ने अवसर हुने। | | |

| | | | |
|---|---|---|---|
| ५ | विद्यालय तहमा रहेको आधारभूत तहको स्थानीय पाठ्यक्रम सान्दर्भिक तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भई दैनिक जीवनका लागि आवश्यक व्यवहार कुशल तथा जीवनोपयोगी सीपहरू समावेश हुने स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञान, सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरीक तयार गर्न सहयोग हुने। | | • विभिन्न तहमा बार्षिक प्रगति प्रतिवेदन,<br>• वार्षिक परीक्षको नतिजा विष्लेषण |
| ६ | प्रविधिमैत्री, क्षमतावान र सक्षम शिक्षकको व्यवस्था भई विद्याथीको सिकाइमा सुधार हुने। | | |
| ७ | सबै नागरीकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त हुने। | | |
| ८ | विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षा निश्चित हुने। | | |
| ९ | विद्यालयमा अध्ययन गर्ने सबै बालवालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, स्वच्छ खानेपानी तथा सरसफाइ प्रति सचेत हुने। | | |
| १० | आर्थिक अभावका कारणले कुनैपनि बालबालिका शिक्षाको अवसरबाट बञ्चित नहुने। | | |
| ११ | हरेक परिस्थितिमा बालबालिकाको सुरक्षा सहित शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गरीने। | | |
| १२ | सबै विद्याथीहरूलाई सुरक्षित र उपयुक्त भौतिक वातावरणमा अध्ययन गर्ने अवसर हुने। | | |
| १३ | समुदाय तथा विद्यालयमा सूचना तथा सञ्चार प्रविधि मैत्री वातावरण निर्माण भई विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार ल्याइ सुशासन प्रवर्धन हुने। | | |
| १४ | शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीमा विकास हुने। | | |
| १५ | प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनका समस्या तथा चुनौतीहरु सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल हुने र आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुने। | | |

## ७.३ मुख्य कार्य सम्पादन सूचकहरु

| क.स | सूचक | लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | आधार बर्ष २०७८ | २०७९ | २०८० | २०८१ | २०८२ | २०८३ | २०८८ |
| **१.प्रारम्भिक बाल विकास र शिक्षा** | | | | | | | | |
| १.१ | प्रारम्भिक बाल विकास र शिक्षामा कुल भर्ना दर | ४६ | ५१.९ | ५७.८ | ६३.७ | ६९.६ | ७५.५ | १०५ |
| १.२ | प्रारम्भिक बाल विकास र शिक्षाको अनुभव लिई कक्षा १ मा भर्ना भएका बालबालिका | ७२.६ | ७५.३ | ७८.१ | ८०.८ | ८३.६ | ८६.३ | १०० |
| **२.आधारभूत शिक्षा (कक्षा १-८)** | | | | | | | | |
| २.१ | कक्षा १ मा भर्ना भएका बालबालिकाको खुद भर्ना दर | ९७.४३ | ९७.७ | ९७.९ | ९८.२ | ९८.५ | ९८.७ | १०० |
| २.२ | कक्षा १ मा भर्ना भएका बालबालिकाको कुल प्रवेश दर | ११६.१ | ११४.४ | ११२.८ | १११.२ | १०९.६ | १०८.० | १०० |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर | ९७.७ | ९७.९ | ९८.२ | ९८.४ | ९८.६ | ९८.९ | १०० |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कुल भर्ना दर | १०२.३ | १०२.१ | १०१.८ | १०१.६ | १०१.४ | १०१.२ | १०० |
| २.५ | आधारभूत तहको कक्षा ५ को खुद प्रवेश दर | N/A | ८६.५ | ८८.० | ८९.५ | ९१.० | ९२.५ | १०० |
| २.६ | आधारभूत तहको कक्षा ५ को कुल प्रवेश दर | N/A | ९१.० | ९२.० | ९३.० | ९४.० | ९५.० | १०० |
| २.७ | आधारभूत तहको कक्षा ५ सम्मको टिकाउ दर | ८१.४५ | ८३.३ | ८५.२ | ८७.० | ८८.९ | ९०.७ | १०० |
| २.८ | आधारभूत तह (प्राथमिक कक्षा ५) पुरा गर्ने दर | ९२.३८ | ९३.० | ९३.७ | ९४.४ | ९५.० | ९५.७ | ९९ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २.९ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका प्रतिशत | | ४.६ | ४.१ | ३.७ | ३.२ | २.८ | २.३ | ० |
| २.१० | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कुल भर्नादरमा लैङ्गिक समता सूचाङ्क | | १.०४ | १.० | १.० | १.० | १.० | १.० | १ |
| २.११ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर | | ८७.८ | ८९.० | ९०.२ | ९१.५ | ९२.७ | ९३.९ | १०० |
| २.१२ | आधारभूत तह (कक्षा १-८) मा कुल भर्ना दर | | ९५.६ | ९६.५ | ९७.५ | ९८.४ | ९९.४ | १००.३ | १०५ |
| २.१३ | आधारभूत तह कक्षा ८ सम्मको टिकाउ दर | | ५८.७५ | ६२.४ | ६६.० | ६९.६ | ७३.३ | ७६.९ | ९५ |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पुरा गर्ने दर | | N/A | ६८.३ | ७१.६ | ७४.९ | ७८.२ | ८१.५ | ९८ |
| २.१५ | आभारभूत तह (कक्षा १-८) मा कुल भर्नादरमा लैङ्गिक समता सूचाङ्क | | १ | १.० | १.० | १.० | १.० | १.० | १ |
| २.१६ | कक्षा ३ मा सिकाई उपलब्धि प्रतिशत | नेपाली भाषा | ५०.९ | ५३.८ | ५६.७ | ५९.६ | ६२.५ | ६५.५ | ८० |
| | | गणित | ५१.१ | ५४.० | ५६.९ | ५९.८ | ६२.७ | ६५.६ | ८० |
| २.१७ | कक्षा ५ मा सिकाई उपलब्धि प्रतिशत | नेपाली भाषा | ५०.७ | ५३.६ | ५६.५ | ५९.५ | ६२.४ | ६५.३ | ८० |
| | | गणित | ५१.५ | ५४.३ | ५७.२ | ६०.० | ६२.९ | ६५.७ | ८० |
| २.१८ | कक्षा ८ मा सिकाई उपलब्धि प्रतिशत | नेपाली भाषा | ४७.७ | ५०.९ | ५४.२ | ५७.४ | ६०.६ | ६३.९ | ८० |
| | | गणित | ४७.५ | ५०.८ | ५४.० | ५७.३ | ६०.५ | ६३.८ | ८० |
| २.१९ | विद्यालय बाहिर रहेका बालबालिका प्रतिशत | आधारभूत ( कक्षा १-५) | २.३ | २.१ | १.८ | १.६ | १.४ | १.२ | ० |
| | | आधारभूत ( कक्षा १-८) | १२.२ | ११.० | ९.८ | ८.५ | ७.३ | ६.१ | ० |
| २.२० | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कुल शिक्षकमध्ये महिला शिक्षकको प्रतिशत | | ३५.७ | ३७.१ | ३८.६ | ४०.० | ४१.४ | ४२.९ | ५० |
| **३. माध्यमिक शिक्षा (कक्षा ९-१२)** | | | | | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्नादर | | २९.९ | ३४.९ | ३९.९ | ४४.९ | ४९.९ | ५५.० | ८० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कुल भर्नादर | | ८६.३ | ८७.२ | ८८.० | ८८.९ | ८९.८ | ९०.७ | ९५ |
| ३.३ | माध्यमिक तहमा कुल भर्नादरमा लैङ्गिक समता सूचाङ्क | | १.०५ | १.० | १.० | १.० | १.० | १.० | १ |
| ३.४ | आधारभूत तहवाट माध्यमिक तहमा ट्रान्जिसन दर | | N/A | ८६.० | ८७.० | ८८.० | ८९.० | ९०.० | ९५ |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर | | N/A | ५८.० | ६१.० | ६४.० | ६७.० | ७०.० | ८५ |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर | | N/A | ५२.५ | ५५.० | ५७.५ | ६०.० | ६२.५ | ७५ |
| ३.७ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षकको प्रतिशत | | १४.३ | १६.४ | १८.४ | २०.५ | २२.६ | २४.७ | ३५ |
| ३.८ | माध्यमिक तह (कक्षा ९-१२) मा अध्ययनरत विद्यार्थी मध्ये प्राविधिक तथा व्यवसायिक शिक्षा विषयमा भर्ना भएका विद्यार्थी प्रतिशत | | N/A | २२.५ | २५.० | २७.५ | ३०.० | ३२.५ | ४५ |
| ३.९ | कक्षा १० का विद्यार्थी सिकाई उपलब्धि | नेपाली भाषा | ३६.१ | ४०.० | ४३.९ | ४७.८ | ५१.७ | ५५.५ | ७५ |
| | | गणित | ३६.४ | ४०.३ | ४४.२ | ४८.० | ५१.९ | ५५.७ | ७५ |
| | | विज्ञान | ३६.५ | ४०.४ | ४४.२ | ४८.१ | ५१.९ | ५५.८ | ७५ |
| | | अंग्रेजी | ३६.२ | ४०.० | ४३.९ | ४७.८ | ५१.७ | ५५.६ | ७५ |
| **४.जीवनपर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा** | | | | | | | | | |
| ४.१ | साक्षरता दर (१५ वर्ष भन्दा माथि) | | ४१.८ | ५९.५ | ६४.० | ६८.५ | ७३.० | ७७.५ | १०० |
| ४.२ | साक्षरता दर (६ बर्ष भन्दा माथि) | | ५०.६ | ७७.५ | ८०.० | ८२.५ | ८५.० | ८७.५ | १०० |
| ४.३ | साक्षरता दर (१५-२४ वर्ष उमेर समुह) | | ६२.५ | ८६.५ | ८८.० | ८९.५ | ९१.० | ९२.५ | १०० |
| ४.४ | साक्षरता दरमा लैगिक समता (१५ बर्ष भन्दा माथि) | | ०.७३ | ०.८ | ०.८ | ०.८ | ०.८ | ०.९ | १ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **५.प्राविधिक तथा व्यवसायिक शिक्षा र सिप विकास तालिम** | | | | | | | | |
| ५.१ | प्राविधिक तथा व्यवसायिक सिप विकास तथा तालिम प्राप्त आर्थिक रुपले सक्रिय जनशक्ति | N/A | २२.० | २४.० | २६.० | २८.० | ३०.० | ४० |
| ५.२ | प्राविधिक तथा व्यवसायिक शिक्षा (कक्षा ९-१२ वा डिप्लोमा वा प्रि-डिप्लोमा वा सो सरह) उतीर्ण जनशक्ति (वार्षिक संख्या) | N/A | २५.० | ३५.० | ४०.० | ५०.० | ६०.० | १०० |
| **घ** | | | | | | | | |
| ६.१ | आधारभुत तह (कक्षा १-५) मा विद्यार्थी-शिक्षक अनुपात (सामुदायिक विद्यालय) | ४२.७५ | ४२.० | ४१.२ | ४०.४ | ३९.७ | ३८.९ | ३५ |
| ६.२ | आधारभुत तह (कक्षा ६-८) मा विद्यार्थी-शिक्षक अनुपात (सामुदायिक विद्यालय) | १७२.८ | १५९.० | १४५.३ | १३१.५ | ११७.७ | १०३.९ | ३५ |
| ६.३ | आधारभुत तह (कक्षा १-८) मा विद्यार्थी-शिक्षक अनुपात (सामुदायिक विद्यालय) | ५३.९ | ५२.० | ५०.१ | ४८.२ | ४६.३ | ४४.५ | ३५ |
| ६.४ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थी-शिक्षक अनुपात (सामुदायिक विद्यालय) | ७२.३ | ६८.१ | ६३.८ | ५९.६ | ५५.४ | ५१.२ | ३० |
| ६.५ | माध्यमिक तह (कक्षा ९-१२) मा विद्यार्थी-शिक्षक अनुपात (सामुदायिक विद्यालय) | १२२.७ | ११३.४ | १०४.२ | ९४.९ | ८५.६ | ७६.४ | ३० |
| **७.शिक्षामा लगानी** | | | | | | | | |
| ७.१ | कुल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट प्रतिशत | ५ | ८.० | १०.० | १२.० | १४.० | १५.० | २० |
| ७.२ | आधारभुत तह (कक्षा १-८) मा प्रति विद्यार्थी सरकारी खर्च (रु.हजारमा) | ३ | ३.० | ४.० | ५.० | ७.० | १०.० | १५ |
| ७.३ | माध्यमिक तह (कक्षा ९-१२) मा प्रति विद्यार्थी सरकारी खर्च (रु.हजारमा) | २ | २.० | ३.० | ४.० | ५.० | ७.० | १० |

## सन्दर्भ सामग्रीहरु

एकिकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS)

फलैस रिपोर्ट २०७७

विद्यालय क्षेत्र विकास योजना (SSDP)

विद्यालय शिक्षा क्षेत्र योजना (SESP)

राष्ट्रिय शिक्षा निती २०७६

राष्ट्रिय पन्धौ योजना

दिगो विकास लक्ष्य

नेपालको संविधान २०७२

शिक्षा ऐन २०२८